डिलासैनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डिलासैनी, बैतडी
सुदूर पश्चिम प्रदेश नेपाल

# विद्यालय शिक्षा क्षेत्र योजना

# २०८२–२०९१

डिलासैनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डिलासैनी, बैतडी

सुदूरपश्चिम प्रदेश,   नेपाल

# विद्यालय शिक्षा क्षेत्र योजना २०८२-२०९१

**School Education Sector Plan (SESP), 2025-2034**

डिलासैनी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बैतडी

बैशाख, २०८२

©डिलासैनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,डिलासैनी बैतडी

मुद्रण प्रति    :

# अध्यक्षको मन्तव्य

शिक्षा कुनै पनि समाजको समुन्नत भविष्यको जग हो । नेपालको संविधानले शिक्षालाई नागरिकको मौलिक हकका रूपमा सुनिश्चित गरिसकेको अवस्थामा स्थानीय तहको महत्वपूर्ण जिम्मेवारी भनेको सबै बालबालिकालाई गुणस्तरीय, समावेशी, न्यायोचित र जीवनोपयोगी शिक्षा प्रदान गर्नु हो ।

डिलासैनी गाउँपालिकाको शिक्षा क्षेत्रलाई दिगो, समावेशी र सक्षम बनाउने उद्देश्यले हामीले यो **विद्यालय शिक्षा क्षेत्र योजना(२०८२-२०९१)** तयार गरेका छौं । यस योजनाले हाम्रो स्थानीय सन्दर्भ, आवश्यकताहरू, अवसरहरू, चुनौतीहरू, स्रोतहरू र सामुदायिक अपेक्षाहरूलाई मध्यनजर गर्दै आउँदा १० वर्षका लागि स्पष्ट दिशानिर्देश प्रस्तुत गर्दछ ।

योजना निर्माणको क्रममा सरोकारवाला संस्थाहरू, शिक्षक, विद्यालय व्यवस्थापन समिति, समुदाय, विद्यार्थी, अभिभावक, शिक्षा जानकार, संघ-प्रदेशका नीतिगत दस्तावेज तथा तथ्याङ्कमा आधारित विश्लेषणमार्फत सुझाव संकलन गरिएको छ । यसको निर्माणमा सहभागितामूलक र तथ्यमा आधारित विधिलाई आत्मसात गरिएको छ, जसले गर्दा योजना केवल कागजी दस्तावेज मात्र नभई समग्र डिलासैनी गाउँपालिकाको विद्यालय शिक्षा क्षेत्रको कार्यान्वयनमुखी मार्गचित्र कोरिएको छ ।

योजनाको प्रभावकारी कार्यान्वयनबाट शिक्षामा गुणात्मक सुधार, शैक्षिक पहुँच विस्तार, शिक्षक दक्षता विकास र सिकाइ उपलब्धिमा उल्लेखनीय वृद्धि हुनेछ भन्ने पूर्ण विश्वास लिएको छु । यसका लागि गाउँ कार्यपालिकाको कार्यालय डिलासैनीको तर्फबाट आवश्यक स्रोतको व्यवस्थापन, अनुगमन संयन्त्रको सुदृढीकरण र सहकार्यका लागि सदैव तयार रहनेछु ।

अन्त्यमा, योजना निर्माणमा सहयोग गर्ने सहयोगी निकाय सामुदायिक विकास केन्द्र डोटी, स्थानीय स्तरमा गठित योजना निर्माण कार्यदल, सरोकारवाला, शिक्षक, कर्मचारी, प्राविधिक र समुदायप्रति आभार प्रकट गर्दै डिलासैनी गाउँपालिकाको दश वर्षे **विद्यालय शिक्षा क्षेत्र योजना(२०८२-२०९१)**ले समग्र शिक्षा स्थितिमा सुधार ल्याउनेछ भन्ने पूर्ण अपेक्षा गर्दछु ।

**सन्तोष प्रकाश जोशी**
अध्यक्ष
डिलासैनी गाउँपालिका, बैतडी

डिलासैनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डिलासैनी, बैतडी
सुदूर पश्चिम प्रदेश नेपाल

# उपाध्यक्षको मन्तव्य

स्थानीय तहको शिक्षामा नीतिगत स्पष्टता, स्रोतको लक्षित परिचालन, पहुँच र समावेशी शिक्षामा सुधारका लागि दीर्घकालीन रणनीतिक योजना आवश्यक हुन्छ । यसै आवश्यकता अनुरूप डिलासैनी गाउँपालिकाले तयार गरेको **विद्यालय शिक्षा क्षेत्र योजना (२०८२-२०९१ )**एक दूरदर्शी दस्तावेज हो, जसले हाम्रो शिक्षाको मार्गचित्र तयार गरेको छ ।

योजनाले शिक्षाको पहुँच, गुणस्तर, समावेशिता, प्रविधिको उपयोग, लैङ्गिक समानता, शिक्षक व्यवस्थापन र छात्रवृत्तिको समान वितरणजस्ता विषयहरूलाई प्राथमिकताका साथ समेटेको छ । शिक्षामा लैङ्गिक समावेशिता र सामाजिक न्याय संस्थागत गर्न आवश्यक संरचनात्मक सुधार, सचेतना अभिवृद्धि र सीमान्तकृत समुदायमा विशेष हस्तक्षेप कार्यक्रमको आवश्यकता यस योजनाले औंल्याएको छ । त्यसैले यो योजना शिक्षालाई सबैका लागि पहुँचयोग्य र गुणस्तरीय बनाउने दिशामा अग्रसर हुने कुरामा विश्वाश गरिएको छ ।

म विश्वास गर्दछु कि योजना कार्यान्वयनका क्रममा सबै सरोकारवाला तहहरूले जिम्मेवारीपूर्वक हातेमालो गर्दै अघि बढ्नेछन् र यसले समग्र डिलासैनीको शिक्षा क्षेत्रमा एमक नयाँ आयाम थप्नेछ । यस योजनाले सीमान्तकृत वर्गका बालबालिकाको शिक्षा सुनिश्चित गर्दै उनीहरूलाई अवसरको मूल प्रवाहमा ल्याउनेछ ।

अन्त्यमा सबै योजना निर्माण टोलीप्रति धन्यवाद व्यक्त गर्दै यस योजनालाई सबैले व्यवहारमा उतार्ने संकल्प लिने अपेक्षा राख्दछु ।

**भगीरथ बोहरा**
उपाध्यक्ष
डिलासैनी गाउँपालिका, बैतडी

# प्रमुख प्रशासकीय अधिकृतको मन्तव्य

स्थानीय तहमा नीति र कार्यान्वयनको दायित्व बीच सशक्त समन्वय आवश्यक हुन्छ । यसै सन्दर्भमा डिलासैनी गाउँपालिकाले तयार पारेको **विद्यालय शिक्षा क्षेत्र योजना (२०८२-२०९१)**ले हाम्रो शैक्षिक दृष्टिकोणलाई व्यवस्थित बनाउँदै कार्यान्वयन योग्य मार्गचित्र प्रदान गरेको छ ।

यस योजनाले स्थानीय स्तरमा शिक्षाको वर्तमान अवस्था, चुनौती, स्रोत, अवसर र सुधारका सम्भावनाहरूको विस्तृत विश्लेषण गरेको छ । यस योजना मार्फत शिक्षा प्रशासन, शिक्षक व्यवस्थापन, बजेट प्रणाली, शिक्षा गुणस्तर, पूर्वाधारको अभाव, बालबालिकाको विद्यालय बहिर्गमन जस्ता समस्यालाई समाधान गर्न दीर्घकालीन कार्यदिशा प्रस्ताव गरिएको छ ।

प्रशासनिक हिसाबले, यो योजना केवल शिक्षा युवा तथा खेलकुद शाखाको मात्र नभई सम्पूर्ण गाउँपालिकाको साझा दस्तावेज हो । कार्यक्रम, बजेट, स्रोत परिचालन, अनुगमन, मूल्याङ्कन र सेवा प्रवाहमा योजनामा आधारित भई काम गर्न सके मात्र सार्वजनिक सेवा प्रभावकारी हुन सक्छ भन्ने हाम्रो अनुभव हो । यस योजनाले त्यसैको सुनिश्चितता गर्दछ । हामी यो योजनालाई गाउँपालिकाको नीति, बजेट तथा वार्षिक कार्ययोजनासँग समन्वय गरी चरणबद्ध रूपमा कार्यान्वयनमा लैजाने प्रतिबद्धता व्यक्त गर्दछौं । तथ्यमा आधारित अनुगमन प्रणाली, शिक्षकको दक्षता वृद्धि र सिकाइको मापन प्रणाली सुदृढ गर्न यो योजना कोसेढुङ्गा बन्नेछ भन्ने पूर्ण विश्वास गरिएको छ ।

सहभागितामूलक योजना निर्माणमा योगदान गर्ने सबै प्रति आभार प्रकट गर्दै, आगामी दिनमा पनि निरन्तर सहकार्यको अपेक्षा राख्दछु ।

**गणेश सिह वोहरा**
प्रमुख प्रशासकीय अधिकृत
डिलासैनी गाउँपालिका, बैतडी

# शिक्षा युवा तथा खेलकुद शाखा प्रमुखको मन्तव्य

**विद्यालय शिक्षा क्षेत्र योजना (२०८२-२०९१)** हाम्रो गाउँपालिकाको शैक्षिक सुधारको आधार स्तम्भ हो । शिक्षा युवा तथा खेलकुद शाखाले विद्यालय स्तरमा देखिएका समस्या, सम्भावना, आवश्यकता, स्रोत, तथा समावेशी शिक्षाका चुनौतीहरूलाई सूक्ष्म रूपमा मूल्याङ्कन गर्दै यो योजना तयार गरेको हो।

यो योजना केवल नीतिगत दस्तावेज मात्र नभई कार्यान्वयनमुखी रूपरेखा हो, जसमा शिक्षक व्यवस्थापन, विद्यार्थीको सिकाइ उपलब्धि, न्यूनतम सिकाइ स्तर, छात्रवृत्तिको समान वितरण, डिजिटल प्रविधिको उपयोग, विद्यालय पूर्वाधार लगायतका आयामलाई सशक्त रूपमा सम्बोधन गरिएको छ ।

शिक्षा युवा तथा खेलकुद शाखाको दायित्व योजनाको कार्यान्वयन, अनुगमन, नतिजा मूल्याङ्कन र समन्वय हो । यस योजनाले हामीलाई ठोस लक्ष्य, सूचक, रणनीति र अपेक्षित उपलब्धि निर्धारण गर्ने अवसर दिएको छ । अबको मार्ग भनेको यो योजनालाई यथार्थमा रूपान्तरण गर्ने हो जसका लागि हामी पूर्ण रूपमा प्रतिबद्ध छौं ।

योजनाको सफल कार्यान्वयन गर्न आवश्यक स्रोतको समायोजन, शिक्षक प्रशिक्षण, अनुगमन संयन्त्र निर्माण, विद्यालयको कार्यसम्पादन मूल्याङ्कन तथा शिक्षा बजेटमा पारदर्शिता अनिवार्य हुनेछ भन्ने हाम्रो बुझाइ छ । यसलाई सुनिश्चित गर्न शिक्षा युवा तथा खेलकुद शाखा निरन्तर क्रियाशील रहनेछ ।

यो योजना निर्माण कार्यमा प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्ण कार्यपालिका सदस्य ज्यू योजना निर्माण टोली, सरोकारवाला समूह, विद्यालय, शिक्षक, अभिभावक, विद्यार्थी तथा प्राज्ञिक व्यक्तित्व सामुदायिक विकास केन्द्र डोटी लगायत सम्पूर्ण महानुभावहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**महादेव भट्ट**
शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख
डिलासैनी गाउँपालिका, बैतडी

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डिलासैनी, बैतडी
सुदूर पश्चिम प्रदेश नेपाल

## विषयसूची

**परिच्छेद१ : परिचय**

१.१वर्तमानअवस्था

१.२मुख्यसमस्यातथाचुनौतीकोविश्लेषण

**परिच्छेद२ : दूरदृष्टि, उद्देश्य, रणनीतितथालक्ष्यनिर्धारण**

२.१स्थानीयतहमाशिक्षायोजनानिर्माणगर्दालिनुपर्नेआधार

२.२दूरदृष्टि

२.३लक्ष्य

२.४उद्देश्य

२.५रणनीति

२.६कार्यनीति

२.७अपेक्षितमुख्यउपलब्धि

२.८मुख्यकार्यसम्पादनसूचकरलक्ष्यनिर्धारण

**परिच्छेद३ : शिक्षाकामुख्यउपक्षेत्र**

३.१प्रारम्भिकवालविकासरशिक्षा

३.२आधारभूतशिक्षा

३.३माध्यमिकशिक्षा

३.४प्राविधिकशिक्षातथाव्यवसायिकतालिम

३.५अनौपचारिक तथा निरन्तर शिक्षा

**परिच्छेद४ : अन्तरसम्बन्धितविषयतथाक्षेत्र**

४.१पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइसामग्रीतथामूल्याङ्कन

४.२शिक्षकव्यवस्थापनतथाविकास

४.३शैक्षिकसमतारसमावेशीकरण

४.४विद्यालयपोषणतथास्वास्थ्यकार्यक्रम

४.५विद्यालयसुरक्षा, विपदन्यूनीकरणतथाउत्थानशीलता

४.६विद्यालयभौतिकपूर्वाधारविकास
४.७विद्यालयमासूचनातथासञ्चारप्रविधि
**परिच्छेद५ : अन्यउपक्षेत्र**
५.१छात्रवृत्ति
**परिच्छेद६ : सुशासनतथाव्यवस्थापन**
६.१विद्यालय सुशासन तथा व्यवस्थापन
६.२स्थानीयशिक्षायोजनाकार्यान्वयनकोप्रवन्ध
**परिच्छेद७ : लगानीरस्रोतव्यवस्थापन**
**परिच्छेद८ : अनुगमनतथामूल्याङ्कन**
सन्दर्भसामग्री

# परिच्छेद १
# परिचय

बैतडी जिल्लाको उत्तर–पश्चिम भागमा अवस्थित डिलासैनी गाउँपालिका, बैतडी जिल्लाका ६ (छ) वटा गाउँपालिकामध्ये एक हो। पहाडी भौगोलिक स्वरूप बोकेको यस गाउँपालिकाबैतडी जिल्लाकै भू–स्वरूप झल्काउने क्षेत्रका रूपमा चिनिन्छ। डिलासैनी गाउँपालिका साविकका पाँच वटा गाविसहरूकोटपेटरा, रुद्रेश्वर, मठैराज, डिलासैनी र गोकुलेश्वरगाभिएर बनेको हो।

हालको संघीय संरचनाअनुसार सुदूरपश्चिम प्रदेशअन्तर्गत पर्ने यस गाउँपालिकाको कुल क्षेत्रफल१२५.२८ वर्ग कि.मी.रहेको छ, जुन बैतडी जिल्लाको कुल क्षेत्रफलको८.२४ प्रतिशतहो। यो गाउँपालिका२९°१८" देखि २९°४१" उत्तरी अक्षांशर८०°१९" देखि ८०°८१"पूर्वी देशान्तरभित्र फैलिएको छ। बैतडी सदरमुकामबाट करिब९० किलोमिटर उत्तर–पश्चिममा अवस्थित यस पालिकाको सिमाना पूर्वमाबझाङ जिल्लाको बुंगल नगरपालिका,

पश्चिममादार्चुला जिल्लाको शैल्यशिखर नगरपालिका, उत्तरमादार्चुलाको मार्मा गाउँपालिकार दक्षिणमादोगडाकेदार गाउँपालिका तथा पुर्चौडी नगरपालिकासँग जोडिएको छ।

यस क्षेत्रको हावापानी समशीतोष्णदेखि शीतोष्ण प्रकारको रहेको छ। अधिकांश भू–भाग वनजंगलले ओगटेको यस गाउँपालिकामा उब्जाउ जमिनसमेत प्रशस्त रहेको हुँदा खाद्यान्न उत्पादनका दृष्टिकोणले उपयुक्त मानिन्छ। यहाँका बासिन्दाहरूको प्रमुख जीविकाको आधार कृषि, पशुपालन, व्यापार–व्यवसाय तथा स्वदेश–विदेशमा रोजगारी हो।

डिलासैनी गाउँपालिका धार्मिक तथा पर्यटकीय दृष्टिले समेत समृद्ध मानिन्छ। यहाँका प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरूमाखुमटको दुर्गा भवानी मन्दिर, कोटेश्वर गुफा, झलेको मजुउने डाँडा, गन्नाको समैजी मन्दिर, गनैखान डाँडा, गोकुलेश्वरको देवझाडी, धामीगाउँको डिलासैनी मन्दिर, पुजरीगाउँको कफलाशैनी मन्दिर, मठैराज मन्दिर, रद्वारीको शिलाभगवती मन्दिरप्रमुख छन्।

यहाँका सबै समुदायलेगौरा पर्व, बिसु पर्व, नरहरी पर्व, ओल्के पर्वलगायतका सांस्कृतिक चाडपर्वहरू उत्साहपूर्वक मनाउँदै आएका छन्। यी पर्वहरूले यस क्षेत्रको सांस्कृतिक पहिचानलाई झल्काउने गर्छन्।

## १.१ वर्तमान अवस्था

प्रशासनिक रूपमा सात वडामा विभाजित डिलासैनी गाउँपालिकामा शैक्षिक सत्र २०८२ सम्ममा कुल ५६ वटा विद्यालय सञ्चालनमा रहेका छन् । तीमध्ये सामुदायिक माध्यमिक विद्यालय १३ वटा, सामुदायिक आधारभूत विद्यालय (कक्षा १ देखि ८ सम्म) ८ वटा, सामुदायिक तथा संस्थागत आधारभूत विद्यालय (कक्षा १ देखि ५ सम्म) २१ वटा, र सामुदायिक आधारभूत

विद्यालय (कक्षा १ देखि ३ सम्म) १४ वटा रहेका छन् । साथै, ६ वटा समुदायमा आधारित प्रारम्भिक बाल विकास कक्षाहरू पनि सञ्चालनमा छन् ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रअन्तर्गत प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्ने एक सामुदायिक विद्यालय, प्राविधिक शिक्षा तथा व्यावसायिक परिषद् (CTEVT) अन्तर्गत एक माध्यमिक विद्यालय, एक संघीय नमूना विद्यालय, र स्थानीय तहबाट सञ्चालित चार वटा नमूना विद्यालयहरू रहेका छन् । प्रारम्भिक बाल विकास शिक्षामा हाल संघीय अनुदानबाट ४७ जना र स्थानीय तहबाट ३० जना गरी जम्मा ७७ जना वाल विकास सहजकर्ता खटाइएको छ ।

शिक्षक दरबन्दीको हिसाबले प्राथमिक तह (कक्षा १–५) मा स्थायी दरबन्दीमा ७९ जना र राहत कोटामा ३७ जना गरी ११६ जना शिक्षक कार्यरत छन् । निम्न माध्यमिक तह (कक्षा ६–८) मा स्थायी ११ र राहत ११ सहित जम्मा २२ जना शिक्षक छन् भने माध्यमिक तह (कक्षा ९–१२) मा स्थायी ६ र राहत १० जना गरी १६ जना शिक्षक छन् । उच्च माध्यमिक तहका लागि ११ वटा राहत कोटा उपलब्ध छन् । प्राविधिक धारमा ४ जना प्रशिक्षक र २ जना सहायक प्रशिक्षक रहेका छन् । शिक्षण सहयोग अनुदान कार्यक्रमअन्तर्गत १७ जना माध्यमिक तह र १० जना निम्न माध्यमिक विद्यालयमा शिक्षकहरू कार्यरत छन् ।

शिक्षक–विद्यार्थी अनुपात सन्तुलन गर्न, नपुग शिक्षकको व्यवस्थापन गर्न तथा शैक्षिक गुणस्तरमा सुधार ल्याउने उद्देश्यले पालिकाले स्वयंसेवक शिक्षक तथा कर्मचारी परिचालन गरेको छ । हाल माध्यमिक तहमा १६ जना, निम्न माध्यमिक तहमा ४६ जना, र प्राथमिक तहमा ६४ जना गरी कुल १२९

जना स्वयंसेवक शिक्षक कार्यरत छन् । त्यस्तै, स्थानीय स्वयंसेवक कर्मचारीतर्फ लेखापाल १ जना र विद्यालय सहयोगी ८ जना कार्यरत छन् ।

उच्च शिक्षाका लागि डिलासैनी गाउँपालिकामा दुई वटा क्याम्पस सञ्चालनमा छन्, जसमा कृषि तथा पशु विज्ञान संकाय र बहुमुखी क्याम्पस रहेका छन्, जहाँ स्नातक तहसम्मको अध्ययन गरिन्छ । यस पालिकाले कक्षा १ देखि ८ सम्मका लागि स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । सामुदायिक विद्यालयमा नपुग शिक्षकको व्यवस्था स्थानीय स्रोतबाट गरिएको छ । शिक्षासम्बन्धी ऐन, नियम, निर्देशिका तथा कार्यविधिहरू तयार पारेर कार्यान्वयनमा ल्याइएको छ ।शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विविध कार्यक्रमहरू सञ्चालन गरिएको छ। गाउँपालिकाले शैक्षिक सम्मेलन, विज्ञान प्रदर्शनी, दलित विद्यार्थी सशक्तिकरणका लागि शैक्षिक सामग्री वितरण, शिक्षकहरूको लागि सूचना तथा सञ्चार प्रविधिमा आधारित , पाठ्यक्रम प्रबोधिकरण, तथा जेहेन्दार तथा विपन्न परिवारका विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान कार्यक्रम सञ्चालन गर्दै आएको छ । यस्तै, दुई जना विद्यार्थीलाई एम.बी.बी.एस. अध्ययनका लागि छात्रवृत्ति र प्रत्येक वडाबाट एक–एक जनालाई प्राविधिक विषयको प्रमाणपत्र तहमा छात्रवृत्ति दिइएको छ।

गैरसरकारी संस्था एनसेल र एड चेन्ज नेपालसँगको सहकार्यमा विषयगत शिक्षक र प्रधानाध्यापकहरूका लागि , विद्यालय व्यवस्थापन समिति पदाधिकारी तथा अभिभावकहरूका लागि अभिभावक शिक्षा तथा  कार्यक्रमहरू सञ्चालन गरिएको छ। त्यसअन्तर्गत उपचारात्मक कक्षा अवलोकनसम्बन्धी कार्यक्रमहरू समेत सम्पन्न भएका छन्।

विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि सबै सामुदायिक विद्यालयहरूमा ह्वाइट बोर्ड, कार्पेट, पी–फम, पेन ड्राइभ, माध्यमिक

विद्यालयहरूमा प्रोजेक्टर, विजुली नभएका विद्यालयहरूमा सोलार सेट, डेस्क–बेञ्च र राउन्ड टेबल लगायतका शैक्षिक सामग्रीहरू वितरण गरिएको छ। यी प्रयासहरूले पालिकाभित्र शैक्षिक पहुँच, गुणस्तर र व्यवस्थापनमा उल्लेखनीय सुधार ल्याएको देखिन्छ।

**संयुक्तराष्ट्रसंघीयबालअधिकारमहासन्धी**

संयुक्त राष्ट्रसंघको महासभाबाट सन् १९८९ नोभेम्बर २० तारिखका दिन घोषणा गरिएको बालअधिकार महासन्धिअनुसार, धारा २८ मा सबै बालबालिकालाई शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरिएको छ। उक्त धारामा कम्तीमा प्राथमिक शिक्षा अनिवार्य र निःशुल्क रूपमा उपलब्ध गराउनु सम्बन्धित राष्ट्रहरूको दायित्व हो भन्ने कुरा स्पष्ट उल्लेख गरिएको छ।

त्यस्तै, धारा २९ मा शिक्षा बालबालिकाको व्यक्तित्व विकास, प्रतिभा अभिवृद्धि, र बौद्धिक क्षमताको समुचित विकासतर्फ निर्देशित हुनुपर्ने कुरामा जोड दिइएको छ। साथै, धारा ३२ मा बालबालिकालाई स्वास्थ्य, शिक्षा, र समग्र विकासमा हानि पुग्ने खालका काममा संलग्न गराउन नहुने अर्थात् बालश्रम गराउन निषेध गरिएको छ।

**दिगोविकासलक्ष्यहरू (२०३०सम्म)**

सन् २०३० सम्म विश्वव्यापी रूपमै विकासका निश्चित उद्देश्यहरू हासिल गर्नका लागि संयुक्त राष्ट्रसंघद्वारा१७ वटा दिगो विकास लक्ष्यहरू (SDGs) निर्धारण गरिएको छ। तीमध्येलक्ष्य नम्बर ४शिक्षासँग सम्बन्धित छ, जसलेसार्वभौमिक, समावेशी, समानतामा आधारित, गुणस्तरीय शिक्षासुनिश्चित गर्ने तथाजीवनपर्यन्त सिकाइका अवसरहरू उपलब्ध गराउनेविषयमा जोड दिएको छ।

नेपालले पनि सन् २०३० सम्ममा सबैका लागि समावेशी र गुणस्तरीय शिक्षाको पहुँच विस्तार गर्न तथा निरन्तर सिकाइको सुनिश्चितता गर्न प्रतिबद्धता जनाएको छ।

## चालु सोह्रौं पञ्चवर्षीय योजना (२०८१/०८२-२०८५/०८६)

राष्ट्रिय योजना आयोगले प्रस्तुत गरेको चालु सोह्रौं पञ्चवर्षीय योजना (२०८१/०८२–२०८५/०८६) मा शिक्षा क्षेत्रलाईसामाजिक रुपान्तरणको आधारका रूपमा लिइएको छ। उक्त योजनालेसमावेशी, गुणस्तरीय, जीवनोपयोगी, प्रविधिमैत्री र रोजगारमुखी शिक्षा प्रणाली निर्माणगर्ने दूरदृष्टि प्रस्तुत गरेको छ। यसले शिक्षालाई मानव पूँजी विकासको मेरुदण्डको रूपमा स्थापित गर्ने लक्ष्य लिएको छ, जसअनुसार शिक्षाको पहुँच, गुणस्तर, दक्षता र समावेशीतामा सुधार ल्याउने विविध कार्यक्रमहरूको परिकल्पना गरिएको छ।

## नेपालकोसंविधान

नेपालको संविधान २०७२ कोभाग ३ अन्तर्गत धारा ३१ मा शिक्षा सम्बन्धी हकसुनिश्चित गरिएको छ। सो अनुसार, प्रत्येक नागरिकलाईआधारभूत शिक्षामा पहुँचको हकहुने व्यवस्था गरिएको छ। साथै, राज्यबाट आधारभूत तहसम्मको शिक्षाअनिवार्य र निःशुल्कतथा माध्यमिक तहसम्मको शिक्षानिःशुल्कप्रदान गरिने उल्लेख छ। अपाङ्गता भएका तथा आर्थिक रूपमा विपन्न नागरिकलाई कानून बमोजिमनिःशुल्क उच्च शिक्षाप्राप्त गर्ने हक सुनिश्चित गरिएको छ। दृष्टिविहीन नागरिकलाईब्रेल लिपितथा बहिरा र स्वरबोल सम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूलाईसाङ्केतिक भाषाको माध्यमबाट निःशुल्क शिक्षा उपलब्ध गराउने अधिकार संविधानमा प्रत्याभूत गरिएको छ।

यस्तै, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नैमातृभाषामा शिक्षा प्राप्त गर्ने, विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक संविधानले प्रदान गरेको छ। त्यस्तैधारा ३९ मा बालबालिकाको हकअन्तर्गत बालबालिकालाई परिवार र राज्यबाटशिक्षा तथा प्रारम्भिक बालविकासको हकहुनेछ भन्ने व्यवस्था गरिएको छ।

संविधानकोभाग ४ अन्तर्गत राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वमा शिक्षा सम्बन्धी महत्वपूर्ण नीतिहरू उल्लेख गरिएका छन्। तीमध्ये,

शिक्षालाईवैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमुखी र जनमुखीबनाउने तथासक्षम, प्रतिस्पर्धी, नैतिक र राष्ट्रिय हितप्रति समर्पित जनशक्ति उत्पादनगर्ने लक्ष्य लिइएको छ। शिक्षा क्षेत्रमा राज्यको लगानी वृद्धि गर्दैनिजी क्षेत्रको लगानीलाई नियमन र सेवामूलकबनाउने नीतिगत मार्गदर्शन दिइएको छ। उच्च शिक्षालाई क्रमशःसहज, गुणस्तरीय र पहुँचयोग्यबनाउँदैनिःशुल्कतर्फ लैजाने, तथा नागरिकको व्यक्तित्व विकासका लागिसामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना तथा प्रवर्द्धनगर्ने नीति पनि संविधानमा उल्लेख गरिएको छ।

त्यस्तै, संविधानकोअनुसूची ८ मा आधारभूत तथा माध्यमिक शिक्षा स्थानीय तहको एकल अधिकारको रूपमा, रअनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीअन्तर्गतशिक्षा, खेलकुद र पत्रपत्रिकासम्बन्धी व्यवस्थाहरू समावेश गरिएका छन्। यसबाट स्पष्ट हुन्छ कि शिक्षा नेपालको संविधानमा सुनिश्चित गरिएको आधारभूत हक मात्र होइन, सामाजिक रुपान्तरणको प्रमुख उपकरणको रूपमा समेत स्थापित गरिएको छ।

**स्थानीयसरकारसञ्चालनऐन, २०७४**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कोपरिच्छेद ३ को दफा ११अन्तर्गत गाउँपालिका तथा नगरपालिकाका काम, कर्तव्य र अधिकारहरू उल्लेख गरिएको छ। सो दफाकोउपदफा (ज)माआधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी जिम्मेवारी र व्यवस्थास्पष्ट रूपमा निर्दिष्ट गरिएको छ। यसले स्थानीय सरकारलाई विद्यालय शिक्षा व्यवस्थापन, गुणस्तर अभिवृद्धि, शिक्षक व्यवस्थापन, शैक्षिक पूर्वाधार निर्माण तथा अनुगमन–मूल्याङ्कन लगायतका कार्यहरूमा अग्रसर र उत्तरदायी बनाएको छ।

**राष्ट्रिय शिक्षा नीति,२०७६**

नेपाल सरकारद्वारा मिति२०७६ कार्तिक १८ गते स्वीकृत र सार्वजनिकगरिएकोराष्ट्रिय शिक्षा नीति, २०७६ले देशको शिक्षा प्रणालीलाई

समग्र रूपले रूपान्तरण गर्ने उद्देश्य राखेको छ। यस नीतिमादूरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीतिहरूसमावेश गरिएको छ। कुल५५ ओटा नीतिहरूविस्तृत रूपमा प्रस्तुत गरिएका छन्, जसमासंघीय, प्रदेश र स्थानीय सरकारहरूको विशिष्ट जिम्मेवारीहरूपनि स्पष्ट रूपमा तोकिएको छ।

उक्त नीतिले "शिक्षित, सभ्य, स्वस्थ र सक्षम जनशक्ति; सामाजिक न्याय, रुपान्तरण र समृद्धि" कोदूरदृष्टिप्रस्तुत गर्दै, देशको आवश्यकता अनुरूपप्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी शिक्षा प्रणालीनिर्माण गर्नेलक्ष्यलिएको छ। यस नीतिले सबै तहको शिक्षालाई गुणस्तरपूर्ण र प्रयोगात्मक बनाउँदै शिक्षा क्षेत्रलाईमानव संसाधन विकासको प्रमुख आधारबनाउने नीति अघि सारेको छ।

**डिलासैनी गाउँपालिकाको वर्तमान शैक्षिक संस्थाको विवरणको अवस्थाः**

यस गाउँपालिकामा हाल प्रारम्भिक बालविकास देखि स्नातक तहसम्मको अध्ययन अधयापन हुन्छ । जसको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः-

**तालिका १**

**शैक्षिक संस्थाहरुको तहगत विवरणः २०८१**

| कक्षा १-३ | कक्षा १-५ | कक्षा १-८ | कक्षा १-१० | कक्षा १-१२ | जम्मा | गोकुलेश्वर कृषि तथा पशु विज्ञान क्याम्पस | वाल विकास केन्द्र हरु | सेटीगाउ बहुमुखी क्याम्पस | सामुदायिक सिकाई केन्द्रहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| १४ | २२ | ८ | ८ | ५ | ५७ | १ | ६० | १ | ३ |

स्रोत: IEMIS डिलासैनी शिक्षा, युवा तथा खेलकुद शाखा, बैतडी ।

डिलासैनी गाउँपालिकामा कुल ५७ विद्यालय सञ्चालनमा छन्, जसमध्ये ५६ वटा सामुदायिक र १ वटा संस्थागत विद्यालय रहेका छन् । विद्यालयहरूको तहगत संरचनामा प्राथमिक तह (कक्षा १–५) का विद्यालयहरू सबैभन्दा धेरै २२ वटा छन्, जसले प्रारम्भिक शिक्षामा पहुंच सुदृढ गरेको संकेत गर्दछ । माध्यमिक स्तर (कक्षा ९–१२) सम्मका विद्यालयको संख्या भने कम देखिन्छ, जसबाट माध्यमिक तहको पहुँच अझै विस्तार गर्नु पर्ने आवश्यकता देखिन्छ ।

प्रारम्भिक बाल विकास कार्यक्रम अन्तरगत विद्यालयमा आधारित ५४ र समुदायमा आधारित ६ गरी जम्मा ६० केन्द्रहरू सञ्चालनमा छन्, जसले बालबालिकाको प्रारम्भिक शिक्षामा सकारात्मक प्रभाव पार्ने अपेक्षा गर्न सकिन्छ। यस्तै, वडा नं. ३, ५ र ७ मा रहेका ३ वटा सामुदायिक सिकाइ केन्द्रहरूले आजीवन सिकाइको प्रवर्धनमा योगदान दिइरहेको देखिन्छ । साथै, गोकुलेश्वर कृषि तथा पशु विज्ञान क्याम्पस र सेटीगाउँ बहुमुखी क्याम्पस गरी २ वटा क्याम्पसहरूले उच्च शिक्षामा स्थानीय पहुँच सुनिश्चित गर्न मद्दत पुर्याइरहेका छन् ।

**तालिका २**

**सम्पूर्ण विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको कक्षागत विवरण २०८१**

| कक्षा | छात्रा | छात्र | जम्मा | |
|---|---|---|---|---|
| **बालविकास (नर्सरी)** | **३४८** | **३७९** | **७२७** | |
| कक्षा १ | ३५८ | ३२४ | ६८२ | |
| कक्षा २ | २६८ | २६० | ५२८ | |
| कक्षा ३ | २५६ | २४० | ४९६ | |

| | | | | |
|---|---|---|---|---|
| कक्षा ४ | २५२ | २३८ | ४९० | |
| कक्षा ५ | २५२ | २४० | ४९२ | |
| **कक्षा १-५** | **१३८६** | **१३०२** | **२६८८** | |
| कक्षा ६ | २६२ | २५८ | ५२० | |
| कक्षा ७ | २७८ | २३७ | ५१५ | |
| कक्षा ८ | २८१ | २७८ | ५५९ | |
| **कक्षा ६-८** | **८२१** | **७७३** | **१५९४** | |
| कक्षा ९ | २१२ | २१० | ४२२ | |
| कक्षा १० | २७९ | २६९ | ५४८ | |
| **कक्षा ९-१०** | **४९१** | **४७९** | **९७०** | |
| कक्षा ११ | २१४ | २२७ | ४४१ | |
| कक्षा १२ | २४२ | २५८ | ५०० | |
| **कक्षा ११-१२** | **४५६** | **४८५** | **९४१** | |
| **जम्मा** | **३५०५** | **३४१८** | **६९२०** | |

स्रोतः IEMIS, CEHRD, 2081, डिलासैनि गा पा, शिक्षा, यूवा तथा खेलकुद शाखा, बैतडी ।

डिलासैनी गाउँपालिकाका सम्पूर्ण विद्यालयहरूमा शैक्षिक सत्र २०८१ अनुसार कुल६,९२० जना विद्यार्थीअध्ययनरत छन्, जसमा३,५०५ जना छात्रार३,४१८ जना छात्ररहेका छन् । यसले समग्रमालैङ्गिक समता सन्तुलितरहेको संकेत गर्छ । प्रारम्भिक तह अन्तर्गत बाल विकास कक्षामा७२७ जना (३४८ छात्रा र ३७९ छात्र) विद्यार्थी रहेको देखिन्छ,

जसले बालबालिकाको प्रारम्भिक शिक्षामा सहभागिता उत्साहजनक रहेको देखाउँछ । कक्षा १ देखि ५ सम्मकोप्राथमिक तहमा २,६८८ जना विद्यार्थीछन्, जसमा छात्रा संख्या छात्रभन्दा थोरै बढी छ, जुन प्राथमिक शिक्षाको पहुँच राम्रो रहेको संकेतक हो ।

निम्न माध्यमिक तह (कक्षा ६–८) मा१,५९४ जना विद्यार्थीरहेका छन्, जसमा छात्रा र छात्रको संख्या क्रमशः ८२१ र ७७३ रहेका छन् । माध्यमिक तह (कक्षा ९–१०) मा विद्यार्थी संख्या घटेर९७० जनापुगेको छ, जसमा छात्रा ४९१ र छात्र ४७९ छन्। उच्च माध्यमिक तह (कक्षा ११–१२) मा पनि विद्यार्थी संख्या थोरै घट्दै९४१ जनामाझरेको छ। कक्षा १२ सम्म आइपुग्दा छात्रा र छात्रको संख्या क्रमशः ४५६ र ४८५ रहेको पाइन्छ।

शैक्षिक तह बढ्दै जाँदा विद्यार्थी संख्या घट्दै गएको देखिनु केहीचुनौतीको संकेतहो, जस्तै -ड्रोपआउट दर, दोहोरिने दर, आर्थिक अवस्था, वा शिक्षामा पहुँचसम्बन्धी अवरोध। विशेषतः कक्षा १ मा ६८२ जना विद्यार्थी रहे पनि कक्षा १० मा पुग्दा संख्या घटेर ५४८ मात्र हुनुले माध्यमिक तहसम्म शिक्षाको नियमित प्रवाहमा गिरावट देखाउँछ। तथापि, समग्रमा विद्यार्थीहरूको सहभागिता तथा लैङ्गिक सन्तुलन सन्तोषजनक देखिन्छ, जुन स्थानीय तहको प्रयास र अभिभावकीय सहभागिताको सकारात्मक परिणाम हो।

तालिका ३

**सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षक, कर्मचारी तथा बालविकास सहजकर्ताको विवरणः २०८१**

| क.स. | तह/पद | स्थायी दरवन्दी | राहत/अनुदान | शिक्षण सिकाई अनुदान | स्वयंसेवक | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | बालविकास शिक्षक | - | ४७ | - | ३० | **७७** |
| २.. | आधारभूतशिक्षक ( १-५) | ७९ | ३७ | - | ६४ | **१८०** |
| ३. | आधारभूतशिक्षक ( ६-८) | ११ | ११ | १० | ४६ | **७८** |
| ४. | माध्यमिक शिक्षक (९-१०) | ६ | १० | १७ | १२ | **४५** |
| ५. | माध्यमिक शिक्षक (११-१२) | - | ११ | - | २ | **१३** |
| ६. | विद्यालय सहायक | - | ११ | - | १ | **१२** |
| ७. | विद्यालय सहयोगी | - | ५५ | - | १ | **५६** |
| ८. | सा.सि.के.सहजकर्ता | - | ३ | - | - | **३** |
| | **जम्मा** | **९६** | **१८५** | **२७** | **१५६** | ४६४ |

स्रोतः डिलासैनि गा पा, शिक्षा, यूवा तथा खेलकुद शाखा, बैतडी ।

शैक्षिक सत्र २०८१ अनुसार डिलासैनी गाउँपालिकाका सामुदायिक विद्यालयहरूमा कार्यरत शिक्षक, कर्मचारी तथा बाल विकास सहजकर्ताहरूको संख्या कुल४६४ जनामध्येस्थायी दरबन्दीमा ९६ जना, राहत/अनुदान अन्तर्गत १८५ जना, शिक्षण सिकाइ अनुदान अन्तर्गत २७ जना, रस्वयंसेवकका रूपमा १५६ जनाकार्यरत छन् ।

बाल विकास तहमा४७ जना अनुदान प्राप्त र३० जना स्वयंसेवकगरी७७ जना वालविकास सहजकर्ताहरूरहेका छन् । आधारभूत तह (कक्षा १–५) मा सबैभन्दा धेरै शिक्षक अर्थात्१८० जनाकार्यरत छन्, जसमा ७९ स्थायी, ३७ राहत र ६४ स्वयंसेवक शिक्षक छन् । कक्षा ६–८ मा७८ जना शिक्षकछन्, जसमा उल्लेखनीय रूपमा१० जना शिक्षण सिकाइ अनुदानबाटव्यवस्थापन गरिएको छ ।

माध्यमिक तह (कक्षा ९–१०) मा४५ जना शिक्षककार्यरत छन् भने कक्षा ११–१२ मा जम्मा१३ जना शिक्षकरहेका छन्, जसमा राहत अन्तर्गत ११ जना र २ जना स्वयंसेवक शिक्षक छन् । यसबाहेक, विद्यालय सहायक १२ जना, विद्यालय सहयोगी ५६ जना, रसामुदायिक सिकाइ केन्द्र का ३ जना सहजकर्ताहरूकार्यरत छन् ।

यो विवरणले देखाउँछ कि डिलासैनी गाउँपालिकाको शैक्षिक सेवा सञ्चालनमास्वयंसेवक शिक्षक र राहत/अनुदानमा आधारित जनशक्तिको ठूलो योगदानछ, जुन शिक्षामा पहुँच सुनिश्चित गर्नका लागि स्थानीय तहले वैकल्पिक स्रोतहरूको अधिकतम प्रयोग गरेको स्पष्ट संकेत हो । तथापि, स्थायी दरबन्दीको अनुपात थोरैहुनु दीर्घकालीन शैक्षिक गुणस्तर र स्थायित्वका लागि चुनौतीपूर्ण पक्ष हो ।

**तालिका ४**

**सामुदायिक विद्यालयमा रहेका शिक्षक दरबन्दी तथा शिक्षक विद्यार्थी अनुपातको विवरणः २०८१**

| क्र.स. | तह | शिक्षक दरबन्दी विवरण | | | | | विद्यार्थी सङ्ख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|---|---|
| | | स्वीकृत दरवन्दी | राहत/अनुदान | शिक्षण सिकाई अनुदान | स्वयंसेबक | कूल जम्मा | | |
| १ | बालविकास | - | ४७ | - | २९ | ७६ | ७२७ | १:१० |
| २ | आधारभूत (१-५) | ७९ | ३७ | - | ६४ | १८० | २६८८ | १:१५ |
| ३ | आधारभूत (६-८) | ११ | ११ | १० | ४६ | ७८ | १५९४ | १:२० |
| ४ | माध्यमिक (९-१०) | ६ | १० | १७ | १२ | ४५ | ९७० | १:२१ |
| ५ | माध्यमिक(११-१२) | - | ११ | - | २ | १३ | ९४१ | १:७२ |
| | **औसत** | **९६** | **११६** | **२७** | **१५३** | **३९२** | **६९२०** | **१:१८** |

स्रोतः IEMIS 2081 CEHRD, डिलासैनि गा पा, शिक्षा, यूवा तथा खेलकुद शाखा, बैतडी ।

शैक्षिकसत्र२०८१अनुसारडिलासैनी गाउँपालिकाका सामुदायिक विद्यालयहरूमा शिक्षक दरबन्दी र विद्यार्थी संख्याको आधारमा औसतशिक्षक-विद्यार्थी अनुपात १:१८रहेको छ, जुन राष्ट्रिय मापदण्ड अनुसार सन्तुलित मान्न सकिन्छ। कुल६,९२० जना विद्यार्थीअध्ययनरत रहेकोमा तिनीहरूलाई पढाउन३९२ जना शिक्षककार्यरत छन्, जसमा९६ जना स्थायी, ११६ जना राहत/अनुदान, २७ जना शिक्षण सिकाइ अनुदान, र१५३ जना स्वयंसेवक शिक्षकछन्।

बालविकास तहमाशिक्षक-विद्यार्थी अनुपात सबैभन्दा राम्रो (१:१०) देखिन्छ, जसले प्रारम्भिक शिक्षामा व्यक्तिगत ध्यान पुर्‍याउने सम्भावना उच्च बनाउँछ।कक्षा १–५ (आधारभूत)मा १:१५ को अनुपात, रकक्षा ६–८मा १:२० को अनुपात रहेको छ, जुन औसतभन्दा केही उच्च भए तापनि व्यावहारिक रूपमा सन्तोषजनक देखिन्छ।कक्षा ९–१० (माध्यमिक)मा १:२१ को अनुपात रहेको छ, तरकक्षा ११–१२मा भने शिक्षकको संख्या अत्यन्त कम हुँदा अनुपात १:७२ पुगेको छ, जुन शैक्षिक गुणस्तरमा प्रतिकूल असर पार्न सक्ने संकेत हो।

समग्रमा आधारभूत तहमा शिक्षक उपलब्धता उपयुक्त देखिए पनि उच्च माध्यमिक तहमाशिक्षकको अभावदेखिएको छ। यसले शिक्षण सिकाइ प्रक्रियामा असमानता ल्याउने सम्भावना छ, जसका लागि दीर्घकालीन संरचनागत समाधान आवश्यक देखिन्छ। शिक्षक-विद्यार्थी अनुपात सुधार गर्नस्थायी दरबन्दी विस्तार, राहत कोटा व्यवस्थापन, र स्वयंसेवक शिक्षकको क्षमतावृद्धि अपरिहार्य देखिन्छ।

**हाल सञ्चालित मुख्य कार्यक्रमहरू**

डिलासैनी गाउँपालिकाले शिक्षाको गुणस्तर सुधार गर्न विभिन्न कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । विद्यालयको भौतिक संरचना निर्माण तथा आन्तरिक तथा बाह्य वातावरण सुदृढ गर्दै बालबालिकाको उच्चतम सिकाइ

बृद्धि गर्न तथा समग्र गाउँपालिकाको शैक्षिक सुधारका लागि देहायका कार्यक्रमका माध्यमबाट गाउँपालिका प्रयासरत छ ।

**१.शिक्षक कार्यशाला सञ्चालन:**

शिक्षकहरूको पेशागत दक्षता अभिवृद्धि गर्न गाउँपालिका तहमा नियमित शिक्षक कार्यशाला सञ्चालन।

**२.शिक्षक, अभिभावक तथा विद्यार्थी अन्तरक्रिया:**

विद्यालयको गुणस्तर सुधार गर्न शिक्षण सिकाइमा सरोकारवालाबीच अन्तरक्रिया कार्यक्रमको आयोजना।

**३.सूचना तथा सञ्चार प्रविधिको प्रवर्धन:**

- आधारभूत विद्यालयहरूमा इन्टरनेट जडान र सञ्चालन।
- निम्न माध्यमिक र माध्यमिक तहमा ICT ल्याबसहित सूचना प्रविधि कक्षको व्यवस्था।

**४.उत्कृष्ट बालविकास केन्द्र र शिक्षक पुरस्कृत गर्ने कार्यक्रम:**

बालविकास शिक्षक तथा केन्द्रलाई प्रोत्साहनस्वरूप उत्कृष्टताको आधारमा पुरस्कार तथा सम्मान प्रदान।

**५.आधारभूत शिक्षा परीक्षामा सुधार:**

कक्षा ८ को अन्तिम परीक्षालाई माध्यमिक शिक्षा परीक्षाको मोडेलमा सञ्चालन गरी मूल्याङ्कन प्रक्रियामा सुधार।

**६.विद्यालय व्यवस्थापन :**

विद्यालय व्यवस्थापन समिति पदाधिकारीहरूका लागि विद्यालय सञ्चालन र सुशासन सम्बन्धी ।

दिलासैनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दिलासैनी, बैतडी
सुदूर पश्चिम प्रदेश नेपाल

**७.लेखा प्रणाली सुधार :**

विद्यालयको लेखा पारदर्शिता र दक्षता बढाउन लेखाको कार्यमा संलग्न शिक्षक/कर्मचारीलाई लेखा सम्बन्धी ।

**८.सूचना प्रविधि :**

विद्यालयहरूमा कार्यरत IT शिक्षकहरूलाई सूचना तथा प्रविधि विषयमा व्यवहारिक ।

**९.छात्रवृत्ति कार्यक्रम:**

विपन्न, गरिब, तथा आमाबुवा विहीन बालबालिकाहरूलाई छात्रवृत्तिको व्यवस्था।

**१०.विज्ञ समूह तथा रोष्टर प्रशिक्षकको तयारी:**

दीर्घकालीन शिक्षण-शिक्षा सुधारका लागि दक्ष प्रशिक्षक तथा विज्ञहरूको तयारी प्रक्रिया सञ्चालन।

**११.स्वयंसेवक शिक्षक परिचालन:**

गाउँपालिकाका भौगोलिक विकटता तथा शिक्षक अभावलाई मध्यनजर गरी विद्यालयमा आवश्यकतानुसार स्वयंसेवक शिक्षकहरू परिचालन गरि शिक्षा सेवामा सुधार र पहुँच विस्तार।

माथि उल्लिखित कार्यक्रमहरूका अतिरिक्त हाल तीनै तहका सरकारहरूले कार्यान्वयन गर्दै आएका केही महत्वपूर्ण कार्यक्रमहरू निम्नानुसार छन्:

१. नियमित रूपमा प्र.अ. बैठक सञ्चालन।
२. बालविकास केन्द्रका सहजकर्ताहरूका लागि क्षमता विकास ।
३. विद्यालयमा भौतिक पूर्वाधारको विकास र मर्मत–सम्भार (भवन निर्माण, फर्निचर सहित कक्षा कोठा, पुस्तकालय, विज्ञान प्रयोगशाला, ICT प्रयोगशाला,

WASH सहितको शौचालय)।
४. शैक्षिक सामग्रीको लागि अनुदान वा खरीद।
५. कक्षाकोठा व्यवस्थापनका लागि अनुदान।
६. छात्रवृत्ति तथा प्रोत्साहन अनुदान।
७. प्रतिविद्यार्थी लागत अनुदान।
८. शिक्षण-सिकाइ सुधारका लागि अनुदान।
९. विद्यालय तथा कक्षाको अनुगमन, निरीक्षण र सुपरिवेक्षण।
१०. शिक्षण-सिकाइ अनुदान।
११. राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन तथा खेलकुद र अतिरिक्त क्रियाकलापहरूको व्यवस्थापन।
१२. सामुदायिक सिकाइ केन्द्रको स्थापना र सञ्चालन।
१३. सूचना तथा सञ्चार प्रविधि जडान।
१४. दिवा खाजा कार्यक्रम (प्रारम्भिक बालविकासदेखि कक्षा ५ सम्म)।
१५. सरकारी र विभिन्न गैरसरकारी संघसंस्थाबाट सञ्चालित आयोजना तथा कार्यक्रमहरू।
१६. अभिभावक शिक्षा कार्यक्रम।
१७. नमूना विद्यालय कार्यक्रम सञ्चालन।
१८. "पढ्दै कमाउदै" कार्यक्रम सञ्चालन।
१९. विद्यालयमा थप भौतिक पूर्वाधार विकास।
२०. अतिरिक्त कक्षा सञ्चालनका लागि अनुदान व्यवस्था।

## शैक्षिक सुधारका लागि अबलम्वन गर्नुपर्ने पक्षहरु

**१.शिक्षक तथा प्रधानाध्यापकको क्षमता विकास र कार्यसम्पादन व्यवस्थापन**

तथ्याङ्कअनुसार, विद्यालयमा विभिन्न तहका स्थायी, राहत, अनुदान र स्वयंसेवक शिक्षकहरू कार्यरत छन् । यद्यपि, शिक्षकको गुणस्तर सुधारका लागि

नियमित क्षमता विकास  तथा कार्यसम्पादन मूल्याङ्कन अनिवार्य छ । शिक्षकहरूको निरन्तर प्रशिक्षणले सिकाइ गुणस्तरमा सकारात्मक प्रभाव पार्नेछ र शिक्षण पद्धतिमा नवीनता ल्याउनेछ । साथै, शिक्षक कार्यसम्पादन करारले अनुशासन र प्रतिबद्धता सुनिश्चित गर्न सहयोग गर्नेछ ।

**२.शिक्षण पेशामा दक्ष जनशक्ति आकर्षण र व्यवस्थापन**

शिक्षक दरबन्दी र शिक्षक विद्यार्थी अनुपात हेर्दा प्रारम्भिक तहदेखि माध्यमिक तहसम्म शिक्षक अभाव स्पष्ट देखिन्छ । यसले गुणस्तरमा नकारात्मक असर पुऱ्याउन सक्छ । यसैले दक्ष शिक्षकहरूलाई आकर्षित गर्ने र विकट भेगमा पनि आवश्यक जनशक्ति व्यवस्थित गर्ने नीति अपनाउनु आवश्यक छ ।

**३.बालविकास केन्द्रहरूको गुणस्तर सुधार र पहुँच विस्तार**

प्रारम्भिक बालविकास शिक्षामा ७७ जना सहजकर्ता कार्यरत भए पनि न्यूनतम मापदण्ड पुरा नगरेका केन्द्रहरूको गुणस्तरमा सुधार आवश्यक छ । सबै बालबालिकालाई बालविकास केन्द्रमा पहुँच दिने कार्यक्रम प्रभावकारी बनाउन गाउँपालिका थप लगानी र अनुगमन बढाउनुपर्ने देखिन्छ ।

**४.विद्यालयको भौतिक पूर्वाधार सुधार र सिकाइ वातावरण सुदृढीकरण**

तथ्याङ्कले देखाएको छ कि विद्यालयहरूमा भवन, कक्षा कोठा, ICT ल्याब, शौचालय लगायत पूर्वाधारहरू छन्, तर सबै विद्यालयमा यी सुविधाहरू सन्तुलित र प्रभावकारी छैनन् । बालमैत्री तथा सिकाइमैत्री वातावरण निर्माण गर्न थप लगानी, रखरखाव र परिमार्जन आवश्यक छ।

**५.निःशुल्क र अनिवार्य शिक्षा प्रभावकारी कार्यान्वयन**

आधारभूत तहमा निःशुल्क तथा अनिवार्य शिक्षा लागू भए पनि विद्यालय छोड्ने र कक्षा दोहोऱ्याउने दर अझै उच्च छ। यसलाई घटाउन परिवार र

समुदायसँग समन्वय गरी जागरूकता कार्यक्रम तथा अभिभावक शिक्षा अनिवार्य छ।

**६.सिकाइ उपलब्धिमा सुधार र गुणस्तरीय शिक्षा प्रवर्द्धन**

सिकाइ उपलब्धि वृद्धि गर्न विषयगत शिक्षकहरूको , गुणस्तरीय पाठ्यक्रम विकास र समसामयिक मूल्याङ्कन विधि अनिवार्य छन्। माध्यमिक तहमा विशेषगरि प्राविधिक र व्यवसायिक शिक्षामा पहुँच र गुणस्तर सुधार गर्दै रोजगारमुखी शिक्षा प्रवर्द्धन गर्नुपर्ने छ।

**७.सूचना प्रविधि पहुँच विस्तार र**

ICT पहुँच विस्तारका साथै शिक्षक र विद्यार्थीलाई प्रविधि उपयोगका लागि दिनु आवश्यक छ। यसले सिकाइ प्रक्रिया अझ प्रभावकारी र आकर्षक बनाउनेछ।

**८.अनुगमन तथा मूल्यांकनको प्रभावकारी कार्यान्वयन**

विद्यालय तथा कक्षाको अनुगमन, निरीक्षण र मूल्यांकन प्रणालीलाई थप प्रभावकारी बनाउन आवश्यक संसाधन र  प्रदान गर्नुपर्ने देखिन्छ, जसले गुणस्तर सुनिश्चित गर्नेछ।

**९.छात्रवृत्ति तथा सामाजिक समावेशी कार्यक्रमहरू**

आर्थिक रूपमा कमजोर बालबालिका र अपांगताहरूलाई छात्रवृत्ति र विशेष शिक्षा सेवा उपलब्ध गराउनु शिक्षा पहुँच र समावेशीकरणमा योगदान दिनेछ।

**१०.सम्पूर्ण पक्षबीच समन्वय र दीगो योजना निर्माण**

संघ, प्रदेश र स्थानीय तहबीच समन्वय गरी शैक्षिक नीतिहरू प्रभावकारी कार्यान्वयन र निरन्तर सुधारका लागि दीगो योजना बनाउन आवश्यक छ।

यी पक्षहरूलाई समुचित रूपमा लागू गर्दा डिलासैनी गाउँपालिकाको शैक्षिक वातावरणमा दीर्घकालीन सुधार सम्भव हुनेछ र गुणस्तरीय, समावेशी र पहुँचयोग्य शिक्षा सुनिश्चित गर्न सकिनेछ।

## १.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण

यस गाउँपालिकाको शैक्षक तथ्याङ्कहरुको अध्ययन र वस्तुस्थिति नियाल्दा पालिकामा विद्यालय शिक्षामा देखिएका मुख्य समस्या तथा चुनौतीहरुको विश्लेषण निम्न बुँदामा प्रष्ट्याउन सकिन्छ ।

### १. सबैका लागि विद्यालय शिक्षामा पहुँच तथा सहभागिता सुनिश्चित गर्ने चुनौती

डिलासैनी गाउँपालिकाभित्र ५७ वटा विद्यालयहरू तथा प्रारम्भिक बालविकास केन्द्रहरू सञ्चालनमा छन् र कुल ६,९२० जना विद्यार्थी अध्ययनरत छन्। यद्यपि, विपन्न, दलित, जनजाति, अपाङ्गता भएका तथा दुर्गम भेगका बालबालिकाहरू अझै विद्यालय शिक्षाबाट वञ्चित छन् वा नियमित सहभागितामा चुनौती कायम छ। विद्यालय छाड्ने तथा कक्षा दोहोऱ्याउने दर घटाउन प्रभावकारी पहल आवश्यक देखिन्छ।

### २. सुरक्षित, बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गमैत्री तथा वातावरणमैत्री विद्यालयको स्थापना

केही विद्यालयहरूमा सुरक्षित भौतिक संरचना, बालमैत्री शौचालय, स्वच्छ खानेपानी तथा घेराबारको अभाव छ। लैङ्गिक तथा अपाङ्गमैत्री पूर्वाधारको कमीले सबै बालबालिकाको सहज पहुँच र सहभागिता सुनिश्चित गर्न नसकिएको स्थिति छ।

### ३. विद्यालय शिक्षामा विद्यमान असमानता

शिक्षक दरबन्दी, , स्रोत तथा विद्यार्थी संख्याको दृष्टिले विद्यालयबीच असमानता रहेको छ। कक्षा ११–१२ मा शिक्षक–विद्यार्थी अनुपात १:७२ रहेको छ,

जुन सिकाइ उपलब्धिमा प्रतिकूल असर पार्दछ। कतिपय विद्यालयमा शिक्षकमात्र नभई आवश्यक स्रोत साधन पनि पर्याप्त छैनन्।

**४. विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकताको अभाव**

शिक्षकहरूमा राहत, स्वयंसेवक र अनुदानमा कार्यरतहरूको संख्या उच्च छ। नियमित , ICT प्रयोग, नवीन शिक्षण विधि तथा सान्दर्भिक पाठ्यक्रममा पहुँच कम भएकाले सिकाइमा गुणस्तरीय सुधार चुनौती बनेको छ। प्राविधिक धारमा पनि पहुँच सीमित छ।

**५. विद्यालय शिक्षामा प्रभावकारी तथा उत्तरदायी शासन तथा व्यवस्थापन प्रणालीको अभाव**

विद्यालय व्यवस्थापन समिति, अभिभावक समूह, बाल क्लब जस्ता संरचनाहरू प्रभावकारी रूपमा क्रियाशील छैनन्। लेखा प्रणाली, अनुगमन, शिक्षकको कार्यसम्पादन मूल्याङ्कनजस्ता पक्षहरू व्यवस्थित र पारदर्शी बनाउनु आवश्यक देखिन्छ।

**६. आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क बनाउने राष्ट्रिय लक्ष्य प्राप्तिमा चुनौती**

यद्यपि नीति अनुसार शिक्षालाई अनिवार्य तथा निःशुल्क भनिए पनि बालबालिकाहरू अझै विद्यालयबाहिर छन्। पोशाक, स्टेशनरी, यातायात, खाजा आदिजस्ता परोक्ष खर्चहरूले विद्यालय जान कठिनाइ भइरहेको छ।

**७. विद्यालयको समायोजन तथा पुनर्नक्साङ्कनको आवश्यकता**

विद्यालयहरूको स्थान, पहुँच तथा जनसङ्ख्याको आधारमा पुनरावलोकन गरी समायोजन गर्नुपर्ने आवश्यकता छ। कतिपय विद्यालयहरू नजिक नजिक रहेका छन् भने कतिपय स्थानमा विद्यालयसम्म पुग्न कठिन छ। स्रोत

साधनको समान वितरणका लागि विद्यालयको नक्साङ्कन र समायोजन अपरिहार्य छ।

डिलासैनी गाउँपालिकाको विद्यालय शिक्षामा पहुँच, समावेशिता, स्रोत वितरण, गुणस्तर, प्रविधिको प्रयोग, शिक्षक व्यवस्थापन र शासन प्रणालीमा व्यापक सुधार आवश्यक छ। यिनै चुनौतीहरूलाई सम्बोधन गर्न दीर्घकालीन रणनीति, समन्वय र स्रोत परिचालन अपरिहार्य छ।

## परिच्छेद २

## दूरदृष्टि, उद्देश्य, रणनीतितथालक्ष्यनिर्धारण

देशमा प्रजातन्त्र पुनःस्थापना भएपछि सर्वसाधारणका लागि शिक्षामा पहुँच सुनिश्चित गर्न विविध शैक्षिक संस्थाहरूको स्थापना भई सहज वातावरण निर्माण गरिएको छ। वि.सं. २०१० मा "नेपालमा शिक्षा" योजना कार्यान्वयनमा आएपछि शिक्षाको पहुँच विस्तार हुन थालेको देखिन्छ। शिक्षालाई व्यावसायिक, गुणस्तरीय र प्रतिस्पर्धी बनाउन सरकारले विभिन्न नीति, नियम तथा कार्यक्रमहरू ल्याउँदै आएको छ।

नेपालको वर्तमान संविधानले आधारभूत तथा माध्यमिक तहको शिक्षालाई स्थानीय तहको अधिकारभित्र राखेको छ, जसका आधारमा शिक्षाको क्षेत्रमा विकेन्द्रीकरणको अभ्यास तीव्र गतिमा अगाडि बढिरहेको छ। संविधानले शिक्षालाई मौलिक हकको रूपमा सुनिश्चित गर्दै प्रत्येक नागरिकलाई आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहको शिक्षा निःशुल्क पाउने व्यवस्था गरेको छ। साथै, अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई निःशुल्क उच्च शिक्षाको हकसमेत सुनिश्चित गरिएको छ।

संविधानको अनुसूची-८ अनुसार आधारभूत तथा माध्यमिक शिक्षा स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) ले शिक्षासम्बन्धी २३ वटा अधिकार स्थानीय तहलाई दिएको छ। यही सन्दर्भमा, डिलासैनी गाउँपालिकाले शिक्षा क्षेत्रमा आफ्ना संवैधानिक र कानुनी जिम्मेवारीहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्दै समावेशी, गुणस्तरीय र उत्तरदायी शैक्षिक सेवा प्रवाहमार्फत समृद्ध गाउँपालिका निर्माणको दिशामा शिक्षा योजना निर्माण गरेको हो।

## २.१स्थानीयतहमाशिक्षायोजनानिर्माणगर्दालिनुपर्नेआधार

यस डिलासैनी गाउँपालिकाको स्थानीय शिक्षा योजना निम्न आधारहरूमा तयार गरिएको छ:

१. नेपालको संविधान, २०७२
२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४
३. शिक्षा ऐन, २०२८ (संशोधन सहित)
४. शिक्षा नियमावली, २०५९ (संशोधन सहित)
५. निःशुल्क तथा अनिवार्य शिक्षा सम्बन्धी ऐन, २०७५
६. राष्ट्रिय शिक्षा नीति, २०७६
७. विद्यालय शिक्षा क्षेत्र योजना, २०७९–२०८९
८. सिकाइ आपूर्ति तथा द्रुत सिकाइ योजना, २०७६
९. दिगो विकास लक्ष्य (SDG) राष्ट्रिय कार्यढाँचा, २०७६
१०. सुदूरपश्चिम प्रदेशको ५ वर्षे आवधिक योजना
११. नेपाल सरकार तथा सुदूरपश्चिम प्रदेश सरकारबाट समयमा समयमा जारी गरिएका नीति, कार्यक्रम तथा बजेट सम्बन्धी मार्गनिर्देशन
१२. गाउँसभामा प्रस्तुत नीति तथा कार्यक्रमहरू
१३. निर्वाचनका क्रममा जनप्रतिनिधिहरूद्वारा व्यक्त गरिएका प्रतिबद्धताहरू

यस आधारमा तयार पारिएको गाउँ शिक्षा योजनाले वि.सं. २०९१ (सन् २०३४) सम्मका उपलब्धिहरू समेट्ने लक्ष्य लिएको छ। योजनाको आगामी खण्डहरूमा यसले निर्देशित गर्ने **दूरदृष्टि (Vision)**, **ध्येय (Mission)**, **लक्ष्य (Goal)**, **उद्देश्यहरू (Objectives)**, **रणनीतिहरू (Strategies)** तथा **प्रमुख कार्यसम्पादन सूचकहरू (Key Indicators)** क्रमशः प्रस्तुत गरिएकोछ।

## २.२दूरदृष्टि

"समृद्ध डिलासैनीको आधार, शिक्षामा गुणस्तर सुधार"

## २.३ लक्ष्य

शैक्षिक पहुँच सुनिश्चित गरी आर्थिक तथा सामाजिक रुपान्तरणमा योगदान पुर्याउन सक्ने सभ्य, सक्षम र योग्य नागरिक तयार पार्ने ।

## २.४ उद्देश्य

१. सबै बालबालिका र नागरिकलाई समावेशी, सुलभ र गुणस्तरीय शिक्षा उपलब्ध गराउनु।
२. शिक्षामा पहुँच र समानताको सुनिश्चितता गर्दै जातीय, लैङ्गिक, आर्थिक र भौगोलिक विभेद घटाउनु।
३. शिक्षाको गुणस्तर सुधार गर्न दक्ष शिक्षक परिचालन, पाठ्यक्रम सुधार र प्रविधि समावेशीकरण गराउनु।
४. प्राविधिक, व्यावसायिक र जीवनोपयोगी शिक्षालाई प्रवर्द्धन गरी रोजगारीमुखी जनशक्ति तयार गर्नु।
५. विद्यालयको भौतिक संरचना, शैक्षिक सामग्री र सुरक्षित वातावरण निर्माण गरी सिकाइ वातावरण सुधार गर्नु।
६. शिक्षा प्रशासनमा जवाफदेहिता र पारदर्शिता सुनिश्चित गर्दै अनुगमन र

मूल्याङ्कनलाई प्रभावकारी बनाउनु।
७. बालबालिका र समुदायमा शिक्षा सम्बन्धी चेतना अभिवृद्धि गरी अभिभावक तथा स्थानीय सरोकारवालाको सक्रिय सहभागिता सुनिश्चित गर्नु।

## २.५ रणनीति

### १. शिक्षक तथा कर्मचारी क्षमता विकास रणनीति

- शिक्षकहरूको विषयगत, व्यवस्थापकीय र प्रविधि सम्बन्धी हरू नियमित सञ्चालन गर्ने।
- शिक्षक कार्यसम्पादन मूल्याङ्कन प्रणाली कार्यान्वयन गरी दक्ष शिक्षकलाई प्रोत्साहन दिने।
- शिक्षक रोजगार प्रक्रियामा दक्ष जनशक्ति आकर्षण र चयन सुनिश्चित गर्ने।
- शिक्षक-कर्मचारीहरूको नैतिकता, जवाफदेहिता र समर्पण अभिवृद्धि गर्न अभिमुखीकरण तथा प्रेरणादायक कार्यक्रमहरू सञ्चालन गर्ने।

### २. शिक्षा पहुँच र समावेशीकरण रणनीति

- सबै बालबालिकालाई प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्म निःशुल्क, अनिवार्य र समान अवसरमा शिक्षा दिलाउने।
- अपाङ्गता भएका, लैङ्गिक रूपले पछाडि परेका र सामाजिक रूपमा कमजोर वर्गका बालबालिकाको पहुँच सुनिश्चित गर्ने।
- भौगोलिक रूपमा विकट क्षेत्रहरूमा विद्यालय स्थापना, समायोजन र आवश्यक सहुलियत प्रदान गरी शिक्षा पहुँच विस्तार गर्ने।
- वैकल्पिक सिकाइ, अतिरिक्त कक्षा र सामुदायिक सिकाइ केन्द्रहरूको मार्फत बञ्चित वर्गलाई समावेश गर्ने।

## ३. गुणस्तरीय शिक्षा प्रवर्द्धन रणनीति

- पाठ्यक्रमको स्थानीयकरण गरी बालबालिकाको आवश्यकताअनुसार सान्दर्भिक र प्रयोगात्मक बनाउने।
- ICT तथा डिजिटल सामग्रीको प्रयोगलाई प्रोत्साहन गरी शिक्षण सिकाइमा नवीनता ल्याउने।
- शिक्षण सिकाइ मूल्याङ्कन प्रणालीलाई सुधारेर विद्यार्थीको प्रगति अनुसार नियमित मूल्याङ्कन गर्ने।
- शिक्षकहरूको नेतृत्वमा विद्यार्थी–अभिभावक–शिक्षक बीच समन्वयात्मक संवाद कार्यक्रम सञ्चालन गर्ने।

## ४. भौतिक पूर्वाधार सुधार रणनीति

- विद्यालय भवन, कक्षा कोठा, पुस्तकालय, विज्ञान प्रयोगशाला, ICT ल्याब, सरसफाइ तथा WASH सुविधा अभिवृद्धि गर्ने।
- बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गमैत्री र वातावरणमैत्री सिकाइ वातावरण निर्माण गर्ने।
- विद्यालयमा सिकाइ आकर्षक बनाउन रङ्गीन बोर्ड, डिजिटल उपकरण र अन्य सिकाइ सामग्री उपलब्ध गराउने।
- स्वच्छता र स्वास्थ्य सुरक्षाका लागि पर्याप्त शौचालय र सरसफाई संरचना विकास गर्ने।

## ५. समुदाय सहभागिता र समन्वय रणनीति

- अभिभावक, शिक्षक, विद्यार्थी, गाउँपालिका र स्थानीय सरोकारवालाबीच समन्वय विकास गर्ने।
- विद्यालय व्यवस्थापन समितिको क्षमता अभिवृद्धि गरी विद्यालय विकासमा समुदायको संलग्नता बढाउने।

- अभिभावक शिक्षा कार्यक्रममार्फत शिक्षा महत्त्व बुझाइ अभिभावकलाई सहभागी बनाउने।
- गैरसरकारी संस्था तथा निजी क्षेत्रसँग सहकार्य गरी शैक्षिक कार्यक्रम सुदृढ गर्ने।

## ६. साक्षरता र आजीवन सिकाइ प्रवर्द्धन रणनीति

- बालबालिका मात्र नभई वयस्क र समाजका कमजोर वर्गका लागि पनि साक्षरता तथा सीप विकास कार्यक्रम सञ्चालन गर्ने।
- सामुदायिक सिकाइ केन्द्रहरू स्थापना र सुदृढीकरण गरी स्थानीय भाषामा सशक्त शिक्षण वातावरण तयार गर्ने।
- साक्षरता पछि सीपमा आधारित प्रशिक्षणहरू मार्फत रोजगारी सिर्जना गर्ने उपायहरू अपनाउने।
- डिजिटल माध्यम र प्रविधिको प्रयोग गरी आजीवन सिकाइका अवसरहरू प्रदान गर्ने।

## ७. प्राविधिक तथा व्यवसायिक शिक्षा विस्तार रणनीति

- प्राविधिक शिक्षाको पहुँच विस्तार गर्न स्थानीय स्तरमा  केन्द्र र क्याम्पसहरू स्थापना गर्ने।
- युवाहरूलाई रोजगारमुखी दक्षता विकास गर्न आधुनिक प्रविधि र बजार आवश्यकता अनुरूप  दिने।
- व्यवसायिक शिक्षालाई गुणस्तरीय बनाउन शिक्षकहरूको दक्षता अभिवृद्धि गर्ने।
- प्राविधिक शिक्षा र व्यवसायिक लाई स्कुल शिक्षा प्रणालीसँग जोड्ने पहल गर्ने।

## ८. अनुगमन र मूल्याङ्कन प्रणाली सुधार रणनीति

- विद्यालय र शिक्षकहरूको कार्यसम्पादन नियमित अनुगमन र सुपरिवेक्षण गर्ने।
- विद्यार्थी सिकाइ प्रगतिको लागि प्रभावकारी मूल्याङ्कन प्रणाली लागू गर्ने।
- अभिभावक, विद्यार्थी र शिक्षकबाट प्रतिक्रिया संकलन गरी शिक्षा सुधारमा प्रयोग गर्ने।
- उपलब्ध सूचनाको आधारमा नीति तथा कार्यक्रममा आवश्यक सुधार गर्ने।

यसरी यी रणनीतिहरूले "समृद्ध डिलासैनीको आधार, शिक्षामा गुणस्तर सुधार" दूरदृष्टिलाई व्यवहारमा उतार्न सहयोग पुग्नेछ र शिक्षा क्षेत्रको समग्र विकासमा सकारात्मक प्रभाव पर्नेछ।

## २.६ कार्यनीति

### १. शिक्षक तथा कर्मचारी क्षमता विकास

- **वार्षिक कार्यक्रम:**शिक्षक तथा विद्यालय कर्मचारीहरूको लागि विषयगत, व्यवस्थापकीय र प्राविधिक हरू वार्षिक रूपमा आयोजना गर्ने।
- **प्रदर्शन मूल्याङ्कन:**शिक्षक कार्यसम्पादनको नियमित मूल्याङ्कन गरी उत्कृष्ट शिक्षकलाई पुरस्कार तथा प्रोत्साहन प्रदान गर्ने।
- **नयाँ शिक्षक भर्ना:**गुणस्तरीय शिक्षक भर्ना गर्न स्थानीय स्तरमा जागिर खुला गराउने र दक्ष जनशक्ति चयन प्रक्रिया सञ्चालन गर्ने।
- **प्रेरणा कार्यक्रम:**शिक्षकहरूको कामप्रति मनोबल बढाउन अभिमुखीकरण र प्रेरणात्मक कार्यक्रमहरू सञ्चालन गर्ने।

### २. शिक्षा पहुँच र समावेशीकरण

- **विद्यालय स्थापना योजना:**आवश्यकता र जनसंख्या अनुसार नयाँ विद्यालय स्थापना र पुराना विद्यालय समायोजन गर्ने।
- **बालबालिकाको नामांकन:**सबै बालबालिकालाई विद्यालयमा भर्ना गराउने अभियान सञ्चालन गर्ने।
- **समावेशी शिक्षा:**अपाङ्गता भएका, विपन्न, लैङ्गिक रूपमा पछाडि परेका बालबालिकालाई विशेष सहयोग र पहुँच सुनिश्चित गर्ने।
- **अतिरिक्त कक्षा सञ्चालन:**विद्यालय बाहिर रहेका बालबालिकालाई सिकाइमा ल्याउन वैकल्पिक कक्षा र सामुदायिक सिकाइ केन्द्र स्थापना गर्ने।

## ३. गुणस्तरीय शिक्षा प्रवर्द्धन

- **पाठ्यक्रम स्थानीयकरण:**स्थानीय आवश्यकताअनुसारस्थानीय पाठ्यक्रम संशोधन र कार्यान्वयन गर्ने।
- **ICT प्रयोग:**विद्यालयहरूमा ICT कक्षाहरू स्थापना गरी डिजिटल सामग्री प्रयोग गर्ने ।
- **मूल्याङ्कन सुधार:**विद्यार्थीको सिकाइ प्रगति र प्रतिभा मूल्याङ्कनमा नवीन तरिका अपनाउने ।
- **सम्बाद कार्यक्रम:**शिक्षक, अभिभावक र विद्यार्थीबीच नियमित अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने ।

## ४. भौतिक पूर्वाधार विकास

- **सुविधा निर्माण:**विद्यालय भवन, शौचालय, पुस्तकालय, प्रयोगशाला, ICT ल्याबको निर्माण र मर्मत सम्भार गर्ने ।
- **बालमैत्री वातावरण:**कक्षा कोठा र विद्यालय परिसरलाई बालमैत्री, लैङ्गिकमैत्री र अपाङ्गमैत्री बनाउने ।

- **सर-सफाई:**विद्यालयमा सरसफाइ अभियान सञ्चालन गरी स्वास्थ्य सुरक्षामा ध्यान दिने ।

## ५. समुदाय सहभागिता

- **विद्यालय व्यवस्थापन समिति:**विद्यालय व्यवस्थापन समितिको क्षमता अभिवृद्धि गरी समुदायको सक्रिय सहभागिता सुनिश्चित गर्ने ।
- **अभिभावक शिक्षा:**अभिभावकलाई शिक्षाको महत्त्वबारे सचेत बनाउने हरू सञ्चालन गर्ने ।
- **सहकार्य:**स्थानीय सरकारी निकाय, गैरसरकारी संस्था र निजी क्षेत्रसँग सहकार्य गरी शैक्षिक कार्यक्रम सुदृढ गर्ने ।

## ६. साक्षरता र आजीवन सिकाइ

- **साक्षरता कार्यक्रम:**वयस्क साक्षरता र व्यावहारिक सीप विकासका कार्यक्रम सञ्चालन गर्ने ।
- **सामुदायिक सिकाइ केन्द्र:**केन्द्रहरूको संख्या बढाउने र गुणस्तर सुधार गर्ने ।
- **आजिवन सिकाइ:**डिजिटल र अन्य माध्यमबाट आजीवन सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने ।

## ७. प्राविधिक र व्यवसायिक शिक्षा विस्तार

- **केन्द्र स्थापना:**प्राविधिक शिक्षा केन्द्रहरू खोल्ने र आवश्यक स्रोत उपलब्ध गराउने ।
- **रोजगारमुखी :**विद्यार्थीलाई बजार अनुकूल दक्षता विकासका प्रदान गर्ने ।
- **शिक्षक विकास:**प्राविधिक शिक्षकहरूको र क्षमता अभिवृद्धि गर्ने ।

## ८. अनुगमन र मूल्याङ्कन

- **सुपरिवेक्षण प्रणाली:**विद्यालय अनुगमन गर्ने टोली बनाएर नियमित सुपरिवेक्षण गर्ने ।
- **विद्यार्थी मूल्याङ्कन:**परीक्षाको गुणस्तर सुधार गर्दै सिकाइ परिणाम विश्लेषण गर्ने ।
- **रिपोर्टिङ:**अनुगमनका नतिजाहरू गाउँपालिकामा रिपोर्ट गर्ने र सुधारात्मक कार्ययोजना बनाउने।

यी कार्यनीतिहरूले विद्यालय शिक्षा सुधारमा स्थिर र दीगो प्रगति हासिल गर्न मद्दत पुऱ्याउने विश्वास गरिएको छ। आवश्यकता अनुसार समयक्रममा यी कार्यनीतिमा संशोधन तथा थप समायोजन गर्न सकिनेछ ।

## २.७अपेक्षित मुख्य उपलब्धि

योजनाको अन्त्य (वि.स. २०९१) सम्ममा निम्नानुसारको मुख्य उपलब्धि हासिल हुनेछ :

१.शिक्षक तथा कर्मचारीको क्षमता अभिवृद्धि भई शिक्षण सिकाइको गुणस्तरमा उल्लेखनीय सुधारदेखिनेछ, जहाँ सबै शिक्षकले नियमित विषयगत तथा प्राविधिक प्राप्त गर्नेछन्।

२.शिक्षक कार्यसम्पादन मूल्याङ्कन प्रणाली संस्थागत भई नतिजा आधारित प्रोत्साहन अभ्यासमा आउनेछ, जसले उत्कृष्ट कार्य गर्ने शिक्षकको मनोबल बढाउनेछ।

३.सबै विद्यालयहरूमा आवश्यकताअनुसार गुणस्तरीय शिक्षक तथा कर्मचारी व्यवस्थापनहुनेछ।

४.विद्यालय शिक्षामा समावेशीकरणको अभिवृद्धि हुनेछ, जहाँ अपाङ्गता, विपन्नता, वा अन्य जोखिममा परेका बालबालिकाको शिक्षामा समान पहुँच सुनिश्चित हुनेछ।

५.सबै विद्यालय उमेर समूहका बालबालिकाको पूर्ण नामांकन सुनिश्चित भई विद्यालय बाहिर रहेका बालबालिकाको संख्या न्यूनतममा झर्नेछ।

६.विद्यालय शिक्षामा स्थानीय सन्दर्भ अनुरूपका पाठ्यक्रम कार्यान्वयन हुनेछन्जसले स्थानीयता, व्यवहारिकता र प्रयोगशिलतामा टेवा पुऱ्याउनेछ।

७. ICT प्रयोगसम्बन्धी पूर्वाधार र सामग्रीको विस्तार भई डिजिटल शिक्षण सिकाइ प्रविधिको प्रयोग बढ्नेछ।

८.विद्यार्थी मूल्याङ्कन प्रणाली नविनतम अभ्याससहित सुधार हुनेछ, जसले सिकाइ परिणामलाई प्रत्यक्ष समेट्नेछ।

९.विद्यालयहरूको भौतिक पूर्वाधार सुधार भई सबै शिक्षण संस्थाहरू बालमैत्री, लैङ्गिकमैत्री तथा अपाङ्गमैत्री वातावरणमा परिणत हुनेछन्।

१०.विद्यालय परिसर सरसफाइ तथा सुरक्षित वातावरणको नमुना बन्नेछ, जहाँ शौचालय, खानेपानी, पुस्तकालय तथा ICT प्रयोगशालाको समुचित व्यवस्था हुनेछ।

११.सामुदायिक सहभागिता बढ्नेछ, विद्यालय व्यवस्थापन समिति र अभिभावकको सक्रियता मार्फत योजना कार्यान्वयन अझ प्रभावकारी हुनेछ।

१२.साक्षरता दरमा वृद्धि भई वयस्क साक्षरता र व्यावसायिक सीप विकासमा प्रगति हुनेछ, सामुदायिक सिकाइ केन्द्रहरूको संख्यात्मक र गुणात्मक वृद्धि हुनेछ।

१३.आजिवन सिकाइ प्रणाली सुदृढ भई सबै उमेर समूहले डिजिटल तथा अन्य माध्यमबाट निरन्तर सिकाइको अवसर पाउनेछन्।

१४.प्राविधिक तथा व्यवसायिक शिक्षा विस्तार भई विद्यार्थीले रोजगारीमुखी सीप विकास गर्नेछन्, केन्द्रहरूको पहुँच र उपयोगिता वृद्धि हुनेछ।

१५.विद्यालय अनुगमन प्रणाली नियमित, संस्थागत र नतिजा केन्द्रित हुनेछ, जसले वास्तविक सुधारका लागि प्रमाणमा आधारित कार्ययोजना निर्माणलाई सहज बनाउनेछ।

१६.विद्यालय शिक्षा क्षेत्रमा उत्तरदायी शासन प्रणाली विकास भई पारदर्शिता र जवाफदेहिताको अभ्यास सुदृढ हुनेछ।

## २.८मुख्य कार्य सम्पादन सूचक र लक्ष्य निर्धारण

यस योजनाका अपेक्षित मुख्य कार्य सम्पादन सूचक (परिमाणात्मक नतिजा) तलको तालिकामा प्रस्तुत गरिएकोहुनेछ :

| क्र.सं. | सूचक | सूचक तह को | आधार वर्ष | २०८३ | २०८५ | २०९० | सूचक को स्रोत | तथ्याङ्क को स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| **१. प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | स्थानीय | ८५.६ | ८८ | ९२ | ९७ | **IEMIS** | IEMIS |
| १. | प्रारम्भिक | स्था | ७५ | ७८ | ८१ | ८४ | **IEMI** | IEMIS |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | नीय | | | | | **S** | |
| २. आधारभूत शिक्षा | | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | स्थानीय | ९६ | ९७ | ९८ | १०० | **IEMIS** | IEMIS |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | ११८.२ | ११५.५ | ११०.४ | १०५.३ | **IEMIS** | IEMIS |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | ९५.९ | ९६.६ | ९७.८ | ९९.९ | **IEMIS** | IEMIS |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल | स्थानीय | १३३.४ | १२८.२ | १२४.४ | १२०.२ | **IEMIS** | IEMIS |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | भर्ना दर* (%) | | | | | | | |
| २.५ | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | स्थानीय | ०.९९ | | | १ | **IEMIS** | IEMIS |
| २.६ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | स्थानीय | ९५.२ | ९६.२ | ९८.१ | ९९.५ | **IEMIS** | IEMIS |
| २.७ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | स्थानीय | १२१.२ | ११८.४ | ११५.३ | १११.९ | **IEMIS** | IEMIS |
| २.८ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | स्थानीय | ८७.१ | ८९.२ | ९२.४ | ९४.३ | **IEMIS** | IEMIS |
| २.९ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | स्थानीय | ९६.६ | ९७.२ | ९८.४ | ९९.३ | **IEMIS** | IEMIS |
| २.१० | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा | स्थानीय | १.०६ | | १.०४ | १.०२ | **IEMIS** | IEMIS |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | लैङ्गिक समता सूचक* | | | | | | | | |
| २.११ | कक्षा ३ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ६५.६ | ६७.३ | ७३.६ | ७९.७ | **IEMIS** | IEMIS |
| | | गणित | स्थानीय | ५५.६ | ५८.३ | ६२.६ | ६६.७ | **IEMIS** | IEMIS |
| २.१२ | कक्षा ५ मा न्युनतम | नेपाली भाषा | स्थानीय | ८८.६ | ९०.३ | ९३.६ | ९६.७ | **IEMIS** | IEMIS |
| | | गणित | स्था | ८८. | ९०. | ९३. | ९६.७ | **IEMIS** | IEMIS |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को आधारभूत तह हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | | नीय | ६ | ३ | ६ | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २८.३ | ४० | ६० | ७० | | |
| | | अङ्ग्रेजी | स्थानीय | ८८.६ | ९०.३ | ९३.६ | ९६.७ | **IEMIS** | IEMIS |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१३ | कक्षा ८ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ८ | नेपाली भाषा | स्थानीय | | | | | **IEMIS** | IEMIS |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ६८.५ | ७० | ७५ | ७५ | | |
| | | गणित | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | को तह ३ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | | राष्ट्रिय | ५३.५ | ६० | ६५ | ७० | | |
| | | विज्ञान | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४३.८ | ५० | ६० | ७० | | |
| २.१४ | विद्यालय वाहिर रहेका बालबालिका* (%) | आधारभूत (कक्षा १-५) | स्थानीय | २.९२ | १.९२ | ०.९२ | ०० | **IEMIS** | IEMIS |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २.९ | १ | ०.५ | ० | | |
| | | आधारभूत (कक्षा १-८) | स्थानीय | ८.१३ | ७.०७ | ६.१२ | ४.३४ | **IEMIS** | IEMIS |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २.९२ | | १ | ० | | |
| २.१५ | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको | | स्थानीय | | | | | **IEMIS** | IEMIS |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४३.७ | ४५ | ५० | ५० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या*(%) | | | | | | | |
| ३. माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | स्थानीय | ६८.५ | ७२.५ | ७८.५ | ८४.५ | **IEMIS** | IEMIS |
| | | प्रदेश | ५९.१ | | ६८.५ | ८३.९ | | |
| | | राष्ट्रिय | ४७.६ | | ६५ | | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | स्थानीय | ९१.२ | | | | **IEMIS** | IEMIS |
| | | प्रदेश | ८५.५ | | १०७.५ | १३०.४ | | |
| | | राष्ट्रिय | ७१.४ | | | ९९ | | |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | स्थानीय | ०.९८ | | | | **IEMIS** | IEMIS |
| | | प्रदेश | ०.९४ | | ०.९५ | १ | | |
| | | राष्ट्रिय | १.०२ | १ | १ | १ | | |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा | स्थानीय | ७३.६४ | ७९.५ | ८६.७ | ९२.३ | **IEMIS** | IEMIS |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ट्रान्जिसन दर* (%) | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९७.५ | | | | | |
| ३.५ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | स्थानीय | १३.७९ | १७.५९ | २१.७९ | २७.२९ | **IEMIS** | IEMIS |
| | | प्रदेश | १६.४ | | २५ | ३० | | |
| | | राष्ट्रिय | २०.६ | २२ | २७ | ३३ | | |
| ४. जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | स्थानीय | ६९.८२ | · | · | · | | जनगणना २०७८ |
| | | प्रदेश | ७१.२ | ७५ | ८२ | ८७ | | |
| | | राष्ट्रिय | ५८ | | ९५ | | | |
| ४.२ | साक्षरता दर (५ वर्ष भन्दा माथि) (%) | स्थानीय | ७६.७ | ८० | ८४ | ८९ | | जनगणना २०७८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रदेश | ७६.३ | | ७८ | १०० | | |
| | | राष्ट्रिय | ८२ | ८९ | ९५ | १०० | | |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | ९७.८१ | ९८.४ | ९९.११ | १०० | | जनगणना २०७८ |
| | | प्रदेश | ९४.२ | | ९५ | १०० | | |
| | | राष्ट्रिय | ९२ | | ९९ | | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | ०.७३ | ०.७५ | ०.८० | ०.८५ | **IEMIS** | IEMIS |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ०.६५ | | | ०.८० | | |
| ५. सुशासन तथा व्यवस्थापन | | | | | | | | |
| ५.१ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी:शिक्षक अनुपात | स्थानीय | १५.१ | | | | **IEMIS** | IEMIS |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २४. | | ३०. | ३०.१ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | (सामुदायिक विद्यालय) | य | १ | | १ | | | |
| ५.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | २०.१ | | | | **IEMIS** | IEMIS |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ३०.१ | | ३०.१ | ३०.१ | | |
| ५.३ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | १७.१ | | | | **IEMIS** | IEMIS |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ३३:१ | ३१:१ | ३०:१ | ३०:१ | | |
| ५.४ | माध्यमिक तह (कक्षा ९-१०)मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | २१.१ | | | | **IEMIS** | IEMIS |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४०:१ | | ३०:१ | ३०:१ | | |
| ५.५ | माध्यमिक तह (कक्षा ९-१२) मा | स्थानीय | ३३.१ | | | | **IEMIS** | IEMIS |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विद्यार्थी:शिक्षक अनुपात | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४१:१ | ३५:१ | ३०:१ | ३०:१ | | |
| ५.६ | विद्युत पुगेका विद्यालयको प्रतिशत | स्थानीय | १०० | | | | **IEMIS** | IEMIS |
| | | प्रदेश | ४५.७ | | ६७.३ | १०० | | |
| | | राष्ट्रिय | | | | | | |
| ५.७ | इन्टरनेट पुगेका विद्यालयको प्रतिशत | स्थानीय | १०० | | | | **IEMIS** | IEMIS |
| | | प्रदेश | १८.८ | | ३५.४ | ७६.७ | | |
| | | राष्ट्रिय | | | | | | |
| ५.८ | खानेपानीको पहुँच पुगेका विद्यालयको प्रतिशत | स्थानीय | ६० | | | | **IEMIS** | IEMIS |
| | | प्रदेश | ७८.२ | | ८८.८ | १०० | | |
| | | राष्ट्रिय | | | | | | |
| ५. | शौचालयको पहुँच | स्था | १०० | | | | **IEMIS** | IEMIS |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | पुगेका विद्यालयको प्रतिशत | नीय | | | | | | |
| | | प्रदेश | ७८.२ | | ८८.४ | १०० | | |
| | | राष्ट्रिय | | | | | | |
| ६. शिक्षामा लगानी | | | | | | | | |
| ६.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | स्थानीय | ३७.०७ | | | | वार्षिक बजेट पुस्तिका | |
| | | प्रदेश | ३.९ | | १५ | २० | | |
| | | राष्ट्रिय | १०:६८ | १५ | १७ | २० | | |
| ६.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | २४.६० | | | | तथ्याङ्क विश्लेषण | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १८ | २१ | २१ | | | |
| ६.३ | माध्यमिक तह (कक्षा ९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | १७.१२२ | | | | तथ्याङ्क विश्लेषण | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११ | १५ | १७ | | | |
| ७. अन्य | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७.१ | विद्यालयको नियमित अनुगमन दर | स्थानीय | ५०% | ७० % | ८० % | १०० % | अभिलेख | प्रतिवेदन |
| ७.२ | सामुदायिक सिकाइ केन्द्रको सञ्जाल र प्रभावकारिता | स्थानीय | ३ केन्द्र | ४ केन्द्र | | प्रभावकारी ८ केन्द्र | अभिलेख | प्रतिवेदन |
| ७.३ | बालबालिकालाई प्रदान गरिने छात्रवृत्तिको पहुँच | स्थानीय | | | | १०० % | अभिलेख | प्रतिवेदन |
| ७.४ | बालमैत्री तथा अपाङ्गमैत्री विद्यालयको संख्या | स्थानीय | | | | कम्तीमा २० वटा | अभिलेख | प्रतिवेदन |
| ७.५ | पुस्तकालय, प्रयोगशाला, ICT प्रयोगशाला भएका विद्यालय | स्थानीय | | | | कम्तिमा ५० भन्दा बढी | अभिलेख | प्रतिवेदन |
| ७.६ | अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच | स्थानीय | | | | पूर्ण समावेशी | अभिलेख | प्रतिवेदन |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | शिक्षा सुनिश्चित | | |
| ७.७ | विद्यालय सुधार योजना प्रभावकारी कार्यान्वयन गरेका विद्यालय संख्या | स्थानीय | | | | शतप्रतिशत | अभिलेख | प्रतिवेदन |

# परिच्छेद ३

# विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरु

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

"बालबालिका आजका फूल होइनन्, भोलिका आधार हुन्।"

नेपालमा प्रारम्भिक बालविकास कार्यक्रमको सुरुवात सन् २००४ मा मोंटेश्वरी स्कूलबाट भएको हो। यसले बालबालिकाको गर्भावस्थादेखि ८ वर्षसम्मको सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउने उद्देश्य राख्दछ। संविधान, शिक्षा ऐन, राष्ट्रिय पाठ्यक्रम प्रारूप र राष्ट्रिय नीति तथा योजनाले प्रारम्भिक बालविकासलाई प्राथमिकता दिएका छन्।

चार वर्ष पुगेका बालबालिकालाई एक वर्षको पूर्व-विद्यालय शिक्षा प्रदान गरिने व्यवस्था छ। डिलासैनी गाउँपालिकाको विद्यालय शिक्षा क्षेत्र योजनामा प्रारम्भिक बालविकास शिक्षालाई मुख्य रणनीतिक अङ्गका रूपमा समावेश गरिएको छ, जसले भविष्यमा गुणस्तरीय आधारभूत शिक्षाको सुनिश्चितता गर्ने अपेक्षा गरिएको छ।

### ३.१.१ वर्तमान अवस्था

डिलासैनी गाउँपालिका अन्तर्गत हालजम्मा ६० वटा प्रारम्भिक बालविकास केन्द्रहरूसञ्चालनमा रहेका छन्, जसमध्ये६ वटा केन्द्रहरू समुदायमा आधारितछन् भने बाँकी सबैविद्यालयमा आधारितछन् ।

गाउँपालिकामा हाल प्रारम्भिक बालविकास शिक्षामाकुल ७२७ जना बालबालिकाअध्ययनरत छन् ।संस्थागत तथा निजी क्षेत्रबाट सञ्चालित विद्यालयहरूमा तीन वर्षे प्रारम्भिक बालविकास कार्यक्रमसञ्चालनमा रहेको छ भनेसामुदायिक विद्यालयहरूमा एक वर्षे कार्यक्रमलागू गरिएको छ ।

यस पालिकामा प्रारम्भिक बालविकास शिक्षाकोकुल भर्ना दर८५.६प्रतिशत रहेको छ। त्यस्तै, कक्षा १ मा प्रारम्भिक बालविकासको अनुभव सहितको भर्ना दर ७५प्रतिशत रहेको छ।बालिकाहरूको सहभागिता दृष्टिले, प्रारम्भिक

बालविकास शिक्षामालैङ्गिक समता सूचकाङ्क०.९१८रहेको छ। यस क्षेत्रको शैक्षिक सेवामा४७ जना अनुदान प्राप्त र३० जना स्वयंसेवकगरी७७ जनाजना बालबिकास सहजकर्ताहरुकार्यरत छन्।

गाउँपालिकाको वर्तमान अवस्थाको विश्लेषण गर्दा प्रारम्भिक बालविकास तथा शिक्षा क्षेत्रमा निम्नचुनौतीहरूदेखिन्छन्:

**मुख्य चुनौतीहरू:**

१. प्रारम्भिक बालविकास उमेर समूहकासबै बालबालिकालाई पहुँचसुनिश्चित गर्नु।
२. सबै बालविकास केन्द्रहरूलेन्यूनतम भौतिक र शैक्षिक मापदण्डपूरा गर्नु।
३. बालबालिकाका लागि आवश्यक पर्नेस्वास्थ्य सेवा, खोप, पोषण, सरसफाइ तथा शुद्ध पिउने पानीजस्ताएकीकृत सेवाहरूको सुनिश्चितितागर्नु।
४.जोखिममा रहेका अति विपन्न बालबालिकाहरूका लागि आपतकालीन सेवाउपलब्ध गराउनु।
५. भर्ना भएका बालबालिकाहरूकोकक्षामा नियमित उपस्थितिसुनिश्चित गर्नु।

**अवसरहरू**

१. नेपालको संविधानले बालबालिकाको हकलाई मौलिक हकको रूपमा स्पष्ट रूपमास्थापित एवं संरक्षण गरेको छ।
२. शिक्षा ऐन २०२८ अन्तर्गत बालविकास शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अंगको रूपमास्वीकार एवं मान्यता प्रदान गरिएको छ।
३. राष्ट्रिय शिक्षा नीति २०७६ ले बालविकास र शिक्षालाई प्राथमिकतापूर्वकसमावेश गरी प्रभावकारी कार्यान्वयन सुनिश्चित गरेको छ।
४. नेपाल बालअधिकार महासन्धिको पक्ष राष्ट्रको रूपमाप्रतिबद्ध रहेको छ, जसले अन्तर्राष्ट्रिय स्तरमा बालअधिकार संरक्षणलाई मजबुत बनाएको छ।

५. प्रारम्भिक बालविकास क्षेत्रमा अन्तर्राष्ट्रिय सहकार्य र प्रविधि हस्तान्तरणकोविस्तृत सम्भावना रहेको छ, जसले गुणस्तर सुधार्न मद्दत पुऱ्याउँछ।
६. सरकारी तथा गैरसरकारी संघ-संस्थाहरू यस क्षेत्रमा लगानी गर्नउत्साहित र आकर्षित भएका छन्, जसले स्रोतसाधनको प्रवाहमा वृद्धि गर्नेछ।
७. विद्यालयमा आधारित बालविकास केन्द्रहरूको व्यापक उपस्थिति र पूर्वाधारले दीगो सेवा विस्तारकोअवसर प्रदान गरेकोछ।
८. समुदायको बढ्दो जागरूकता र सहभागिताले कार्यक्रमको प्रभावकारिता र स्थायित्व सुनिश्चितगरेको छ ।

### ३.१.२ उद्देश्य

प्रारम्भिक बालविकास तथा शिक्षाको सुदृढीकरणका लागि निम्न उद्देश्यहरू निर्धारण गरिएका छन्:

१. सबै उमेर समूहका बालबालिकाको प्रारम्भिक बालविकास तथा शिक्षामासहभागितामूलक पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्नु।
२. प्रारम्भिक बालविकास तथा शिक्षाकोगुणस्तर, वातावरण, सामग्री र शिक्षण सिकाइ प्रक्रियामा सुधार ल्याउनु।
३. सबै बालबालिकालाईप्रारम्भिक बालशिक्षाको अनुभव सहित कक्षा १ मा समयमै प्रवेश गराउने व्यवस्था गर्नु।
४. प्रारम्भिक बालविकास शिक्षामा कार्यरत शिक्षकहरूकोपेशागत दक्षता र व्यावसायिक क्षमता अभिवृद्धि गर्नु।
५. विद्यालयमा आधारित सबै बालविकास केन्द्रहरूलाईन्यूनतम शैक्षिक र भौतिक मापदण्डअनुसार सुदृढ गर्नु।
६. प्रारम्भिक बालविकास केन्द्रहरूमार्फतस्वास्थ्य, पोषण, सरसफाई र बाल संरक्षणका एकीकृत सेवा प्रवाह सुनिश्चित गर्नु।

७. जोखिममा रहेका तथा अति विपन्न वर्गका बालबालिकालाई लक्षित गर्दैंसमावेशी र लचिलो कार्यक्रमहरू सञ्चालन गर्नु।
८. प्रारम्भिक बालविकास तथा शिक्षामालैङ्गिक समता र सामाजिक समावेशीता प्रवर्द्धन गर्नु।
९. डिजिटल तथा प्रविधिनिर्भर शिक्षण विधिहरूको प्रयोग गर्दैनवीन सिकाइ वातावरण सिर्जना गर्नु।
१०. प्रारम्भिक बालविकास तथा शिक्षा क्षेत्रमास्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साझेदारी र सहकार्य प्रवर्द्धन गर्नु।

## ३.१.३ रणनीति

योजनामा निर्धारण गरिएका प्रारम्भिक बालविकास तथा शिक्षा सम्बन्धी उद्देश्यहरू प्राप्त गर्न निम्न रणनीतिहरू अवलम्बन गरिनेछ:

१. चार वर्ष उमेर पुगेका सबै बालबालिकालाई प्रारम्भिक बालविकास केन्द्रमा भर्ना गराउने।
२. न्यूनतम मापदण्ड, पाठ्यक्रम, प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड, नर्म्स र ढाँचा अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गर्ने।
३. सुविधासम्पन्न पूर्वाधार, स्रोतसाधन र योग्य जनशक्ति सहित नमूना बालविकास केन्द्रहरू स्थापना गर्ने।
४. प्रारम्भिक बालविकास तथा शिक्षामा लागत सहभागिता र साझेदारी विस्तार गर्ने।
५. कार्यक्रमको प्रभावकारिता अभिवृद्धिका लागि परिवार, समुदाय, विद्यालय, निजी क्षेत्र तथा गैरसरकारी संघसंस्थाबीच सहकार्य प्रवर्द्धन गर्ने।
६. प्रारम्भिक बालविकास शिक्षामा कार्यरत शिक्षकको नियुक्तिमा महिलालाई प्राथमिकता दिने।
७. शिक्षकहरूको पेशागत क्षमता अभिवृद्धिका लागि नियमितरूपमा तालिम,

अभिमुखीकरण तथा सहजीकरण कार्यक्रम सञ्चालन गर्ने।

८. बालकक्षा व्यवस्थापन, कक्षा सजावट, प्रविधिमा आधारित सिकाइ सामग्री तथा बाल उद्यानको व्यवस्था सुनिश्चित गर्ने।

९. प्रारम्भिक बालविकास शिक्षामा भर्ना गर्दा जन्मदर्ता अनिवार्य गर्ने व्यवस्था लागू गर्ने।

१०. सबै बालविकास केन्द्रहरूमा बालमैत्री वातावरण सहित पूर्वाधारयुक्त, सुरक्षित कक्षाकोठाको व्यवस्था गर्ने।

११. राष्ट्रिय पाठ्यक्रम प्रारूपअनुसार प्रारम्भिक बालविकास शिक्षामा न्यूनतम सिकाइ कार्यघण्टा सुनिश्चित गर्ने।

१२. कार्यक्रमको प्रभावकारिता बढाउन अभिभावक, समुदाय, निजी क्षेत्र तथा स्थानीय संस्थाहरूलाई उत्तरदायी र सहभागी बनाउने।

१३. अनाथ, असहाय, विपन्न र लक्षित वर्गका बालबालिकालाई प्रारम्भिक बालविकास शिक्षाको पहुँचमा ल्याउन विशेष कार्यक्रम सञ्चालन गर्ने।

१४. खोप, पोषण, स्वास्थ्य, शिक्षा, संरक्षण तथा सरसफाइ लगायतका सेवा समावेश गरी एकीकृत बालविकास केन्द्र सञ्चालन गर्ने।

१५. प्रारम्भिक बालविकास केन्द्रहरूको गुणस्तर मापन तथा अनुगमन गर्न नियमित अनुगमन, मूल्याङ्कन र प्रतिवेदन प्रणाली स्थापना गर्ने।

१६. प्रारम्भिक बालविकास सम्बन्धी सेवा प्रवाहमा डिजिटल प्रविधिको प्रयोगलाई प्रवर्द्धन गर्ने।

१७. स्थानीय सरकारको नेतृत्वमा क्षेत्रीय तथा पालिकास्तरका प्रारम्भिक बालविकास शिक्षक नेटवर्क तथा अभ्यास समूह स्थापना गर्ने।

२०. प्रारम्भिक बालविकास शिक्षालाई स्थानीय सरकारको नीति, योजना तथा बजेटमा मुख्य प्राथमिकता सुनिश्चित गर्ने।

### ३.१.४ उपलब्धि तथा अपेक्षित नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य

## उपलब्धि तथा अपेक्षित नतिजाहरू

१. चार वर्ष उमेर पुगेका सबै बालबालिकाहरू प्रारम्भिक बालविकास शिक्षामा भर्ना भएका हुनेछन्।
२. प्रारम्भिक बालविकास तहको कुल भर्ना दर १०० प्रतिशत पुगेको हुनेछ।
३. सबै प्रारम्भिक बालविकास केन्द्रहरू न्यूनतम मापदण्ड, पाठ्यक्रम, प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड, नर्म्स र ढाँचाका आधारमा सञ्चालनमा आएका हुनेछन्।
४. प्रारम्भिक बालविकास शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना हुने बालबालिकाको दर १०० प्रतिशत पुगेको हुनेछ।
५. प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा स्थानीय सरकार, परिवार, समुदाय, विद्यालय तथा गैरसरकारी संघसंस्थाहरूको जिम्मेवारी र साझेदारी स्पष्ट भएको हुनेछ।
६. सबै बालविकास केन्द्रहरूमा आवश्यक पूर्वाधारसहित बालमैत्री, सुरक्षित कक्षाकोठा स्थापना भएका हुनेछन्।
७. प्रत्येक वडामा कम्तीमा एक नमूना बालविकास केन्द्र स्थापना भएका हुनेछन्।
८. बालविकास शिक्षकहरूको पेशागत दक्षता अभिवृद्धिका लागि तालिम, अभिमुखीकरण तथा अनुभव आदान–प्रदान कार्यक्रमहरू सञ्चालनमा आएका हुनेछन्।
९. बालविकास केन्द्रहरूको नियमित तथा गुणस्तरीय सुपरीवेक्षण, नियमन र प्राविधिक सहायता सुनिश्चित गर्न आवश्यक संयन्त्र निर्माण र सञ्चालनमा आएका हुनेछन्।
१०. प्रारम्भिक बालविकास शिक्षामा लैङ्गिक समता कायम भई बालिका र बालकको भर्ना अनुपात सन्तुलित भएको हुनेछ।
११. अति विपन्न, अपांगता भएका, दलित तथा जोखिममा परेका

बालबालिकाहरू प्रारम्भिक बालविकास शिक्षामा समावेश भएका हुनेछन्।

१२. डिजिटल सामग्री र प्रविधिनिर्भर शिक्षण विधिको प्रयोग प्रारम्भिक बालविकास शिक्षामा समावेश भई शिक्षण सिकाइ प्रक्रियामा नवीनता आएको हुनेछ।

१३. प्रारम्भिक बालविकास केन्द्रहरूमार्फत स्वास्थ्य, पोषण, सरसफाइ, संरक्षण तथा शिक्षा समावेशी एकीकृत सेवा प्रवाहको अवस्था सुदृढ भएको हुनेछ।

१४. पालिकाको वार्षिक तथा बहुवर्षीय योजनामा प्रारम्भिक बालविकास तथा शिक्षाको दिगो संस्थागत व्यवस्थापन सुनिश्चित भएको हुनेछ ।

## प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.स. | सूचक | इकाइ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | मापनको आधार |
|---|---|---|---|---|---|---|---|---|
| १ | क्षमता विकास प्राप्त सहजकर्ता | जना | १५ | ३० | ४५ | ६० | ७६ | उपस्थिति |
| २ | न्यूनतम मापदण्ड पुरा गरेका बालविकास केन्द्रहरु संख्या | केन्द्र | ७ | १७ | ३२ | ५२ | ७६ | मूलयाङ्कन चेकलिष्ट |
| ३ | बालमैत्री तथा छापामय कक्षाकोठाको | केन्द्र | १० | २५ | ४५ | ७० | ७६ | अनुगमन रिपोर्ट, फोटो |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | निर्माण भएका केन्द्रको संख्या | | | | | | | |
| ४ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर | प्रतिशत | ८८ | ९२ | ९५ | ९७ | १०० | IEMIS, भर्ना अभिलेख |
| ५ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका | प्रतिशत | ७८ | ८०.५ | ८१.५ | ८३ | ८४ | IEMIS, केन्द्र अभिलेख |
| ६ | नियमित सुपरीवेक्षण तथा प्राविधिक सहयोग पाउने केन्द्रहरुको प्रतिशत | केन्द्र | ३० | ५० | ६५ | ८० | १०० | अनुगमन प्रतिवेदन |

## ३.१.५ प्रमुख क्रियाकलाप सञ्चालन गर्न लाग्ने अनुमानित बजेट (रु हजारमा)

| क्र.स. | प्रमुख क्रियाकलापहरु | पाँच बर्ष को अनुमानित बजेट | | | | | | बाकी ५ वर्षको बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २० | २० | २० | २० | २०८ | जम्मा | | |

| | | ८२ | ८३ | ८४ | ८५ | ६ | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | क्षमता विकास तथा पुनर्ताजगी सञ्चालन | १२०० | ७०० | १३०० | १२०० | ११०० | ५५०० | ५५०० | संघ प्रदेश स्थानीय सरकार र साझेदार संस्थाहरु |
| २ | न्यूनतम मापदण्ड पुरा गरेका केन्द्र स्थापना | १५० | १५० | १५० | १५० | १५० | ७५० | ७५० | |
| ३ | बालमैत्री कक्षाकोठा निर्माण | ५० | ५० | ५० | ५० | ५० | २५० | २५० | |
| ४ | बालमैत्री तथा शैक्षिक सामग्री निर्माण कार्यशाला | ५० | ५० | ५० | ५० | ५० | २५० | २५० | |
| ५ | प्रविधिमैत्री शैक्षिक सामग्रीहरुको व्यवस्थापन | ५० | ५० | ५० | ५० | ५० | २५० | २५० | |
| ६ | प्रत्येक | १० | ५० | ४० | ५० | ५० | २९ | ० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | वडामा एउटा नमुना बालविकास केन्द्र स्थापना | ०० | ० | ० | ० | ० | ०० | | |
| जम्मा बजेट (रु. हजारमा) | | ४५८२ | ३५८३ | ४०८४ | ४०८५ | ३९८६ | ९९०० | ७००० | |

## ३.२ आधारभूत शिक्षा

**"शिक्षाको सुरुवात जग बलियो बनाउने इँटाजस्तै हो, आधारभूत शिक्षा त्यस जगको पहिलो तह हो।"**

नेपालको संविधान २०७२ र शिक्षा ऐन २०२८ (संशोधित) अनुसार कक्षा १ देखि कक्षा ८ सम्मको शिक्षालाईआधारभूत शिक्षाभनिन्छ। यो शिक्षा सबै बालबालिकाका लागिनिःशुल्क र अनिवार्यहुनेछ भन्ने प्रावधान संविधानले नै सुनिश्चित गरेको छ।आधारभूत शिक्षाले बालबालिकामा बौद्धिक, शारीरिक, सामाजिक, संवेगात्मक र नैतिक विकासलाई समेट्ने गरी जीवनोपयोगी ज्ञान, सीप र मूल्य प्रदान गर्दछ। यसले उनीहरूलाई सक्रिय, जिम्मेवार र सशक्त नागरिक बन्ने मार्गमा अग्रसर गराउँछ।

हालसम्म आधारभूत शिक्षामा उल्लेख्य प्रगति भए तापनि सबै बालबालिकाको पहुँच, गुणस्तरीय शिक्षाको सुनिश्चितता, सिकाइ उपलब्धि, शिक्षकको दक्षता, भौतिक पूर्वाधार र समावेशीतामा अझ ध्यान दिनुपर्ने आवश्यकता छ। विशेष गरी विपन्न, सीमान्तकृत र जोखिममा रहेका समुदायका बालबालिकाहरूको

पहुँच अभिवृद्धि गर्न राज्य, स्थानीय तह, विद्यालय र समुदायबीच सहकार्य अपरिहार्य देखिन्छ। त्यसैले यस पालिकाको विद्यालय शिक्षा क्षेत्र योजनाले आधारभूत शिक्षालाई सबै बालबालिकाका लागि समावेशी, गुणस्तरीय र पहुँचयुक्त बनाउन उद्देश्य, रणनीति, सूचक र क्रियाकलापका माध्यमबाट सुदृढ गर्नेतर्फ केन्द्रित छ।

### ३.२.१ वर्तमान अवस्था

शैक्षिक सत्र २०८१ मा डिलासैनी गाउँपालिकामा आधारभूत तह (कक्षा १–८) मा कुल ४,२८२ जना विद्यार्थी अध्ययनरत छन्। खुद भर्ना दर ९५.२% र कूल भर्ना दर १२१.२% रहेको छ। प्रारम्भिक बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना हुने बालबालिकाको प्रतिशत ७५% रहेको छ। विद्यालयहरूको भौतिक, शैक्षिक, अपाङ्गमैत्री तथा सिकाइमैत्री पूर्वाधारको पहुँच न्यून छ। कक्षा १–५ सम्मका सबै विद्यार्थी स्थानीय उत्पादनमा आधारित दिवा खाजा कार्यक्रमबाट लाभान्वित छन्। विद्यालय विद्यार्थी अनुपात १:१०० रहेको छ।

दोहोऱ्याउने तथा विद्यालय छोड्ने दर घटाउनु, शिक्षणमा प्रविधिको प्रयोग अभिवृद्धि गर्नु, र शिक्षकको क्षमता अभिवृद्धि गर्नु अत्यावश्यक देखिन्छ।

**मुख्य चुनौतीहरू:**

१. सबै बालबालिकाको शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गर्नु
२. शिक्षा निःशुल्क तथा अनिवार्य बनाउनु
३. शैक्षिक गुणस्तर अभिवृद्धि गरी सिकाइ उपलब्धि सुनिश्चित गर्नु
४. खुद भर्ना दर १००% पुऱ्याउनु, दोहोऱ्याउने र छोड्ने दर न्यूनीकरण गर्नु
५. लैङ्गिक समता कायम गर्नु
६. बालमैत्री, अपाङ्गमैत्री र सिकाइमैत्री भौतिक पूर्वाधार विकास गर्नु

७. शिक्षक दरबन्दी समायोजन र विषयगत दरबन्दी व्यवस्था गर्नु
८. पोषण, स्वास्थ्य र दिवा खाजा कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्नु
९. विद्यार्थी मूल्याङ्कन प्रणालीमा सुधार गर्दै विश्वसनीयता सुनिश्चित गर्नु
१०. शैक्षिक सुशासन र जवाफदेहिताको प्रत्याभूति गर्नु

**अवसरहरू:**

१. संविधानले आधारभूत शिक्षालाई मौलिक हकको रूपमा स्थापित गरेको छ।
२. शिक्षा ऐन र नियमावलीले स्पष्ट कानुनी आधार प्रदान गरेका छन्।
३. राष्ट्रिय शिक्षा नीतिले गुणस्तरीय र समावेशी शिक्षामा जोड दिएको छ।
४. संघ, प्रदेश र स्थानीय सरकारबीच सहकार्यको व्यवस्था छ।
५. गैरसरकारी र निजी क्षेत्रबाट सहयोग र लगानीको सम्भावना छ।
६. दिवा खाजा कार्यक्रमले बालबालिकाको उपस्थिति र पोषणमा सहयोग पुऱ्याएको छ।
७. शिक्षक , प्रविधिमैत्री शिक्षा र सिकाइ सामग्रीमा सुधारको अवसर छ।
८. विद्यालय पुनःनक्साङ्कन तथा पूर्वाधार सुधारका लागि नीति निर्देशिका उपलब्ध छ।
९. स्थानीय सरकारलाई शैक्षिक निर्णयमा अधिकार प्रत्यायोजन भइसकेको छ।
१०. बालमैत्री र सुरक्षित भौतिक संरचना विकास गर्न बजेट र साझेदारीको सम्भावना छ।

यी अवसरहरूलाई रणनीतिक रूपमा उपयोग गर्दा शिक्षा गुणस्तर, पहुँच र परिणाममा उल्लेखनीय सुधार गर्न सकिन्छ।

## ३.२.२ उद्देश्य

१. सबैका लागि समतामूलक पहुँचसहित अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गर्नु
२. न्यूनतम सिकाइ उपलब्धि प्राप्त हुने वातावरण सुनिश्चित गर्नु र शिक्षालाई जीवनसँग जोड्नु
३. शैक्षिक गुणस्तरमा सुधार ल्याई सिकाइ केन्द्रीत शिक्षण प्रविधिको विकास गर्नु
४. विद्यालय वातावरणलाई बालमैत्री, अपाङ्गमैत्री, सिकाइमैत्री, भयरहित तथा सुरक्षित बनाउनु

### ३.२.३ रणनीति

आधारभूत शिक्षाको गुणस्तर सुधार, पहुँच विस्तार र सबै बालबालिकाको सहभागिता सुनिश्चित गर्न निम्न रणनीतिहरू कार्यान्वयन गरिनेछ:
१. विद्यालयको नक्साङ्कन, पुनःवितरण र समायोजन कार्य प्रभावकारी रूपमा सम्पन्न गर्ने ।
२. विद्यालयबाहिर रहेका बालबालिकाको विवरण संकलन गरी उनीहरूलाई विद्यालयमा भर्ना गराउन प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गर्ने ।
३. विद्यालय छोड्ने, कक्षा दोहोर्‍याउने दर घटाउने र खुद भर्ना दर तथा तह पूरा गर्ने दर वृद्धि गर्न लक्षित कार्यक्रम सञ्चालन गर्ने ।
४. सामुदायिक विद्यालयहरूमा शिक्षक दरबन्दीको मिलान तथा आवश्यक विद्यालयहरूमा विद्यार्थी संख्या र विषयगत आधारमा दरबन्दी थप गर्न नेपाल सरकारसँग समन्वय गर्ने ।
५. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीहरूको क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने र अभिभावक शिक्षालाई प्रवर्द्धन गर्ने ।
६. विद्यालयमा सुरक्षित खानेपानी, शौचालय, सरसफाइ तथा दिवा खाजा पकाउने भान्साकोठा निर्माण एवं व्यवस्थापन गर्ने ।

७. विद्यालय उमेर समुहका विद्यालयबाहिर रहेका बालबालिकालाई समेट्न वैकल्पिक शिक्षण-सिकाइ कार्यक्रम सञ्चालन गर्ने ।

८. प्रविधिमैत्री, सुरक्षित, बालमैत्री, अपाङ्गमैत्री भौतिक पूर्वाधार विकास गरी सबै बालबालिकाका लागि सिकाइमैत्री वातावरण निर्माण गर्ने ।

९. हरेक बालबालिकालाई आत्मसम्मानका साथ सिक्ने वातावरण तयार गर्न शिक्षक र विद्यालय व्यवस्थापन समितिलाई जिम्मेवार बनाउने ।

१०. बालबालिकाको पढाइ सीप विकास गर्न 'पढाइ मेला कार्यक्रम' अभियानका रूपमा सञ्चालन गर्ने ।

११. न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्न शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही बनाउने ।

१२. शिक्षण विधि तथा प्रविधिसम्बन्धी शिक्षकहरूको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने ।

१३. कार्यसम्पादनको आधारमा शिक्षकहरूलाई पुरस्कार र प्रोत्साहन प्रदान गर्ने व्यवस्था गर्ने ।

१४. आवश्यकताका आधारमा आधारभूत विद्यालयहरूमा भौतिक पूर्वाधार विस्तारका कार्यक्रमहरू सञ्चालन गर्ने ।

१५. विद्यालयको नियमित सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन प्रभावकारी बनाउँदै शिक्षक तथा विद्यालयलाई आवश्यक प्राविधिक सहायता प्रदान गर्ने ।

१६. स्थानीय भाषा, कला, संस्कृति, सभ्यता, जीवनोपयोगी सीप तथा व्यवहारिक सीपमा आधारित शिक्षा विकास गर्न स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्ने ।

१७. प्रत्येक विद्यालयमा विद्यालय सुधार योजना (SIP) निर्माण तथा अद्यावधिक गराई त्यसको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने ।

१८. विद्यालय शिक्षालाई प्रकोप, संकट, महामारी तथा जलवायु परिवर्तनजस्ता परिस्थितिप्रति उत्थानशील बनाउने योजना निर्माण गरी कार्यान्वयन गर्ने ।

१९. विद्यालय परिसरमा बाल उद्यान, फूलबारी, करेसाबारी, वृक्षारोपणजस्ता कार्यक्रम सञ्चालन गर्ने ।

**३.२.४ उपलब्धि तथा अपेक्षित नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य**

**उपलब्धि तथा अपेक्षित नतिजाहरू**

१. डिलासैनीगाउँपालिकाका सबै बालबालिका विद्यालयमा भर्ना भई नियमित कक्षामा सहभागी हुने सुनिश्चितता।

२. कक्षा दोहोऱ्याउने र विद्यालय छोड्ने दरमा कमी, खुद भर्ना र तह पूरा गर्ने दरमा सुधार।

३. न्यूनतम सिकाइ उपलब्धि हासिल गर्ने विद्यार्थीको संख्या हरेक वर्ष बढ्ने।

४. विद्यालयहरू बालमैत्री, अपाङ्गमैत्री, सुरक्षित र सिकाइमैत्री वातावरणयुक्त बन्ने।

५. शिक्षकको क्षमता अभिवृद्धि भई शिक्षण विधि तथा प्रविधिमा सुधार आउने।

६. प्रत्येक विद्यालयमा अद्यावधिक SIP बनाई कार्यान्वयन गरिने।

७. स्थानीय पाठ्यक्रम विकास भई शिक्षा जीवनोपयोगी सीपसँग जोडिने।

८. विद्यालयमा करेसाबारी, फूलबारी र सरसफाइ कार्यक्रम मार्फत व्यवहारिक सिकाइ प्रवर्द्धन हुने।

९. विद्यालय शिक्षामा समुदाय, अभिभावक र स्थानीय तहको सक्रिय सहभागिता सुनिश्चित हुने।

१०. शिक्षामा संकट, महामारी र जलवायु परिवर्तन जस्ता चुनौतीलाई सम्बोधन गर्न तयारी योजना लागू गरिने।

## प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | सूचक | इकाइ | आधार वर्ष २०८१०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ |
|---|---|---|---|---|---|---|---|---|
| १. | आधारभूत तह (प्राथमिक कक्षा १-५ ) मा विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | जना | २८० | २४० | २२० | २०० | १८० | १६० |
| २. | आधारभूत तह (प्राथमिक कक्षा १-५ ) मा प्राप्त शिक्षकको संख्या | जना | १६४ | १७० | १७५ | १८० | | |
| ३. | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड पुरा गरेका आधारभूत तहका विद्यालयको संख्या | विद्यालय | १० | १५ | २० | २५ | ३० | ३५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४. | प्र.अ. वि. व्य. स. र शि. अ.सं. को क्षमता विकासका कार्यक्रम सञ्चालन भएको संख्या | जना | ९८ | ११५ | १३० | १४५ | १६० | १८० |
| ५. | तह पूरा गर्ने दर | प्रतिशत | ९६.६ | ९७ | ९८ | ९८.५ | ९९ | १०० |
| ६ | विद्यालय सुधारयोजनाको कार्यान्वयन | प्रतिशत | १० | ३० | ५० | ७० | ८५ | १०० |

### ३.२.५प्रमुख क्रियाकलाप सञ्चालन गर्न लाग्ने अनुमानित बजेट (रु हजारमा)

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | आवश्यक बजेट अनुमानित (शुरुका ५ बर्षको) रु हजारमा | | | | | | बजेट बाँकि (५ बर्ष) २०८५-२०८९ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | भर्ना अभियान | १५ | १५ | १५ | १५ | १५ | ७५ | ७५ | संघ, प्रदेश, |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | भौतिक पूर्वाधार व्यवस्थापन | २००० | ३००० | ३५०० | ४००० | ५००० | १४००० | १४००० | स्थानीय सरकार र साझेदार संस्थाहरु |
| ३ | सिकाइ उपलब्धि परीक्षण | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | १५०० | |
| ४ | बिषयगत क्षमता विकास | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० | |
| ५ | परीक्षा व्यवस्थापन | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | ३००० | |
| ६ | सरोकारवालाहरु पदाधिकारीको क्षमता विकास | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० | |
| ७ | छात्रछात्राहरुलाई व्यक्तिगत स्वास्थ्य सम्बन्धि अभिमुखीक | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | १५०० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | रण | | | | | | | | |
| ८ | पढाई मेला सञ्चालन | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० | |
| | **जम्मा** | **४७१५** | **५७१५** | **२७१५** | **६७१५** | **७७५** | २७५७५ | २७५७५ | |

## ३.३माध्यमिक शिक्षा

नेपालको विद्यालय शिक्षाको संरचना अनुसार कक्षा ९ देखि १२ सम्मको चार वर्षको शिक्षा माध्यमिक तहमा पर्छ संविधानले नागरिकको मौलिक हकको रूपमा माध्यमिक शिक्षालाई निःशुल्क बनाएको छ।

माध्यमिक तहमा तीन धारहरू छन्-साधारण, परम्परागत र प्राविधिक तथा व्यावसायिक। यस तहमा एकलपथीय पाठ्यक्रम लागू गरिएको छ, जसले राष्ट्रप्रेम, लोकतान्त्रिक मूल्य, सामाजिक सद्भाव, समावेशिता र उत्तरदायित्व बोध गराउने उद्देश्य राखेको छ।

यस तहमा अध्ययन गर्ने विद्यार्थीहरूमा भाषिक र सञ्चार क्षमता, गणितीय सीप, वैज्ञानिक सोच, श्रमप्रति सम्मान, जीवनोपयोगी सीप र सकारात्मक व्यवहार विकास गर्ने सक्षमताहरू निर्धारण गरिएको छ। मूल्याङ्कनका लागि कक्षा १० को परीक्षा प्रदेशस्तरबाट र कक्षा १२ को परीक्षा राष्ट्रिय परीक्षा बोर्डमार्फत संघीय सरकारबाट सञ्चालन गरिन्छ।

शिक्षा नीति २०७६ ले प्रतिस्पर्धी, सीपयुक्त र नैतिक जनशक्ति उत्पादन गर्ने उद्देश्यका साथ सबैका लागि गुणस्तरीय, सिर्जनशील र प्रविधिमैत्री माध्यमिक

शिक्षामा निःशुल्क पहुँच सुनिश्चित गरेको छ। १५औं योजनाले शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउनेमा जोड दिएको छ।

१६औं योजनामा "पढ्दै कमाउँदै, कमाउँदै पढ्दै" भन्ने अवधारणा प्रस्तुत गरिएको छ, जसले माध्यमिक शिक्षालाई उद्यमशीलता, रोजगार, खोज, अनुसन्धान, व्यवहारिक प्रयोग तथा जीवनोपयोगी सीपमा आधारित बनाउन जोड दिएको छ।

माध्यमिक तहको शिक्षा उच्च शिक्षासँग जोडिने प्रमुख सेतु भएकोले, यसको सुदृढीकरणले सम्पूर्ण शिक्षा प्रणालीको रूपान्तरणमा महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ।

### ३.३.१ वर्तमान अवस्था

शैक्षिक सत्र २०८१ सम्म डिलासैनी गाउँपालिकामा कक्षा १-१२ सम्म सञ्चालन भएका सामुदायिक विद्यालयहरू ५ र कक्षा १–१० सम्मका विद्यालयहरू ८ गरी जम्मा १३ सामुदायिक विद्यालयहरूमा कूल १९११ जना विद्यार्थी अध्ययनरत छन्। माध्यमिक तहको लैङ्गिक समता सूचकाङ्क ०.८९ रहेको छ।

हाल कक्षा ९–१२ को खुद भर्ना दर ६८.५ प्रतिशत र कूल भर्ना दर ९१.२ प्रतिशत रहेको छ। पालिकामा दुईवटा प्राविधिक माध्यमिक विद्यालय र एकवटा नमूना माध्यमिक विद्यालय सञ्चालनमा छन्। विद्यालयहरूको भौतिक र शैक्षिक वातावरणलाई बालमैत्री, समावेशी र सुरक्षित बनाउने खाँचो स्पष्ट देखिन्छ।

माध्यमिक तहमा विद्यालय छोड्ने र कक्षा दोहोर्‍याउने दर न्यून गर्न आवश्यक छ। सफल शिक्षणका लागि विषयगत शिक्षकको अभाव,

दरबन्दीको कमी, प्रविधि उपयोगको अपुगता, र शिक्षण विधिमा सुधारको आवश्यकता देखा परेको छ। यद्यपि संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क व्यवस्था गरेको भए पनि पूर्ण रूपमा लागू हुन सकेको छैन।

शिक्षक तथा कर्मचारीका लागि, अध्ययन भ्रमण, नेतृत्व विकास, सूचना प्रविधि तथा व्यवस्थापन प्रणालीप्रति पहुँच अझै पनि अपुग छ। राम्रो नेतृत्व भएका प्रधानाध्यापकले विद्यालय व्यवस्थापनमा सकारात्मक प्रभाव पारिरहेका छन्, तर सबैका लागि नेतृत्व विकास सञ्चालनको खाँचो छ। सामुदायिक र संस्थागत विद्यालयबीचको गुणस्तर अन्तर पनि एक महत्वपूर्ण चुनौतीका रूपमा रहेको छ।

**मुख्य चुनौतीहरू**

१. माध्यमिक तहको शिक्षा पूर्ण रूपमा निःशुल्क बनाउनुपर्ने
२. प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच र विस्तार
३. कक्षा ११ मा विद्यार्थी भर्ना दर अभिवृद्धि
४. सूचना प्रविधिमा शिक्षक र विद्यार्थीको पहुँच सुनिश्चित
५. सिकाइको गुणस्तरमा सुधार र सिकारु सिकाइमा प्रगति
६. शिक्षकको पेशागत विकास सुनिश्चित
७. विषयगत शिक्षक र दरबन्दीको व्यवस्थापन
८. तीनवटै सरकार (संघ, प्रदेश, स्थानीय) बीच भूमिका स्पष्टता
९. न्यूनतम भौतिक तथा शैक्षिक गुणस्तरको सुनिश्चितता

**अवसरहरू**

१. नेपालको संविधान तथा शिक्षा नीति २०७६ मार्फत माध्यमिक शिक्षा निःशुल्कर गुणस्तर सुधारमा स्पष्ट नीति निर्धारण गरिएको छ।
२. १६औं योजनाले माध्यमिक शिक्षालाई प्रविधिमैत्री, जीवनोपयोगी, सीपमुखी

र रोजगारमुखी बनाउने दिशामा नीति र कार्यक्रम अघि सारेका छन्।
३. पालिकाभित्र सञ्चालित प्राविधिक तथा नमूना विद्यालयहरूको सकारात्मक अभ्यासलाई अन्य विद्यालयमा विस्तार गर्न सकिने सम्भावना छ।
४. विद्यालयको भौतिक पूर्वाधार, बालमैत्री वातावरण र समावेशी शिक्षाका लागि संघ, प्रदेश, स्थानीय तह र विकास साझेदारहरूको सहयोग लिन सकिने अवस्था छ।
५. दक्ष, प्रेरित र सकारात्मक सोच भएका प्रधानाध्यापकहरूको नेतृत्व क्षमतालाई अभिवृद्धि गर्दै विद्यालय व्यवस्थापन सुधार गर्न सकिने अवसर छ।
६. शिक्षकहरूको क्षमता विकास तथा प्राविधिक सञ्चालनका लागि सरकारी तथा गैरसरकारी स्रोतहरू परिचालन गर्न सकिने सम्भावना छ।
७. स्थानीय पाठ्यक्रम विकास, जीवनोपयोगी सीपको समावेशीकरण र विद्यालय सुधार योजनामार्फत विद्यालयस्तरमै सशक्त योजना निर्माण र कार्यान्वयनको अवसर छ।
८. डिजिटल प्रविधिमा आधारित सूचना व्यवस्थापन प्रणाली विकास गर्दै शिक्षक, विद्यार्थी र अभिभावकलाई शिक्षामा सहभागी गराउने वातावरण विस्तार गर्न सकिने अवस्था छ।

### ३.३.२ उद्देश्यहरू

यस योजनाले डिलासैनी गाउँपालिकाको माध्यमिक तहमा निम्न उद्देश्यहरू निर्धारण गरेको छः

१. सबै बालबालिका, विशेष गरी सीमान्तकृत र वञ्चित समुदायका बालबालिकाका लागि माध्यमिक शिक्षामा पहुँच विस्तार गरी समतामूलक र गुणस्तरीय शिक्षा प्रदान गर्नु।
२. माध्यमिक तहमा खुद भर्ना दर, उपस्थिति दर र टीकाउ दरमा वृद्धि ल्याई कक्षा ९-१२ सम्मको निरन्तर अध्ययन सुनिश्चित गर्नु।

३. नेपालको संविधान बमोजिम माध्यमिक तहको शिक्षा पूर्ण रूपमा निःशुल्क बनाई कुनै पनि बालबालिका शुल्कका कारण शिक्षाबाट वञ्चित नहुने सुनिश्चितता गर्नु।
४. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापन पक्षलाई पारदर्शी, जवाफदेही, विविधता अनुकूल र उत्थानशील बनाउँदै विद्यालय सशक्तिकरणमा जोड दिनु।
५. प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षाको विस्तार गरी श्रममा आधारित, उद्यमशीलता सम्पन्न, स्वरोजगार योग्य तथा मुल्यमा आधारित जनशक्ति उत्पादन गर्नु।
६. उच्च शिक्षा अध्ययनका लागिआवश्यक योग्यता प्राप्त, स्वपहिचानयुक्त, आत्मविश्वासी, सिर्जनशील तथा नैतिक मूल्य बाट भरिपूर्ण जनशक्ति तयार गर्नु।
७. विद्यालयको भौतिक र शैक्षिक वातावरणलाई बालमैत्री, सिकाइमैत्री, समावेशी, प्रविधिमैत्री र सुरक्षित बनाउनु।
८. शिक्षकहरूको पेशागत विकास, प्रविधिको उपयोग, र नेतृत्व क्षमतामा अभिवृद्धि गरी सिकाइको गुणस्तरमा सुधार ल्याउनु।
९. सूचना तथा सञ्चार प्रविधिमा आधारित व्यवस्थापन प्रणालीको विकास गरी विद्यालय प्रशासनलाई प्रभावकारी र सशक्त बनाउनु।
१०. समुदाय, विद्यालय र तीनवटै सरकार (संघ, प्रदेश, स्थानीय) बीच स्पष्ट समन्वय र भूमिकाविभाजनका आधारमा विद्यालय शिक्षाको सुधारमा सहकार्य सुदृढ गर्नु।

### ३.३.३ रणनीतिहरू

१. जोखिममा परेका, विपन्न, दलित तथा वञ्चित समुदायका विद्यार्थीहरूको सिकाइ आवश्यकतालाई सम्बोधन गर्न आवश्यक शैक्षिक सामग्री, पोशाक, स्टेशनरी तथा परामर्श कार्यक्रम सञ्चालन गरिनेछ।

२. कक्षा दोहोऱ्याउने तथा अनुत्तीर्ण हुने विद्यार्थीहरूको संख्या घटाउन उपचारात्मकशिक्षण सञ्चालन गरिनेछ।

३. प्राथमिकताको आधारमा विद्यालयमा न्यूनतम आवश्यक भौतिक पूर्वाधार स्थानीय, प्रदेश तथा संघ सरकारसँगको समन्वयमा सुनिश्चित गरिनेछ ।

४. विद्यालय निर्माण तथा सुधारको कार्यमा “आफ्नो विद्यालय आफैं बनाऔं” भन्ने नारा सहित स्थानीय लागत सहभागिता र स्वामित्वलाई प्रोत्साहन गरिनेछ ।

५. आन्तरिक मूल्याङ्कन प्रणालीलाई सुधार गरी विद्यार्थीको सिकाइ स्तर पहिचान गर्न र आवश्यक सुधारको उपायहरु  अपनाउन प्रयोग गरिनेछ ।

६. शिक्षक तथा विद्यार्थीको सक्रिय सहभागिताबाट पाठ्यसामग्री, शैक्षिक सहायक सामग्री र स्थानीय स्रोतमा आधारित शिक्षण सामग्रीको विकास तथा विस्तार गरिनेछ ।

७. प्रत्येक शिक्षकले व्यक्तिगत शिक्षण सुधार योजना अनिवार्य रूपमा तयार गर्ने र कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ ।

८. विद्यार्थी केन्द्रित शिक्षण विधि, परियोजना कार्य, समूह कार्य, अनुभवमा आधारित सिकाइ आदि प्रविधिहरूलाई विद्यालय शिक्षामा प्राथमिकता दिइनेछ ।

९. लागत सहभागिताको आधारमा हरेक विद्यालयमा प्रविधियुक्त शिक्षण सिकाइ प्रणालीको विकास तथा प्रयोगमा प्राथमिकता दिइनेछ ।

१०. शिक्षकद्वारा कक्षाकोठामा बिताइने समयको व्यवस्थापन गर्न स्पष्ट कार्यविधि निर्माण तथा कार्यान्वयन गरिनेछ ।

११. सीपमूलक शिक्षा र स्वरोजगारलाई लक्षित गरी माध्यमिक तहमा साधारण धारसँगै प्राविधिक तथा व्यवसायिक धारको पनि सञ्चालन गरिनेछ ।

१२. माध्यमिक तहमा विषयगत शिक्षक तथा दरबन्दी व्यवस्थापनका लागि स्थानीय तह र प्रदेश सरकारसँग समन्वय गरी दरबन्दी माग तथा व्यवस्थापन गरिनेछ ।

१३. विद्यालय व्यवस्थापन समितिलाई सशक्त बनाउने, अभिभावक सहभागिता प्रवर्द्धन गर्ने र स्थानीय समुदायको उत्तरदायित्व बढाउने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१४. शिक्षक तथा प्रधानाध्यापकको नेतृत्व विकास, प्राविधिक दक्षता र व्यवस्थापन क्षमताका लागि , अध्ययन भ्रमण तथा नियमित सहजीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१५. सूचना तथा सञ्चार प्रविधिमा आधारित विद्यालय व्यवस्थापन प्रणाली विकास गरी विद्यालय प्रशासनलाई दक्ष, पारदर्शी र जवाफदेही बनाइनेछ ।

### ३.३.४उपलब्धि तथा अपेक्षित नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि तथा अपेक्षित नतिजाहरू**

१. सामावेशी र बालमैत्री शिक्षण वातावरण कायम हुने

२. समतामूलक पहुँच कायम भई विपन्न, दलित, सीमान्तकृत विद्यार्थीको सहभागिता वृद्धि हुने

३. विद्यार्थीहरूको सिकाइ उपलब्धिमा गुणात्मक सुधार आउने

४. विद्यालय व्यवस्थापन र शैक्षिक नेतृत्व सक्षम र जवाफदेही हुने

५. प्रविधि आधारित शिक्षण र प्रशासनिक प्रणाली स्थापित हुने

६. प्राविधिक तथा व्यावसायिक शिक्षामा सहभागिता वृद्धि भई स्वरोजगारका अवसर सिर्जना हुने

७. विद्यालयमा स्थायित्व र टीकाउ दर बढ्ने

८. शिक्षकको पेशागत क्षमता र शिक्षण विधिमा सुधार आउने

९. विद्यालयको सम्पूर्ण प्रणालीमा अभिभावक र समुदायको सक्रिय सहभागिता सुनिश्चित हुने

**प्रमुख क्रियाकलाप र लक्ष्य**

| क्र.सं. | सूचक | इकाइ | आधार वर्ष २०८१/८२ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह (९-१०) मा भर्ना भएका विद्यार्थी संख्या | जना | ९७० | | | | | |
| २ | माध्यमिक तह (११-१२) मा भर्ना भएका विद्यार्थी संख्या | जना | ९४१ | | | | | |
| ३ | माध्यमिक तहको टिकाउदर | प्रतिशत | कक्षा ९ मा भर्ना भएका मध्ये ८५ प्रतिशत विद्यार्थी कक्षा १२ सम्म पुग्ने | | | | | |
| ४ | विषयगत सिकाइ उपलब्धीमा सुधार | प्रतिशत | कक्षा १० र १२ को राष्ट्रिय परीक्षा परिणाममा ७० प्रतिशत भन्दा बढी विद्यार्थी न्यूनतम सिकाइ स्तरमा पुग्ने | | | | | |
| ५ | प्राविधिक तथा | प्रति | कक्षा ९-१२ मा प्राविधिक धारमा अध्ययन | | | | | |

| | | | |
|---|---|---|---|
| | व्यवसायिक धारको पहुँच विस्तार | शत | गर्ने विद्यार्थीको प्रतिशत २५ प्रतिशत पुग्ने |
| ६ | कक्षा छाड्ने र दोहर्याउने दरमा कमी | प्रतिशत | विद्यालय छाड्ने दर २ प्रतिशत भन्दा कम र कक्षा दोहर्याउने दर ३ प्रतिशत भन्दा कम पुग्ने |
| ७ | शिक्षकको क्षमता अभिवृद्धि | पटक | माध्यमिक तहका सबै शिक्षकलाई वर्षमा कम्तीमा १ पटक विषयगत वा प्रविधिमूलक मा सहभागी गराइने |
| ८ | प्रविधियुक्त सिकाइ प्रवर्द्धन | | ७५ प्रतिशत विद्यालयमा ICT उपकरणको प्रयोगमार्फत शिक्षण–सिकाइ गरिने |
| ९ | विद्यालय सुधार योजना को प्रभावकारी कार्यान्वयन | | १०० प्रतिशत माध्यमिक विद्यालयमा अद्यावधिक SIP निर्माण र कार्यान्वयनमा रहने |
| १० | सुरक्षित, समावेशी र सिकाइमैत्री वातावरण | | सबै विद्यालयमा बालमैत्री, लैङ्गिक समावेशी तथा सुरक्षित पूर्वाधार सुनिश्चित गरिने |

### ३.३.५प्रमुख क्रियाकलाप सञ्चालन गर्न लाग्ने अनुमानित बजेट (रु हजारमा)

| क्र. सं. | प्रमुख क्रियाकलाप | आवश्यक बजेट अनुमानित (शुरुका ५ बर्षको)रु हजारमा | बाँकि ५ बर्ष | कैफियत |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | हरु | १ | २ | ३ | ४ | ५ | जम्मा | को बजेट २०८५-२०८९ | |
| १ | भर्ना अभियान | १५ | १५ | १५ | १५ | १५ | ७५ | ७५ | संघ, प्रदेश र स्थानीय सरकार तथा सहयोगी संस्थाहरु |
| २ | भौतिक पूर्वाधार व्यवस्थापन | २००० | ३००० | ३५०० | ४००० | ५००० | १४००० | १४००० | |
| ३ | सिकाइ उपलब्धि परीक्षण | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | १५०० | |
| ४ | बिषयगत क्षमता विकास | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० | |
| ५ | परीक्षा व्यवस्थापन | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३०० | ३०० | |
| ६ | सरोकारवालाहरु पदाधिकारी | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | को क्षमता विकास | | | | | | | | |
| ७ | छात्रछात्राहरुलाई व्यक्तिगत स्वास्थ्य सम्बन्धि अभिमुखीकरण | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | १५०० | |
| ८ | पढाई मेला सञ्चालन | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० | |

## ३.४ प्राविधिक तथा व्यवसायिक शिक्षा

**“शिक्षा विकासको ढोका हो भने, प्राविधिक तथा व्यवसायिक शिक्षा त्यसको मूल ढोका हो।” – UNESCO**

प्राविधिक तथा व्यवसायिक शिक्षाले उत्पादनशील कार्यमार्फत ज्ञान, सीप र दक्षता प्रदान गरी व्यक्तिलाई श्रम बजारमा प्रतिस्पर्धी बनाउने कार्य गर्दछ। यस प्रकारको शिक्षा मुलुकको सामाजिक-आर्थिक रूपान्तरणसँग प्रत्यक्ष सम्बन्धित छ। नेपाली समाजमा “बसी बसी खान पढ्नुपर्छ” भन्ने सोच अझै बलियो छ, तर आजको यथार्थ भनेको “गरेर खाने” शिक्षाको खाँचो हो। त्यसैले प्राविधिक तथा सिपमूलक शिक्षालाई विद्यालय तहमै प्रभावकारी रूपमा कार्यान्वयन गर्नु अपरिहार्य छ।

नेपालमा औपचारिक रूपमा प्राविधिक शिक्षा र को सुरुवात वि.सं. १९९९ मा प्राविधिक शिक्षालय (हालको इन्जिनियरिङ कलेज) बाट भएको हो। विद्यालय

तहमा व्यावसायिक सीप सिकाउने प्रयास वि.सं. २००४ देखि सुरु भएको पाइन्छ। यसले शिक्षालाई रोजगारी र उत्पादनसँग जोड्न महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ।

हालसम्म सिपयुक्त जनशक्ति उत्पादनमा सरकारी, निजी तथा गैरसरकारी क्षेत्रबीच सहकार्यमा विभिन्न कार्यक्रमहरू सञ्चालन भएका छन्। राष्ट्रिय शिक्षा नीति २०७६, विद्यालय शिक्षा निर्देशिका २०६९ (दोस्रो संशोधन), र राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ लगायतका नीति दस्तावेजहरूमा प्राविधिक तथा व्यवसायिक शिक्षाको विस्तार र जीवनोपयोगी बनाउने लक्ष्य उल्लेख गरिएको छ। विद्यालय शिक्षाको अन्तिम तह माध्यमिक तहमा सिपमूलक शिक्षाले विद्यार्थीलाई आत्मनिर्भर, उद्यमशील र उत्पादनशील बनाउने आधार निर्माण गर्छ।

## ३४..१वर्तमान अवस्था

डिलासैनी गाउँपालिकाको वडा नं. ३ स्थित श्री दुर्गा माध्यमिक विद्यालय, सिमारमा कक्षा ९–१२ मा प्राविधिक धार सञ्चालनमा छ । हाल वार्षिक १६४ जना विद्यार्थीहरू उक्त धारमा अध्ययनरत छन् । यस कार्यक्रमले गाउँपालिकामा सीपयुक्त जनशक्ति उत्पादनको अवसर प्रदान गरिरहेको छ ।

## चुनौतीहरु

१. युवापुस्तालाई कामको संसारसँग प्रभावकारी रूपमा जोड्न कठिनाइ
२. सबैका लागि प्राविधिक शिक्षामा पहुँच विस्तार गर्नुपर्ने आवश्यकता
३. गुणस्तर सुनिश्चित गर्ने प्रणालीको अभाव
४. जनशक्ति, संस्था र प्रणालीको समुचित विकासमा ध्यान नदिइएको अवस्था
५. स्रोतसाधनको अभाव र दिगो व्यवस्थापनको चुनौती
६. अंग्रेजी माध्यमको कारण पहुँचमा अवरोध

७.**On-the-Job Training (OJT)**को प्रभावकारी व्यवस्थाको अभाव
८. स्थायी र दिगो शिक्षक व्यवस्थापन
९. अनुगमन र मूल्याङ्कन प्रणालीको अभाव
१०. प्राविधिक शिक्षामा पर्याप्त लगानीको आवश्यकता
११. अनुसन्धान, अध्यापन र प्रयोगमा आधारित कार्यक्रमहरूको स्रोत व्यवस्था अपुग

**अवसरहरू**

१. संविधान, शिक्षा नीति २०७६, र आवधिक योजनाले प्राविधिक तथा व्यवसायिक शिक्षालाई उच्च प्राथमिकता
२. CTEVT र विभिन्न मन्त्रालयहरूमार्फत सञ्चालन भएका कार्यक्रमहरूमा समन्वय गरेर स्थानीय तहमै कार्यक्रम विस्तार गर्न सकिने सम्भावना
३. विद्यालय तहमै प्राविधिक धार सञ्चालन गर्न सक्ने विद्यालयहरूको पूर्वाधार, जनशक्ति र इच्छाशक्ति विकास हुँदै गएको
४. कृषि, पशुपालन, निर्माण, स्वास्थ्य र पर्यटन क्षेत्रसँग जोडिएका सिपमूलक हरू सञ्चालन गरी स्थानीय स्रोतमा आधारित स्वरोजगार सिर्जना गर्न सकिने अवस्था
५. साना र मध्यम उद्यम प्रवर्द्धनमा निजी क्षेत्र तथा विकास साझेदारसँग सहकार्य गर्न सकिने अवसर
६. रोजगारीको खोजीमा रहेको युवाशक्ति प्राविधिक सीपमार्फत उद्यमशील बनाउन सकिने ठूलो सम्भावना
७. विद्यालय शिक्षालाई नै जीवनोपयोगी, श्रममुखी र व्यवहारिक बनाउने दिशामा स्थानीय सरकारले पहल गर्न सक्ने अधिकार प्राप्त भएको

## ३.४.२ उद्देश्य

डिलासैनी गाउँपालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासको वर्तमान अवस्था, देखिएका चुनौतीहरू र उपलब्ध अवसरहरूको विश्लेषणका आधारमा यस योजनाले निम्न उद्देश्यहरू निर्धारण गरेको छ:

१. स्थानीय आवश्यकता, रोजगारीको सम्भावना र श्रम बजारको मागअनुसार प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासमा सबैका लागि पहुँच अभिवृद्धि गर्नु।
२. गाउँपालिकाभित्र सिप विकास तथा प्राविधिक शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्न नीति, योजना, पूर्वाधार र व्यवस्थापन संयन्त्रको विकास गर्नु।
३. उपलब्ध स्रोत, क्षेत्रीय सम्भाव्यता र जनशक्तिको पृष्ठभूमिमा आधारित सिप तथा प्राविधिक शिक्षा कार्यक्रमहरूलाई सान्दर्भिक, व्यवहारिक, उपयोगी र गुणस्तरीय बनाउनु।
४. शिक्षा, सिप र उत्पादनबीचको सम्बन्ध मजबुत गर्दै उद्यमशील र आत्मनिर्भर जनशक्ति उत्पादन गर्ने आधार तयार गर्नु।
५. पछाडि पारिएका वर्ग, अपायक समूह तथा दुर्गम क्षेत्रका युवाहरूलाई सिप शिक्षामा पहुँच सुनिश्चित गर्न विशेष कार्यक्रम सञ्चालन गर्नु।
६. गाउँपालिकास्थित प्राविधिक शिक्षालयहरूलाई स्थानीय अर्थतन्त्रसँग जोडिने दक्ष श्रम उत्पादन केन्द्रका रूपमा सशक्त बनाउनु।

## ३४..३ रणनीति

१. स्थानीय आवश्यकता र श्रम बजारको मागअनुसार प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप कार्यक्रमहरूको विस्तार गरिनेछ ।
२. सञ्चालनमा रहेका विद्यालयमा प्राविधिक धारको सुदृढीकरण तथा नयाँ विद्यालयहरूमा विस्तारका लागि प्रोत्साहन गरिनेछ ।
३. विद्यालयमा प्रयोगात्मक सिकाइका लागि आवश्यक उपकरण, प्रयोगशाला तथा कार्यशाला कक्षहरूको स्थापना तथा स्तरोन्नति गरिनेछ ।

४. पिछडिएको वर्ग, महिला, दलित, अपांगता भएका व्यक्ति तथा विपन्न समुदायका लागि विशेष प्राथमिकता दिइनेछ ।

५. विद्यार्थीहरूलाई सिकाइसँगै आम्दानीको अवसर दिन स्वरोजगार र उद्यमशीलता अभिवृद्धिका कार्यक्रमहरू विकास गरिनेछ ।

६. प्राप्त प्रशिक्षक तथा सहायक प्रशिक्षकको संख्या वृद्धि गर्न र क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

७. सिपमूलक हरू सञ्चालन गर्न निजी क्षेत्र, गैरसरकारी संस्था, CTEVT र अन्य साझेदारहरूसँग सहकार्य गरिनेछ ।

८. on-the-job training (OJT) लाई स्थानीय उत्पादन, उद्यम र बजारसँग जोडिने गरी व्यवस्थित रूपमा कार्यान्वयन गरिनेछ ।

९. प्रत्येक सिप पछि रोजगार वा स्वरोजगारमा जान पथप्रदर्शन तथा अनुगमन प्रणाली विकास गरिनेछ ।

१०. सिपमूलक मा सहभागी हुने विद्यार्थीहरूको पहिचान, अभिलेख व्यवस्थापन र मूल्याङ्कन प्रणाली लागू गरिनेछ ।

११. अपायक विद्यार्थीहरूका लागि छात्रावास सुविधा र आवश्यक सहयोग उपलब्ध गराइनेछ ।

१२. विद्यालय तहमै लघु उद्यम सञ्चालन गर्ने सम्भाव्यता अध्ययन गरी प्रयोगात्मक उद्यमशील कार्यक्रम सञ्चालन गरिनेछ ।

१३. स्थानीय सरकारले प्राविधिक तथा सिप शिक्षामा लगानी वृद्धि गर्न बजेट विनियोजन तथा साझेदारीको संयन्त्र विकास गर्नेछ ।

१४. जनचेतना कार्यक्रम सञ्चालन गरी व्यवसायिक शिक्षाको महत्व, उपयोग र अवसरबारे समुदायमा चेतना अभिवृद्धि गरिनेछ ।

### ३.४.४उपलब्धि तथा अपेक्षित नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि तथा अपेक्षित नतिजाहरू**

१. गाउँपालिकामा प्राविधिक तथा सिपमूलक शिक्षामा सहभागी हुने विद्यार्थीको संख्या उल्लेखनीय रूपमा वृद्धि हुने
२. युवाहरूमा स्वरोजगार र उद्यमशीलताप्रति आकर्षण बढ्ने
३. पिछडिएको वर्ग, महिला, दलित र विपन्न समूहको प्राविधिक शिक्षामा पहुँच सुनिश्चित हुने
४. विद्यालयमा प्रयोगात्मक सिकाइका लागि प्रयोगशाला, उपकरण र कार्यशाला कक्षको सुदृढीकरण हुने
५. प्राप्त प्रशिक्षक र सहायक प्रशिक्षकको संख्या तथा दक्षता वृद्धि हुने
६. रोजगार वा स्वरोजगारमा जाने पूर्व विद्यार्थीहरूको संख्या वृद्धि हुने
७. प्राविधिक धार सञ्चालन भएका विद्यालयहरूको प्रभावकारिता र गुणस्तरमा सुधार आउने
८. निजी क्षेत्र, गैरसरकारी संस्था, CTEVT आदि साझेदारहरूसँग सहकार्य सुदृढ हुने
९. सिप तथा OJT मा सहभागी विद्यार्थीहरूको अभिलेख र अनुगमन प्रणाली प्रभावकारी हुने
१०. साना उद्यम सञ्चालनमार्फत विद्यालय शिक्षामा व्यवहारिक सिकाइ र आम्दानीको अवसर सिर्जना हुने

**प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | ५ वर्ष | |
| १ | प्राविधिक धार सञ्चालन भएका विद्यालयहरूको संख्या | संख्या | २ | | ३ | | ४ | ४ | |
| २ | प्राविधिक धारमा अध्ययनरत विद्यार्थी संख्या | वार्षिक जना | १६४ | ✓ | ✓ | ✓ | ✓ | ५०० भन्दा बढी | |
| ३ | OJT मा सहभागी हुने विद्यार्थी | प्रतिशत | १६४ | ✓ | ✓ | ✓ | ✓ | ८० भन्दा बढी | |
| ४ | पछि रोजगारी/स्वरोजगारमा संलग्न विद्यार्थी | प्रतिशत | ३० | ४० | ५० | ६० | ७० | ७० भन्दा बढी | |
| ५ | प्रयोगशाला तथा उपकरण सुसज्जित विद्यालय | संख्या | २ | | | | | ३ भन्दा बढी | |
| ६ | प्रशिक्षित प्रशिक्षक तथा सहायक प्रशिक्षक संख्या | जना | ६ | | | | | १० भन्दा बढी | |
| ७ | जनचेतना कार्यक्रममा सहभागी अभिभावक तथा | जना | ४४० | | | | | कम्तीमा ८०० जना | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | समुदायको संख्या | | | | | | | भन्दा बढी | |
| १७ | स्थानीय तहबाट बिनियोजन गरिएको बजेट | | २८ लाख | | | | | वार्षिक ४० लाख भन्दा बढी | |
| ९ | छात्रावास सुविधा प्राप्त अपायक विद्यार्थी संख्या | जना | | | | | | ३० जना भन्दा बढी | |

### ३.४.५प्रमुख क्रियाकलाप सञ्चालन गर्न लाग्ने अनुमानित बजेट (रु हजारमा)

| क्र.सं. | प्रमुख क्रियाकलाप | अनुमानित बजेट रू हजारमा | | | | | | स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकी ५ वर्ष | |
| १ | प्राविधिक धारका विद्यालय स्थापना र सञ्चालन | १०० | १०० | १०० | १०० | १०० | ५०० | सङ्घीय सरकार, प्रदेश, स्थानीय सरकार र सहयोगी साझेदार |
| २ | प्राविधिक धार | १०० | १०० | १०० | १०० | १०० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सञ्चालन भएका विद्यालहरू को भौतिक पूर्वाधार विकास | | | | | | | संघसंस्थाहरु |
| ३ | बहुप्राविधिक शिक्षालय स्थापना, सञ्चालन तथा नियमन | १०० | १०० | १०० | १०० | १०० | ५०० | |
| ४ | स्थानीय स्तरमा रहेका परम्परागत सिपहरूको पहिचान, प्रमाणिकरण र प्रवर्द्धन कार्यक्रम | १० | १० | १० | १० | १० | ५० | |
| ५ | छोटा अवधिका | ५ | ५ | ५ | ५ | ५ | २५ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सिपमूलक सञ्चालन | | | | | | | |
| ६ | वैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सिपको खोजि र उपयोग | २ | २ | २ | २ | २ | १० | |
| ७ | आर्थिक रूपमा पछाडि परेका सिमान्तकृत, दलित अपाङ्गता, महिला जनजाति विद्यार्थीका लागि उच्च शिक्षामा सहज पहुँचको अवसर | २ | २ | २ | २ | २ | १० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सिर्जना गरिनेछ | | | | | | | |
| ८ | प्राविधारको विद्यालयमा अध्ययरत विद्यार्थीको लागि छात्रवास | ३ | १० | १० | | | | |
| ९ | अनुगमान तथा नियमन | १ | १ | १ | १ | १ | ५ | |

## ३.५ अनौपचारिक तथा निरन्तर शिक्षा

अनौपचारिक तथा निरन्तर शिक्षा जीवनभरि चल्ने सिकाइ हो जसले औपचारिक शिक्षाको बाहिरका ज्ञान, सीप र प्रक्रियाहरू प्रदान गर्दछ। यसले निरक्षरलाई साक्षर बनाउने, साक्षरलाई निरन्तर शिक्षा दिने र जीवनोपयोगी सीप विकासमा जोड दिन्छ।

### ३.५.१ वर्तमान अवस्था

डिलासैनी गाउँपालिकामा हाल ३ वटा सामुदायिक सिकाइ केन्द्र छन् तर तिनीहरू प्रभावकारी रूपमा सञ्चालनमा छैनन्। स्थानीय तहमा यसको जिम्मेवारी भए पनि अनौपचारिक शिक्षा प्राथमिकतामा नरहेको र व्यवस्थापन कमजोर रहेको अवस्था छ। अझै पनि साक्षरता अभियानले अपेक्षित सफलता नपाएको र निरन्तर शिक्षा कार्यक्रमहरू पर्याप्त सञ्चालन हुन नसकेको चुनौती छ।

**चुनौतीहरू**

१. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको प्रभावकारी व्यवस्थापनको अभाव
२. सामुदायिक सिकाइ केन्द्रहरू प्रभावकारी सञ्चालनहुन नसक्नु
३. निरन्तर शिक्षा तथा सिपमूलक कार्यक्रमको अभावले पुनः निरक्षर हुने जोखिम
४. महिला निरक्षरता दर पुरुषको तुलनामा बढी हुनु
५. साक्षरता कार्यक्रमपछि सीप प्रयोग र अभ्यास नहुनु
६. स्थानीय तहमा अनौपचारिक शिक्षा प्राथमिकता नपाउनु
७. तथ्यांक संकलन र अनुगमन प्रणाली कमजोर हुनु

**अवसरहरू**

१. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइमा सहज र सर्वसुलभ पहुँचको सम्भावना छ।
२. सूचना प्रविधि र कार्यमूलक सिकाइ समायोजन गरेर प्रभावकारिता वृद्धि गर्न सकिन्छ।
३. सामुदायिक सिकाइ केन्द्रहरूलाई सुदृढ पारेर स्थानीय आवश्यकतालाई सम्बोधन गर्न सकिन्छ।

४. साक्षरता तथा निरन्तर शिक्षा कार्यक्रमहरूलाई रोजगार र आयमूलक सीपसँग जोड्ने अवसर छ।
५. गैरसरकारी संस्था र समुदायमा आधारित संस्थाहरू मार्फत कार्यक्रमहरू सञ्चालन गर्ने सम्भावना छ।
६. उच्च साक्षरता दर भए पनि निरन्तर शिक्षामा जोड दिएर पुनः निरक्षरताबाट बचाउन सकिन्छ।
७. महिला साक्षरता बढाउन लक्षित कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ।
८. संघीय संरचनामा स्थानीय तहले अधिकार र स्रोत प्रयोग गरेर शिक्षा विस्तार गर्न सक्छ।

## ३.५.२ उद्देश्य

१. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसर र पहुँच सुनिश्चित गर्नु।
२. आजीवन सिकाइको संस्कृतिलाई प्रवर्द्धन गर्दै अनौपचारिक तथा निरन्तर शिक्षाका कार्यक्रमहरू एकीकृत प्रणालीमा आधारित संस्थागत रूपमा सुदृढ गर्नु।
३. बालबालिकाको सिकाइ सुधारका लागि अभिभावकहरूको सचेतना अभिवृद्धि गर्नु।
४. नवसाक्षरहरूलाई जीविकोपार्जनमा उपयोगी सीप र ज्ञानमार्फत आयमूलक क्रियाकलापमा सहभागिता बढाउनु।

## ३.५.३ रणनीति

१. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरहरू विस्तार गर्न सामुदायिक सिकाइ केन्द्रहरू सुदृढ गरिनेछ।
२. नवसाक्षरहरूका लागि कार्यमूलक, जीविकोपार्जन र सीपमूलक कार्यक्रमहरूको विकास तथा कार्यान्वयन गरिनेछ।

३. अनौपचारिक शिक्षालाई औपचारिक शिक्षासँग जोड्ने दोहोरो प्रवाहको व्यवस्था लागू गरिनेछ।
४. साक्षरता अभियानलाई निरन्तर शिक्षासँग समन्वय गरी दीगो सिकाइ सुनिश्चित गरिनेछ।
५. अभिभावकहरूको अभिरुचि, सहभागिता र सचेतना अभिवृद्धिका लागि अभिमुखीकरण तथा अभिप्रेरणा कार्यक्रम सञ्चालन गरिनेछ।
६. महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, तथा सीमान्तकृत समुदायका लागि विशेष लक्षित साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।
७. सूचना प्रविधिको प्रयोगमार्फत दूर सिकाइ तथा खुला शिक्षाको पहुँच विस्तार गरिनेछ।
८. अनौपचारिक शिक्षासँग सम्बन्धित नीति, योजना, अनुगमन तथा तथ्यांक व्यवस्थापन प्रणाली विकास गरिनेछ।

### ३.५.४ उपलब्धि तथा अपेक्षित नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि तथा अपेक्षित नतिजाहरू**

१. पालिकाका सबै नागरिकको लागि साक्षरता, निरन्तर शिक्षा तथा जीवनपर्यन्त सिकाइको पहुँच विस्तार हुने
२. सामुदायिक सिकाइ केन्द्रहरू स्थानीय आवश्यकताअनुसार कार्यमूलक र सीपमूलक कार्यक्रम सञ्चालन गर्न सक्षम हुने
३. नवसाक्षर जनसंख्या आर्थिक गतिविधिमा संलग्न भई जीविकोपार्जनमा सुधार हुने
४. अभिभावकहरूको साक्षरता र सचेतना अभिवृद्धि भई बालबालिकाको सिकाइ वातावरण सशक्त हुने

५. सूचना प्रविधि तथा दूर सिकाइका माध्यमहरूबाट शिक्षा पहुँचमा रहेको असमानता न्यूनीकरण हुने

**प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्र.सं. | सूचक | इकाइ | आधार वर्ष २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|---|
| १ | १५ वर्षभन्दा माथिको उमेर समूहमा भाषिक तथा गणितीय साक्षरता दर (%) | प्रतिशत | ६९.८२ | ७२.२ | ७५.२५ | ८०.८२ | ८४.७५ | ८९.६४ |
| ३ | न्यूनतम एक सामुदायिक सिकाइ केन्द्र हरेक वडामा सञ्चालन हुने | केन्द्र | ३ | ४ | ५ | ६ | ७ | ८ |
| ३ | अभिभावक अभिमुखीकरण तथा सचेतना कार्यक्रममा | जना | ८० प्रतिशत अभिभावकहरु | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सहभागिता | | | | | | | |
| ४ | सामुदायिक पुस्तकालय | संख्या | ० | १ | २ | ३ | ५ | ७ |

## ३.५.५प्रमुख क्रियाकलाप सञ्चालन गर्न लाग्ने अनुमानित बजेट (रु हजारमा)

| क्रस | प्रमुख क्रियाकलाप | अनुमानित बजेट रू हजारमा | | | | | | बाँकी ५ वर्षको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल बजेट | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | |
| १ | अनौपचारिक शिक्षा र निरन्तर शिक्षासम्बन्धी स्थानीय तहको मापदण्ड रनिर्देशिकाहरूको विकास | ५०० | ३०० | | | १०० | १०० | ५०० | सङ्घीय , प्रदेश र सरकार साथै विभिन्न सरकारी तथा गै.स.सं. हरु |
| २ | रेडियो, टिभी जस्ता आमसन्चारका साधनहरूको उपयोग गर्न | २०० | १०० | ५० | ५० | | | २०० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बजेट अनुदान | | | | | | | | |
| ३ | समुदाय स्तरमापुस्तकालय स्थापना र सन्चालन गर्ने | ७००० | १००० | १००० | १००० | १००० | ३००० | ७००० | |
| ४ | CLC परिचालकहरुको क्षमता अभिबृधि/ | २०० | १०० | ५० | ५० | | | २०० | |
| ५ | अनौपचारिक र निरन्तर शिक्षा कार्यक्रमहरुको अनुगमन | २०० | ५० | ५० | ५० | ५० | | २०० | |
| | जम्मा | ८१०० | | | | | | ८१०० | |

# परिच्छेद-४
# अन्तर-सम्बन्धित क्षेत्रहरू

## ४.१ पाठ्यक्रम,पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

पाठ्यक्रम शिक्षण सिकाइ प्रक्रियाको दिशा निर्धारण गर्ने आधार हो। शिक्षाको उद्देश्य अनुरूप ज्ञान, सिप र दृष्टिकोण विकास गर्न पाठ्यक्रम, पाठ्यपुस्तक, सहायक सामग्री र मूल्याङ्कन प्रणाली सशक्त हुन आवश्यक छ। नेपालको विविध भौगोलिक, सांस्कृतिक, भाषिक र सामाजिक परिवेशलाई दृष्टिगत गर्दै केन्द्रिय पाठ्यक्रमसँगै स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयनलाई विशेष महत्व दिइएको छ। स्थानीय पाठ्यक्रमले स्थानीय ज्ञान, भाषा, सिप, संस्कृति र जनजीवनलाई समेट्छ, जसले शिक्षा प्रणालीलाई जीवनोपयोगी, व्यवहारिक र सहभागितामूलक बनाउँछ।

**"पाठ्यक्रम शिक्षाको नक्सा हो, जसले सिकाइको मार्ग पहिल्याउँछ।"** -राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६

स्थानीय पाठ्यक्रमले केन्द्रिय पाठ्यक्रमले नसमेटेका पक्षहरू समेट्ने मौका दिन्छ, जसबाट स्थानीय सन्दर्भअनुकूल शिक्षण सिकाइ सम्भव हुन्छ। यस्तै, मूल्याङ्कन पनि पाठ्यक्रमको अभिन्न अंग हो, जसले सिकाइको प्रगति मापन गर्ने र आवश्यक सुधारको आधार तय गर्ने कार्य गर्छ। मूल्याङ्कनबिना पाठ्यक्रम अपूरो हुन्छ।

### ४.१.१ वर्तमान अवस्था

डिलासैनी गाउँपालिकामा प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्मको शिक्षामा नेपाल सरकारद्वारा स्वीकृत राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ लागू भइसकेको छ। कक्षा १ र ११ बाट सुरु गरिएको नयाँ पाठ्यक्रम अहिले सम्पूर्ण कक्षामा कार्यान्वयनमा छ। कक्षा १-३ मा एकीकृत पाठ्यक्रम लागू गरिएको छ भने आधारभूत तह (कक्षा १-८) मा स्थानीय कला, संस्कृति, भाषा, सीप आदिमा आधारित स्थानीय पाठ्यक्रम समेत विकास गरी कार्यान्वयन गरिएको छ।

कक्षा ८ सम्मको मूल्याङ्कन स्थानीय तहबाट र कक्षा १० तथा १२ को परीक्षा राष्ट्रिय परीक्षा बोर्डमार्फत सञ्चालन हुन्छ। हाल प्रयोगात्मक मूल्याङ्कन र उच्च तहको सोचमूलक परीक्षण प्रणाली कमजोर देखिएको छ। पाठ्यपुस्तक वितरण ढिलाइ, शिक्षण सामग्रीको अभाव र प्रविधिको पहुँच सीमित रहनु चुनौतीहरू हुन्।

हरित विद्यालय, वित्तीय साक्षरता, जीवनोपयोगी सिप (जस्तै उद्यमशीलता, संचार, संवेग व्यवस्थापन) जस्ता समसामयिक विषयहरू पाठ्यक्रममा समावेश गरिएका छन्। विद्यालयमा स्थानीय पाठ्यक्रमलाई समयानुकूल परिमार्जन, नमुना कक्षा प्रदर्शन, उत्कृष्ट विद्यालय र प्रधानाध्यापकलाई सम्मान, र घुम्ती बैठकजस्ता अभ्यासहरू गरिएका छन्।

## चुनौतीहरू

१. पाठ्यपुस्तक तथा शिक्षण सामग्रीको समयमै आपूर्ति नहुनु।
२. प्रयोगात्मक तथा व्यवहारिक शिक्षण-सिकाइ कमजोर हुनु।
३. मूल्याङ्कन प्रणाली संज्ञानात्मक तहको तल्लो स्तरमा सीमित हुनु।
४. स्थानीय पाठ्यक्रम निर्माण र परिमार्जनको प्रक्रिया अपूर्ण वा कमजोर हुनु।
५. पाठ्यक्रम समायोजनमा शिक्षकहरूको क्षमता अभाव।
६. बहुपाठ्यपुस्तकको नीति कार्यान्वयनमा चुनौती।
७. सन्दर्भ सामग्रीको गुणस्तरमा एकरूपता नहुनु।
८. प्रविधिमार्फत सिकाइका लागि पूर्वाधार र पहुँच अभाव।

## अवसरहरू

१. विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ कार्यान्वयन भइसकेको
२. स्थानीय पाठ्यक्रम विकास र समायोजनका लागि स्पष्ट नीति तथा कार्यविधि उपलब्ध
३. जीवनोपयोगी सिपहरू समावेश गर्न पाठ्यक्रम लचिलो
४. डिजिटल सामग्री, अनलाइन सिकाइ प्लेटफर्मको विस्तार हुने अवस्था
५. स्थानीय संस्कृतिका संरक्षण र प्रवर्द्धनमा पाठ्यक्रमको योगदान रहेको
६. हरित विद्यालय, वित्तीय साक्षरता, जीवनोपयोगी सिपलाई पाठ्यक्रममा समावेश गर्ने अभ्यास सुरु
७. शिक्षक र विद्यालयको नवप्रवर्तनशील अभ्यासलाई पाठ्यक्रमसँग समायोजन गर्न सकिने सम्भावना

दिलाशैनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डिलाशैनी, बैतडी
सुदूर पश्चिम प्रदेश नेपाल

## ४१..२ उद्देश्य

१. पाठ्यक्रम, पाठ्यपुस्तक र सिकाइ सामग्रीलाई समसामयिक, स्थानीय सान्दर्भिकता र व्यवहारिक आवश्यकतासँग मेल खाने बनाउनु।
२. स्थानीय पाठ्यक्रमको विकास, परिमार्जन र प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नु।
३. प्रयोगात्मक सिकाइ र मूल्याङ्कन प्रणालीलाई व्यवहारिक, समावेशी र सिकाइमुखी बनाउनु।
४. शिक्षण सामग्रीको समयमै आपूर्ति र गुणस्तर सुनिश्चित गर्नु।
५. बहुपाठ्यपुस्तक र सन्दर्भ सामग्रीको प्रभावकारी प्रयोग प्रोत्साहन गर्नु।

## ४१..३ रणनीति

१. कक्षा १-८ का लागि स्थानीय पाठ्यक्रमको निर्माण, परिमार्जन तथा कार्यान्वयनमा सरोकारवालाको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ।
२. पाठ्यपुस्तक तथा सिकाइ सामग्री समयमै आपूर्ति गर्न स्थानीय तहले योजना बनाउनेछ।
३. प्रयोगात्मक विषयहरूका लागि आवश्यक सामग्री र प्रयोगशालाको व्यवस्था तथा स्तरोन्नति गरिनेछ।
४. शिक्षकलाई पाठ्यक्रम, मूल्याङ्कन, शिक्षण सामग्री प्रयोग सम्बन्धी  दिइनेछ।
५. मूल्याङ्कन प्रणालीलाई सोच, विश्लेषण, प्रयोग र व्यवहारमा आधारित बनाइनेछ।
६. बहुपाठ्यपुस्तक प्रयोगमा विद्यालय व्यवस्थापन समितिको निर्णयअनुसार छूट दिइनेछ।
७. शिक्षण सामग्री डिजिटलाइजेसन गरी अनलाइन पहुँच व्यवस्था गरिनेछ।
८. उत्कृष्ट पाठ्यक्रम प्रयोग, शिक्षण अभ्यास र मूल्याङ्कन प्रविधि अवलम्बन गर्ने विद्यालयलाई प्रोत्साहन गरिनेछ।

## ४.१.४ उपलब्धि तथा अपेक्षित नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

### उपलब्धि तथा अपेक्षित नतिजाहरू

१. स्थानीय पाठ्यक्रम प्रभावकारी रूपमा कार्यान्वयनमा आउने
२. शिक्षण सिकाइ सामाग्री र पाठ्यपुस्तक सहज पहुँचमा हुने
३. मूल्याङ्कन प्रणाली व्यवहारिक र सिकाइमुखी बन्ने
४. शिक्षकहरू पाठ्यक्रम र मूल्याङ्कनमा दक्ष हुने
५. विद्यार्थीहरू व्यवहारिक, जीवनोपयोगी र स्थानीय ज्ञानमा सशक्त बन्ने
६. पाठ्यक्रम, सामग्री र मूल्याङ्कनमा स्थानीय र प्राविधिक नवप्रवर्तन समावेश हुने

### प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.स. | सूचक | इकाइ | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|---|
| १. | स्थानीय पाठ्यक्रम कार्यान्वयन गरिरहेका विद्यालयहरूको संख्या | विद्यालय | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २. | समयमै पाठ्यपुस्तक पाएका विद्यालयहरूको प्रतिशत | | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ |
| ३. | शिक्षकहरूलाई पाठ्यक्रम/मूल्याङ्कन दिइएका विद्यालयहरूको संख्या | | ० | ५६ | | | | |
| ४. | प्रयोगात्मक विषयमा नमुना अभ्यास गर्ने विद्यालयहरूको संख्या | | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ |
| ५. | जलवायु परिवर्तन तथा उत्थानशिलता सम्बन्धि सामग्री प्रयोग गर्ने विद्यालय संख्या | | ० | २ | ५ | १० | १५ | २० |

## ४.१.५ प्रमुख क्रियाकलाप सञ्चालन गर्न लाग्ने अनुमानित बजेट (रु हजारमा)

| क्र स | प्रमुख क्रियाकलाप | अनुमानित बजेट रू हजारमा (वार्षिक) | | | | | | बाँकी ५ वर्षको बजेट | स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल बजेट | १ | २ | ३ | ४ | ५ | | |
| १ | **राष्ट्रिय पाठ्यक्रम प्रारूप २०२७६ को कार्यन्वयन**(तहगतपाठ्यक्रमहरूको विकास, परीक्षण र कार्यन्वयन, नमुना पाठ्यपुस्तकहरूको विकास, शिक्षक निर्देशिका र सन्दर्भ सामग्रीहरुको विकास गर्ने) | १०००० | ३०० | ३०० | ३०० | २०० | २०० | १०००० | संघ, प्रदेश र स्थानी य सरकार तथा गै.स.सं. |
| २ | **पाठ्यक्रमको मूल्यांकन**(मुल्यांकन, सुधार र बिद्यालयमा आधारित पाठ्यक्रम विकास र नमूनापरीक्षण) | ५०० | १०० | १०० | १०० | १०० | १०० | ५०० | |
| ३ | **Digital सामाग्रीहरुको कार्यन्वयन**(विधुतीय | ५०० | १०० | १०० | १०० | १०० | १०० | ५०० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | अन्तरक्रियात्मक सामाग्रीहरुको विकास र तिनलाई Online/Offline माध्यमबाट बिद्यार्थी (अपाङ्गता भएका बिद्यार्थी समेत) रशिक्षकको पँहुचसम्म पुर्याउने सुनिश्चित गर्ने, पाठ्यक्रम विकास केन्द्रबाटविकास गरिएका सबै सामाग्रीहरुलाई विधुतीय प्रती बनाई तिनलाई e-library को विकासगरी सबैको पँहुच सुनिश्चित गर्ने | | | | | | | | |
| ४ | सँस्थागत संरचनाको विकास र क्षमता अभिबृद्धि गर्ने (बिज्ञहरुकोपरिचालन गरी स्थानीय तहहरूमा स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयनका लागिप्राबिधिक सहयोग | ३०० | १०० | ५० | ५० | ५० | ५० | ३०० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रदान गर्ने बिधि र पद्धति स्थापित गर्ने) | | | | | | | | |
| ५ | आधारभूत तहको पाठ्यक्रकका लागि सबै शिक्षकहरूलाई ३ दिने अभिमुखीकरण प्रदान गर्ने | १००० | ३०० | ३०० | ३०० | २०० | | १००० | |
| ६ | आन्तरिक र बाहिय दुवै विधिका बिद्यार्थी मुल्यांकन र तिनकोकार्यन्वयनको मापदण्डहरू विकास गर्ने(जसमा:- नमूना सामाग्रीहरु विकास गर्ने, कक्षाकोठामा आधारितमुल्यांकनका मापदण्डहरूको विकास र तिनको बारेमा अभिमुखीकरण साथै बिद्यार्थीप्रगतीको प्रतिबेदन र सुझाव सङ्कलन) | ५०० | २०० | १०० | १०० | १०० | | ५०० | |
| ७ | **प्राबिधिक धारका बिषयहरुको पाठ्यक्रम र सिकाईसामग्रीहरुको** | ५०० | १०० | १०० | १०० | १०० | १०० | ५०० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | **विकास र कार्यान्वयन गर्ने**(जसमा:-प्राबिधिक धारका बिषयगत समस्या तथा सवालहरू पत्ता लागउने, तिनलाई पाठ्यक्रममासमायोजन गर्ने र सोका आधारमा पाठ्यपुस्तक, सिकाई सामग्रीहरूको विकास, मुल्यांकनपद्धतिको विकास र तिनको प्रबोधिकरण, बितरण, प्रयोग बिषयहरु समाबेश गर्ने) | | | | | | | | |
| ८ | बिद्यालय शिक्षा पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य बिषय क्षेत्रकानिर्देशिका, बिधि र प्रक्रियाहरूको विकास र परिमार्जन गर्ने र तिनलाई एकीकृतगर्ने) | ५०० | १०० | १०० | १०० | १०० | १०० | ५०० | |
| **जम्मा बजेट (हजारमा)** | | ४८०० | | | | | | ४८०० | |

## ४.२ शिक्षक व्यवस्थापन तथा विकास

गुणस्तरीय शिक्षा प्रवाहका लागि शिक्षक मुख्य आधार हुन्। विद्यार्थीको सिकाइलाई सकारात्मक प्रभाव पार्ने योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापन तथा विकास अपरिहार्य छ। नेपालमा शिक्षण पेशालाई व्यावसायिक र पहिलो रोजाइको पेशाका रूपमा प्रवर्धनगर्न विभिन्न नीति तथा कार्यक्रमहरू सञ्चालनमा छन्। यद्यपि, शिक्षक व्यवस्थापन प्रणालीमा विविधता, असमानता र सहकार्यको अभावजस्ता चुनौतीहरू विद्यमान छन्।

स्थायी, अस्थायी, राहत, अनुदान, निजी स्रोत तथा स्वयंसेवक शिक्षकबीच सेवा शर्तमा भिन्नता छ भने कार्यसम्पादन मूल्याङ्कन विद्यार्थी सिकाइसँग पर्याप्त रूपमा सम्बद्ध हुन सकेको छैन। शिक्षकको पेशागत विकासका लागि , अभिमुखीकरण र मूल्याङ्कन प्रणालीलाई सुदृढ गर्दै विषयगत तथा जनसंख्याका आधारमा शिक्षक दरबन्दीको न्यायोचित व्यवस्थापन, समावेशीकरण, र उत्तरदायित्वमा आधारित प्रणाली विकास आवश्यक छ।

यस योजनाले शिक्षक व्यवस्थापनलाई प्रभावकारी, समान, उत्तरदायी र गुणस्तरीय बनाउने उद्देश्यसहित रणनीति, कार्यक्रम र नतिजामूलक सूचकहरू समेटेको छ।

### ४.२.१ वर्तमान अवस्थाः

शिक्षक सेवा आयोग ऐन र नियमावली (२०५७ संशोधित) अनुसार स्थायी शिक्षक बन्न अध्यापन अनुमति पत्र र आयोगको परीक्षा उत्तीर्ण हुनु अनिवार्य छ ; बढुवाका मापदण्डले शिक्षण पेशालाई समाजमा प्रतिष्ठा दिलाएको छ। डिलासैनी गाउँपालिकाका सामुदायिक विद्यालयहरूमा ९६ स्थायी (माध्यमिक:

६, आधारभूत कक्षा ६-८: ११, प्राथमिक: ७९) तथा ६९ राहत अनुदान शिक्षक (माध्यमिक: २१, कक्षा ६-८: ११, प्राथमिक: ३७) कार्यरत छन् ; यस्तै संघीय अनुदानका ४७ र पालिकाबाट स्वीकृत २९ गरी ७६ बालविकास सहजकर्ता छन् । पेशागत दक्षता र अभिप्रेरणाका लागि शिक्षक , कार्यशाला, अवलोकन भ्रमण, मेन्टरिङ् र अनुसन्धानजन्य कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । यद्यपि संघीय-प्रदेश शिक्षा ऐन, नियमावली र निर्देशिकाहरूको अभावले विभिन्न श्रेणीका शिक्षकहरूको व्यवस्था र मूल्याङ्कनलाई एकीकृत गर्ने चुनौती बनिरहेको हुँदा, आगामी योजनामा यी मापदण्ड र प्रक्रियाहरूलाई स्पष्ट गरी लागू गर्न आवश्यक छ ।

**चुनौतीहरू**

१. विभिन्न श्रेणीका शिक्षक (स्थायी, अस्थायी, राहत, स्वयंसेवक, प्राविधिक धारा, निजी) व्यवस्थापनमा एकरूप निर्देशिका नहुनु।

२. संघीय-प्रदेश शिक्षा ऐन तथा नियमावलीअनुसार भर्ना, मूल्याङ्कन र बढुवामा स्पष्ट प्रक्रिया नहुनु।

३. कार्यसम्पादन मूल्याङ्कन र विद्यार्थी सिकाइ उपलब्धि बीचको सम्बन्ध अभाव।

४. शिक्षक तयारी (ट्रेनि) र नियुक्ति निकाय बीच समन्वयको कमी।

५. शिक्षक पेशागत विकासका अवसरहरूको असमान वितरण।

**अवसरहरू**

१. शिक्षक सेवा आयोग र शिक्षा ऐन नियमावलीले पेशाको मान्यता र संरचना प्रदान गरेको ।

२. संघीय र स्थानीय सरकारद्वारा सञ्चालन भइरहेको विविध कार्यक्रमहरू।

३. शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा उपलब्ध प्रशिक्षक तथा स्रोतहरू।

४. स्थानीय तहले शिक्षक क्षमता विकास र व्यवस्थापनमा भाग लिन पाउने कानुनी अधिकार।

५. विद्यालय-समुदाय साझेदारी मार्फत स्थानीय आवश्यकताअनुसार प्रशिक्षण योजनाबद्ध गर्न सकिने।

### ४.२.२ उद्देश्य

१. शिक्षक दरबन्दीलाई तहगत, कक्षागत र विषयगत आवश्यकताअनुसार पुनः मिलान तथा पुनर्वितरण गर्ने।

२. शिक्षकहरूको पेशागत दक्षता अभिवृद्धिका लागि निरन्तर , अभिमुखीकरण तथा सहयोग कार्यक्रम सञ्चालन गर्ने।

३. सूचना तथा सञ्चार प्रविधिको उपयोगमा शिक्षकहरूको दक्षता वृद्धि गर्ने।

४. शिक्षण पेशालाई प्रतिस्पर्धी, आकर्षक र प्रतिष्ठित बनाउने वातावरण सिर्जना गर्ने।

५. शिक्षकहरूको उपस्थिति र कार्यसम्पादन सुधार गर्न प्रभावकारी अनुगमन, मूल्यांकन तथा सहजीकरण प्रणाली निर्माण गर्ने।

### ४.२.३ रणनीति

१. शिक्षक दरबन्दीको तहगत, विषयगत र विद्यार्थी सङ्ख्याका आधारमा समायोजन तथा पुनर्वितरण गर्न शैक्षिक मानव स्रोत नक्साङ्कन र विश्लेषण गर्ने।

२. शिक्षकको पेशागत विकासका लागि वार्षिक  योजनाअनुसार आवश्यकता आधारित हरू सञ्चालन गर्ने।

३. सबै शिक्षकहरूलाई सूचना तथा सञ्चार प्रविधिमा दक्ष बनाउन अनलाइन/अफलाइन  र व्यवहारिक अभ्यासलाई बढावा दिने।

४. शिक्षक कार्यसम्पादन मूल्याङ्कन प्रणाली सशक्त बनाई पुरस्कार तथा उत्प्रेरणा प्रणाली विकास गर्ने।

५. विद्यालयस्तरमै शिक्षक सहयोग समूह गठन गरी अनुभव आदानप्रदान र सहकर्मी सहयोग प्रवर्द्धन गर्ने।

६. शिक्षकको उपस्थिति तथा कक्षा शिक्षण अनुगमनका लागि विद्यालय व्यवस्थापन समिति, पालिका अनुगमन टोली तथा प्रधानाध्यापकहरूलाई जिम्मेवार बनाउने।

७. शिक्षकको , दक्षता, कार्यसम्पादन, उपस्थिति आदि विवरण अद्यावधिक राख्ने शिक्षक व्यवस्थापन सूचना प्रणालीप्रभावकारी रूपमा कार्यान्वयन गर्ने।

८. शिक्षण पेशालाई सम्मानित बनाउन करियर पाथवे, बढुवा प्रणाली, पेशागत स्वतन्त्रता र सामूहिक प्रतिबद्धता प्रवर्द्धन गर्ने नीति निर्माण गर्ने।

### ४.२.४उपलब्धि तथा अपेक्षित नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### उपलब्धि तथा अपेक्षित नतिजाहरू

१. शिक्षक दरबन्दी मिलान सम्पन्न भई तहगत, कक्षागत र विषयगत रूपमा प्रभावकारी व्यवस्थापन भएको हुनेछ।

२. सबै शिक्षकहरूले निरन्तर पेशागत विकासका अवसरहरू प्राप्त गरेका हुनेछन।

३. शिक्षकहरू सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा दक्ष भइसकेका हुनेछन।

४. शिक्षण पेशा थप प्रतिस्पर्धी, सम्मानित र पहिलो रोजाइको पेशाको रूपमा स्थापित भएको हुनेछ।

५. पेशागत विकास सम्बन्धी नीतिगत प्रावधानहरूको विस्तार र सुदृढीकरण भई शिक्षक पेशागत सहयोग प्रणालीमार्फत नियमित रुपमा सहकार्य प्राप्त भएको हुनेछ।

६. शिक्षकहरूको उपस्थिति, शिक्षण विधि तथा पद्धतिमा सुधार आई कार्यसम्पादनमा गुणात्मक सुधार देखिएको हुनेछ।

७. शिक्षक–विद्यार्थी अनुपातको आधारमा शिक्षक दरबन्दीको पुनः मिलान तथा पुनर्वितरण सम्पन्न भई शैक्षिक सेवा प्रभावकारी रूपमा प्रवाह भएको हुनेछ।

८. विद्यालय तथा कक्षाकोठामा शिक्षकको नियमित उपस्थितिमा वृद्धि भई सिकाइ वातावरणमा उल्लेखनीय सुधार आएको हुनेछ।

**प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्र.स. | सूचक | आधार वर्ष २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | तोकिएको योग्यता प्राप्त सहजकर्ताको संख्या | ७६ | | | | | |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक प्रतिशत | ९५ | ९७ | १०० | | | |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्युनतम योग्यता तथा प्राप्त शिक्षक प्रतिशत | १०० | | | | | |
| ४ | सूचना तथा प्रविधि सम्बन्धी | १२.७ | २० | ३० | ४० | ५० | ६० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | न्युनतम सक्षमता रहेका शिक्षक प्रतिशत | २ | | | | | |
| ५ | शिक्षक पेशागत सहयोग प्रणाली लागु भएका विद्यालय | ० | ५ | १० | १५ | २० | २५ |

### ४.२.५ प्रमुख क्रियाकलाप सञ्चालन गर्न लाग्ने अनुमानित बजेट (रु हजारमा)

| क्र स | प्रमुख क्रियाकलाप | अनुमानित बजेट रू हजारमा | | | | | | बाँकी ५ वर्ष को बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल बजेट | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | |
| १ | शिक्षकयोग्यता र बितरणको अध्यावधिक मापदण्डका आधारमा शिक्षक व्यवस्थापन (पुनर बितरण रसमायोजन) | ७०० | ३०० | १०० | १०० | १०० | १०० | | संघ, प्रदेश, स्थानीय सरकार र सहयोगी गै.स.स. हरु |
| २ | नयाँ | ३०० | १०० | ५० | ५० | ५० | ५० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | नियुक्ति शिक्षकहरुलाई सेवा प्रवेश | | | | | | | | |
| ३ | माध्यमिक शिक्षकहरुलाई गणित, विज्ञान र अंग्रेजी बिषयकोअध्ययन सामग्री विकाससम्बन्धी दिने | ५०० | ३०० | | १०० | | १०० | | |
| ४ | शिक्षकहरुलाई ICT मा आधारित तीनदिने | ५०० | ३०० | ५० | ५० | ५० | ५० | | |
| ५ | सबै प्रकारका शिक्षक हरू सन्चालनका लागि प्रशिक्षकप्रशि | १००० | ५०० | २०० | १०० | १०० | १०० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | क्षण (TOT) | | | | | | | | |
| ६ | प्रारम्भिक कक्षा सिकाई (EGL) सम्बन्धी ५ दिने प्रशिक्षक प्रशिक्षण | ५०० | २०० | १५० | ५० | ५० | ५० | | |
| ७ | ECED सँग सम्बन्धित बिभिन्न हरुको नयाँ मापदण्डका आधारमाहरु को गुणस्तर सुनिश्चित गर्न प्रशिक्षक प्रशिक्षण | ७०० | ३०० | १०० | १०० | १०० | १०० | | |
| ८ | बिद्यालयमा आधारित अनुगमन र सहयोग प्रणाली | ६०० | २०० | १०० | १०० | १०० | १०० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | अन्तर्गत प्र.अ.हरुका लागि Teachers, Mentors सम्बन्धी ३ दिने | | | | | | | | |
| जम्मा बजेट (हजारमा) | | ४८०० | | | | | | ४८०० | |

## ४.३ शैक्षिक समता र समावेशीकरण

समावेशी शिक्षा भनेको सबै बालबालिकालाई क्षेत्रीय, धार्मिक, भाषिक, जातीय, लैङ्गिक, अपाङ्गता भएका र आर्थिक रूपमा विपन्न लगायतका भिन्नतालाई सम्मान गर्दै विभेदरहित शिक्षा प्राप्त गर्ने वातावरण उपलब्ध गराउनु हो। बालबालिकाका सिकाइ आवश्यकता र क्षमता फरक हुनुलाई स्वीकार गर्दै सबैका लागि अनुकूल सिकाइ पद्धति विकास गर्नु समावेशी शिक्षाको आधार हो। यसले गुणस्तरीय शिक्षा प्रदान गरी बालबालिकालाई आत्मनिर्भर, स्वावलम्बी र समाजप्रतिको अपनत्व राख्ने बनाउँछ।

नेपालको विविध सामाजिक, सांस्कृतिक, भाषिक र जातीय परिवेशले सामाजिक विभेद र वञ्चितीकरण निम्त्याएको छ। दलित, सीमान्तकृत, मातृभाषी तथा अल्पसंख्यक समुदायहरूले अझै पनि शैक्षिक पहुँच र अवसरमा असमानता भोगिरहेका छन्। भौगोलिक, आर्थिक र लैङ्गिक भिन्नताले पनि शिक्षामा पहुँच, सहभागिता र परिणाममा प्रभाव पारिरहेको छ।

यसैले शैक्षिक समता र समावेशीकरण सुनिश्चित गर्न विविधता सम्मान गर्दै सबैका लागि सहज पहुँच र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न आवश्यक छ। यसका लागि बाधाहरू पहिचान गरी भौतिक, सामाजिक, सांस्कृतिक, मनोवैज्ञानिक र संरचनागत वाधाहरू हटाउन पहल गर्नु पर्दछ।

### ४.३.१ वर्तमान अवस्थाः

नेपालमा शैक्षिक समता र समावेशीकरणका लागि विभिन्न ऐतिहासिक र नीतिगत पहलहरू हुँदै आएका छन्। बालिका, अपाङ्गता भएका बालबालिका, दलित, जनजाति, विपन्न तथा सीमान्तकृत समुदायका लागि लक्षित रूपमा छात्रवृत्ति, निःशुल्क शिक्षा, दिवा खाजा, आवासीय सुविधा, मातृभाषामा शिक्षा, महिला शिक्षकको व्यवस्थालगायत कार्यक्रम सञ्चालनमा छन्। संविधान, शिक्षा ऐन, समावेशी नीति, र राष्ट्रिय शिक्षा नीतिहरूले समता र समावेशीतामा विशेष जोड दिएका छन्।

विद्यालय तहमा बहुभाषिक शिक्षण, लैङ्गिक तथा सांस्कृतिक संवेदनशील पाठ्यक्रम, विद्यालय नर्सको सुरुआत लगायतका अभ्यास गरिएको छ। यस पालिकाभित्र दलित, अपाङ्ग, विपन्न लक्षित छात्रवृत्ति तथा दिवा खाजाको व्यवस्था समावेशी शिक्षाको प्रवर्द्धनमा सहयोगी बनेको देखिन्छ। तापनि सहभागिता र सिकाइको गुणस्तरमा अझ सुधार आवश्यक देखिन्छ।

### चुनौतीहरू

१. भौगोलिक र सामाजिक-आर्थिक असमानताका कारण शिक्षामा पहुँच सीमित हुनु ।

२. अपाङ्गता भएका बालबालिकाका लागि पर्याप्त पूर्वाधार र सहजीकरणको अभाव ।

३. जातीय, भाषिक र सांस्कृतिक विविधताका कारण समावेशी वातावरण बनाउन कठिनाई ।
४. लैङ्गिक भेदभाव र सामाजिक पूर्वाग्रहले सिकाइमा बाधा पुऱ्याउनु ।
५. विद्यालय स्तरमा समावेशी शिक्षाका लागि दक्ष शिक्षक तथा स्रोत साधनको कमी ।
६. शिक्षामा वञ्चितीकरण र छुट्याउने प्रवृत्ति अझै कायम रहनु ।

**अवसरहरू**

१. संविधान र राष्ट्रिय नीतिहरूले समावेशी शिक्षा र समता सुनिश्चित गर्ने कानुनी आधार दिएको ।
२. छात्रवृत्ति, निःशुल्क शिक्षा, दिवा खाजा जस्ता प्रोत्साहन कार्यक्रमहरू सञ्चालनमा हुनु ।
३. बहुभाषिक शिक्षण र सांस्कृतिक विविधताको सम्मान गर्ने पाठ्यक्रम विकास हुनु ।
४. समुदाय र स्थानीय सरकारहरूको सक्रिय सहभागिता र समावेशी कार्यक्रमको विस्तार ।
५. सूचना प्रविधिको प्रयोगले शैक्षिक पहुँच र गुणस्तर सुधार गर्ने सम्भावना ।

## ४३..२ उद्देश्य

१. सबै बालबालिकालाई विभेदरहित, सहज पहुँच र गुणस्तरीय शिक्षा उपलब्ध गराउनु ।
२. अपाङ्गता, जातीय, लैङ्गिक तथा आर्थिक भेदभाव हटाउँदै समावेशी शिक्षाको सुनिश्चितता गर्नु ।
३. शिक्षामा सहभागिता वृद्धि गरी बालबालिकाको सिकाइ परिणाम सुधार गर्नु

।

४. शिक्षक क्षमता अभिवृद्धि गरी समावेशी शिक्षाको प्रभावकारी कार्यान्वयन गर्नु ।

५. शिक्षा वातावरणलाई बालमैत्री, सुरक्षित र सबैका लागि अनुकूल बनाउनु ।

### ४३..३ रणनीति

१. अपाङ्गता भएका बालबालिका र अन्य वञ्चित समूहलाई लक्षित गरी छात्रवृत्ति तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने ।

२. समावेशी शिक्षाका लागि शिक्षक प्रशिक्षण, स्रोत सामग्री र पूर्वाधार विकास गर्ने ।

३. स्थानीय सरकार र समुदायसँग समन्वय गरी समावेशीता र समताको कार्यक्रम विस्तार गर्ने ।

४. सिकाइ वातावरण सुधार्न विद्यालयमा पहुँचयोग्य पूर्वाधार र सहजीकरण व्यवस्था सुनिश्चित गर्ने ।

५. शिक्षामा लैङ्गिक समानता र सामाजिक समावेशिताका लागि जनचेतना अभिवृद्धि गर्ने ।

### ४.३.४उपलब्धि तथा अपेक्षित नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### उपलब्धि तथा अपेक्षित नतिजाहरू

१. सबै बालबालिका, विशेषगरी अपाङ्गता भएका, दलित, जनजाति, विपन्न तथा सीमान्तकृत समुदायका बालबालिकाले सहज र समान पहुँचसहित गुणस्तरीय शिक्षा प्राप्त गर्नेछन्।

२. समावेशी शिक्षाको लागि आवश्यक पूर्वाधार र स्रोत सामग्रीहरू प्रभावकारी रूपमा उपलब्ध हुनेछन् र विद्यालय शिक्षाको वातावरण बालमैत्री र पहुँचयोग्य

बन्नेछ।
३. शिक्षकहरू समावेशी शिक्षाका लागि आवश्यक दक्षता हासिल गरी सबै बालबालिकाको आवश्यकताअनुसार शिक्षण पद्धति अपनाउनेछन्।
४. लैङ्गिक भेदभाव, सामाजिक पूर्वाग्रह र भाषिक-सांस्कृतिक बाधाहरू न्यून गरी समावेशी वातावरण मजबुत बन्नेछ।
५. स्थानीय सरकार, विद्यालय र समुदायको सक्रिय सहभागिताले समावेशीता र समताको कार्यक्रम विस्तार गर्नेछन्।
६. अपाङ्गता भएका बालबालिका र अन्य वञ्चित समूहहरूको विद्यालय भर्ना, नियमित उपस्थिती र सिकाइ नतिजामा उल्लेखनीय सुधार आउनेछ।

## प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र. स. | सूचक | आधार वर्ष २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | अपाङ्गता भएका बालबालिकाको शिक्षा सहभागिता प्रतिशत | २० | ४० | ६० | ७० | ८० | ९० |
| २ | समावेशी शिक्षा सम्बन्धी शिक्षक प्रशिक्षण प्राप्त गर्ने शिक्षक प्रतिशत | १० | ३० | ५० | ७० | ९० | १०० |
| ३ | समावेशी विद्यालय प्रतिशत | कम्तीमा ८० प्रतिशत पुर्याउने | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | विद्यार्थीहरुको स्वास्थ्य जाँच | शैक्षिक सत्रको सुरुमा वर्षमा एक पटक | | | | | |
| ५ | बिशेष बिद्यालयको स्थापना | ० | १ | १ | १ | १ | १ |

## ४.३.५ प्रमुख क्रियाकलाप सञ्चालन गर्न लाग्ने अनुमानित बजेट (रु हजारमा)

| क्र स | प्रमुख क्रियाकलाप | अनुमानित बजेट रू हजारमा | | | | | | बाँकी ५ वर्ष को बजेट | श्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल बजेट | २० ८२ | २० ८३ | २० ८४ | २० ८५ | २० ८६ | | |
| १ | ECD देखिआधारभूत तहसम्मका बिद्यार्थीहरुको अपाङ्गतासम्बन्धी स्वास्थ्य जांच र परीक्षण | ५० ० | १० ० | १० ० | १० ० | १० ० | १० ० | | संघ, प्रदेश , स्था नीय सर कार र सह योगी गै.स. स. हरु |
| २ | बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि बिशेष शिक्षा प्रदानगर्नेबिशेष बिद्यालयको स्थापना | २० ०० | | | | | २० ०० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | श्रवण/बहिरा, बोलाई कठिनाई भएका र बौद्धिक अपाङ्गता भएकाबालबालि काकालाई बिशेष शिक्षा | १००० | | | | | १००० | | |
| ४ | बिशेष शिक्षा परिषदबाट सहयोग प्राप्त भई सन्चालित बिशेषबिद्यालयहरु मा शिक्षण सिकाई सामग्री बितरण | ५०० | | | | | ५०० | | |
| ५ | बिशेष शिक्षा अन्तगतका स्रोत कक्षाहरू सन्चालन र व्यवस्थापन | ५०० | | | | | ५०० | | |
| ६ | श्रवण/बहिरा र बौद्धिक अपाङ्गता भएका बालबालिकाका | ८०० | | | | | ८०० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | लागि साथै अन्यप्रकारका अपाङ्गता भएका बालबालिकाका लागि शिक्षण सिकाई सामग्री, ब्रेल किताब, श्रवण सामग्री र थप सामग्रीहरु बितरण | | | | | | | | |
| ७ | पालिकाहरुकालाई बिशेष शिक्षा र अन्तरगतका छात्रबास सुबिधा, छात्रवृत्ति र तथ्याँक प्रमाणिकरण | ५०० | | | | | ५०० | | |
| | जम्मा बजेट (हजारमा) | ५८०० | | | | | | ५८०० | |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

बालबालिकाको सिकाइमा स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छताको अवस्था महत्वपूर्ण कारक हो। विद्यालयमा आधारित दिवा खाजा कार्यक्रम, स्वास्थ्य

परीक्षण, पोषण सामग्रीको वितरण तथा सरसफाइ अभ्यासले विद्यार्थीको उपस्थिति, नियमितता र सिकाइ नतिजामा सकारात्मक प्रभाव पार्दछ।

**४.४.१ वर्तमान अवस्था:**

पालिका अन्तर्गत विद्यालयहरूमा भान्सा निर्माण, जुकाको औषधि तथा आइरन चक्की वितरण, छात्रालाई निःशुल्क सेनिटरी प्याड वितरण, सरसफाइ तथा पोषणमा जनचेतना कार्यक्रम सञ्चालन भइरहेको छ भने केही विद्यालयमा खाजाघरको अभाव रहेको छ। अधिकांश विद्यालयहरूमा छात्र-छात्राका लागि अलग शौचालय भए पनि अपाङ्गमैत्री तथा महिनावारी मैत्री संरचना अझै अपूर्ण छन्।

**चुनौतीहरू**

१. पोषण, स्वास्थ्य र स्वच्छता कार्यक्रमहरूबीच समन्वयको अभाव।
२. अपाङ्गमैत्री पूर्वाधार तथा महिनावारी व्यवस्थापनमा कमजोरी।
३. प्रभावकारी अनुगमन र मूल्याङ्कन प्रणालीको अभाव।

**अवसरहरू**

१. राष्ट्रिय शिक्षा तथा स्वास्थ्य नीति, पोषण रणनीति, र विद्यालय स्वास्थ्य कार्यक्रममार्फत नीति-कानुनी आधार तयार छन्।
२. सरकारद्वारा कक्षा ५ सम्म दिवा खाजाका लागि बजेट व्यवस्था गरिएको छ।
३. स्थानीय सरकार र समुदायको सहकार्यको सम्भावना बलियो छ।

**४.४.२ उद्देश्य**

१. विद्यालयमा अध्ययनरत सबै बालबालिकालाई पोषिलो दिवा खाजा तथा

स्वास्थ्य सेवा सुनिश्चित गर्नु।
२. स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छता सम्बन्धी सकारात्मक व्यवहारको विकास गर्नु।

### ४.४.३ रणनीति

१. विद्यालय स्वास्थ्य तथा पोषण रणनीति कार्यान्वयन गर्न मापदण्ड र कार्यविधि तयार गर्ने।
२. भान्साघर, खाने कोठा, बालमैत्री खानेपानी धारा जस्ता पूर्वाधार विस्तार गर्ने।
३. छात्राका लागि सेनिटरी प्याड र शौचालय व्यवस्थापन गर्ने।
४. स्वास्थ्य सामग्री वितरणलाई स्वास्थ्य संस्थासँग समन्वय गरी नियमित बनाउने।
५. महिनावारी, सरसफाइ, पोषण विषयमा कार्य योजना निर्माण गरी लागू गर्ने।
६. दिवा खाजामा स्थानीय कृषि उत्पादन प्रयोगलाई प्राथमिकता दिने।
७. अभिभावक सहभागिता अभिवृद्धि गरी खाजा व्यवस्थापन समिति सशक्त बनाउने।
८. प्रभावकारी अनुगमन र मूल्याङ्कन प्रणाली विकास गर्ने।

### ४.४.४उपलब्धि तथा अपेक्षित नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि तथा अपेक्षित नतिजाहरू**

१. विद्यालयमा पोषणयुक्त दिवा खाजा नियमित रूपमा उपलब्ध भई बालबालिकाको स्वास्थ्य र सिकाइमा सुधार आउनेछ।
२. बालबालिकामा सरसफाइ र स्वच्छता सम्बन्धी व्यवहारमा सकारात्मक परिवर्तन देखिनेछ।

३. विद्यार्थीको नियमितता, उपस्थितिको दर र सिकाइ परिणाममा उल्लेखनीय सुधार आउनेछ।

४. महिनावारी स्वच्छता व्यवस्थापन प्रभावकारी भई किशोरीहरूको विद्यालय निरन्तरता सुनिश्चित हुनेछ।

५. स्वास्थ्य तथा पोषण सामग्रीको नियमित उपलब्धता र विद्यालय-स्वास्थ्य संस्था समन्वय सुदृढ हुनेछ।

**प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्र.स. | सूचक | आधार वर्ष २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारंभिक वालविकास र शिक्षामा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका वालवालिका प्रतिशत | शतप्रतिशत विद्यार्थी | | | | | |
| २ | कक्षा १ मा भर्ना भएका वालवालिका मध्ये आवश्यक खोप प्राप्त गरेका | शतप्रतिशत विद्यार्थी | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | वालवालिका प्रतिशत | | | | | | |
| ३ | दिवा खाजा प्राप्त गर्ने कक्षा | शतप्रतिशत विद्यालय | | | | | |
| ४ | वार्षिक रुपमा विद्यार्थीको नियमित स्वास्थ्य परिक्षण गर्ने विद्यालयको संख्या | शतप्रतिशत विद्यालय | | | | | |
| ५ | स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय संख्या | शतप्रतिशत विद्यालय | | | | | |
| ६ | नरसिंग सेवा तथा सुविधा पुगेका विद्यालय संख्या | ० | १ | २ | ३ | ४ | ५ |
| ७ | स्यानीटरी प्याड प्राप्त गर्ने विद्यार्थी | शतप्रतिशत विद्यार्थी | | | | | |

### ४.४.५ प्रमुख क्रियाकलाप सञ्चालन गर्न लाग्ने अनुमानित बजेट (रु हजारमा)

| क्र स | प्रमुख क्रियाकलाप | अनुमानित बजेट रू हजारमा | | | | | | बाँकी ५ वर्षको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल बजेट | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | |

# विद्यालय शिक्षा क्षेत्र योजना, २०८२-२०९२

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | बजेट | |
| १ | विद्यालय पोषण कार्यक्रम | १०००० | २००० | २००० | २००० | २००० | २००० | १०००० | संघ, प्रदेश र स्थानीय सरकार र गै.स.सं. हरू |
| २ | विद्यालय स्वच्छता तथा सरसफाई | ५०० | १०० | १०० | १०० | १०० | १०० | ५०० | |
| ३ | महिनावारी स्वच्छता व्यवस्थापन | ५०० | १०० | १०० | १०० | १०० | १०० | ५०० | |
| ४ | नियमित स्वास्थ्य परीक्षण, प्राथमिक उपचार किट र अभिमुखीकरण | ५०० | १०० | १०० | १०० | १०० | १०० | ५०० | |
| | जम्मा बजेट | ११५०० | | | | | | ११५०० | |

| | (हजारमा) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|

## ४.५ विद्यालय सुरक्षा, विपद न्यूनीकरण तथा उत्थानशीलता

महामारी, प्राकृतिक प्रकोप, द्वन्द वा आपतकालीन अवस्थामा पनि बालबालिकाको शिक्षा अधिकार सुनिश्चित गर्न वैकल्पिक उपायसहितको शैक्षिक कार्यक्रम सञ्चालन गर्नु आवश्यक हुन्छ। यसलाई आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा (Education in Emergency and Crisis Situation) भनिन्छ।

यस अवधारणाले पूर्वतयारी, प्रतिकार्य र पुनःस्थापनाका उपायहरू समेट्छ। शिक्षा निरन्तरतासँगै बालबालिका, परिवार तथा समुदायको जीवन रक्षा, हिंसा तथा दुरुपयोगबाट सुरक्षा र शिक्षा क्षेत्रको सञ्चालन सुदृढ बनाउनु यसको मुख्य उद्देश्य हो।

### ४.५.१. वर्तमान अवस्था

डिलासैनी गाउँपालिकाले प्रकोप, महामारी तथा द्वन्दका अवस्थामा शिक्षामा पर्न सक्ने असरलाई ध्यानमा राख्दै दीर्घकालीन योजना, नीति तथा बजेटमार्फत बालबालिकाको सिकाइलाई निरन्तरता दिने तयारी गरेको छ। कोभिड-१९ लगायत महामारीहरूले सिकाइमा पुऱ्याएको असरबाट पाठ सिक्दै, पालिकाले वैकल्पिक सिकाइ प्रणाली, मनोसामाजिक सहयोग र आपतकालीन अवस्थाको लागि पूर्वतयारी तथा जनचेतनालाई प्राथमिकता दिएको छ।

# विद्यालय शिक्षा क्षेत्र योजना, २०८२-२०९२

शिक्षा योजनाले भूकम्प, बाढी, पहिरो, आगलागी, चट्याङ, अति चिसो, महामारी, बसाइँसराइ आदि प्रकोपहरूबाट शिक्षा क्षेत्रलाई जोगाउने उपायहरू, सचेतना, क्षमता अभिवृद्धि र समन्वयलाई केन्द्रमा राखेको छ।

## चुनौतीहरू

१. विपद् जोखिम न्यूनीकरणसम्बन्धी पूर्वतयारी र प्रतिकार्यमा विद्यालयहरू अझै कमजोर अवस्था छन्।
२. शिक्षण सिकाइ निरन्तरताका लागि पर्याप्त भौतिक तथा प्रविधि आधारित पूर्वाधारको अभाव।
३. शिक्षक, अभिभावक तथा विद्यार्थीमा आपतकालीन अवस्था तथा संकट व्यवस्थापनसम्बन्धी चेतना तथा सीपको अभाव।
४. मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवामा पहुँचको अभाव।
५. महामारी वा अन्य संकटकालमा सबै बालबालिकालाई समेट्ने वैकल्पिक सिकाइ मोडेलको अभाव।
६. शिक्षा क्षेत्रमा हुने गैरसंरचनात्मक जोखिम (हेपाइ, भय, हिंसा, विभेद आदि) व्यवस्थापन चुनौतीपूर्ण।

## अवसरहरू

१. राष्ट्रिय तथा स्थानीय स्तरमा आपतकालीन अवस्थाका लागि नीतिगत तथा कानुनी आधारहरूको व्यवस्था भइसकेको छ।
२. विद्यालय क्षेत्र विकास कार्यक्रममार्फत सुरक्षित विद्यालय निर्माण तथा विपद् न्यूनीकरणलाई प्राथमिकता दिइएको छ।
३. कोभिड-१९ को अनुभवबाट शिक्षण सिकाइमा वैकल्पिक माध्यम प्रयोगको अभ्यास र नीतिगत आधार तय भइसकेको छ।

४. समुदाय, विद्यालय व्यवस्थापन समिति र स्थानीय सरकारबीच सहकार्य र समन्वयको सम्भावना बलियो छ।

५. सूचना प्रविधिको पहुँच विस्तार हुँदै गएको छ, जसले संकटकालीन शिक्षामा वैकल्पिक माध्यमको प्रयोग सहज बनाउँछ।

६. शिक्षक र विद्यार्थीलाई आपतकालीन शिक्षा, मनोसामाजिक परामर्श तथा विपद् व्यवस्थापन सम्बन्धी  दिने अवसरहरू बढ्दो छन्।

### ४.५.२ उद्देश्य

१. विद्यालय तहमा विपद् जोखिम न्यूनीकरण, संकट व्यवस्थापन र आपतकालीन अवस्थामा सिकाइको निरन्तरता सुनिश्चित गर्नु।

२. बालमैत्री, सुरक्षित, समावेशी र संकटसहनशील सिकाइ वातावरणको प्रवर्द्धन गर्नु।

३. शिक्षक, विद्यार्थी, अभिभावक र समुदायमा विपद् तथा आपतकालीन अवस्थासम्बन्धी चेतना र क्षमताको विकास गर्नु।

### ४५..३ रणनीति

१. विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनसम्बन्धी पूर्वतयारी योजना विद्यालय स्तरमै तयार गर्ने।

२. संकटकालीन अवस्थाका लागि वैकल्पिक सिकाइ मोडेल (जस्तै: भर्चुअल कक्षा, रेडियो, कार्यपुस्तिका) विकास गर्ने।

३. शिक्षक, विद्यार्थी र विद्यालय समुदायलाई विपद् तथा मनोसामाजिक परामर्शका विषयमा अभिमुखीकरण दिने।

४. विद्यालयहरूमा सुरक्षित संरचना, प्राथमिक उपचार सामग्री र सूचना प्रवाह प्रणाली स्थापना गर्ने।

५. गैरसंरचनात्मक हिंसा र विभेद न्यूनीकरणका लागि नीति,  र सचेतना कार्यक्रम सञ्चालन गर्ने।

### ४.५.४ उपलब्धि तथा अपेक्षित नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि तथा अपेक्षित नतिजाहरू**

१. विद्यालय स्तरमा विपद् र आपतकालीन अवस्थाका लागि तयारी र प्रतिक्रिया योजना कार्यान्वयनमा आउने।
२. संकटका अवस्थामासमेत शिक्षण सिकाइ निरन्तरता पाउने व्यवस्था हुने।
३. शिक्षक, विद्यार्थी र अभिभावकमा संकट व्यवस्थापन तथा सुरक्षा चेतना अभिवृद्धि हुने।
४. विद्यालयमा सुरक्षित, समावेशी र बालमैत्री वातावरणको प्रवर्द्धन हुने।
५. मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग प्रवाह हुने।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | सूचक | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | बाँकी ५ वर्ष |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | विपद् पूर्वतयारी योजना तयार पारेका विद्यालयहरूको संख्या | ० | १५ | ३० | ४५ | ५० | ५६ |
| २ | हरित विद्यालय संख्या | ० | १ | ३ | ७ | १० | १३ |
| ३ | संकटकालमा वैकल्पिक सिकाइमा सहभागी विद्यार्थीहरूको प्रतिशत | ० | २० | ४० | ६० | ८० | १०० |
| ४ | विपद् व्यवस्थापन तथा मनोसामाजिक विषयमा प्राप्त शिक्षक प्रतिशत | ० | ३० | ६० | ७० | ८० | ९० |
| ५ | भौतिक संरचना सुरक्षित रहेको विद्यालयहरूको प्रतिशत | १० | २० | ३० | ४० | ५० | १०० |
| ६ | हिंसारहित र बालमैत्री वातावरणको सूचकमा सुधार देखिएको विद्यालयहरुको संख्या | १० | २५ | ३५ | ४५ | ५५ | ५६ |

### ४.५.५प्रमुख क्रियाकलाप सञ्चालन गर्न लाग्ने अनुमानित बजेट (रु हजारमा)

| क्र.सं. | मुख्य क्रियाकलाप | अनुमानित बजेट (५ वर्षे) | | | | | | बाँकि ५ वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | १० वर्ष | |
| १ | सुरक्षित विद्यालय नीतिपुनरावलोकन तथा मापदण्ड निर्माण | १० | | | | | १० | १० | संघ, प्रदेश र स्थानीय सरकार तथा गै.स.सं. |
| २ | विपद प्रतिकार्य क्षमता विकास | १५ | १० | ५ | | | ३० | २० | |
| ३ | विद्यालयमा विपद् व्यवस्थापन समिति गठन, अभिमुखीकरण र क्षमता विकास | १० | १० | ५ | ५ | ५ | ३५ | २० | |
| ५ | हरित,सफा,शान्त र सुरक्षित विद्यालय प्रवर्धन | १० | १० | ५ | ५ | ५ | ३५ | २० | |
| ६ | स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने | १० | | | | | १० | १० | |
| ७ | उद्दार कार्यका लागि स्वयंसेवक तयारी र | १० | १० | १० | १० | १० | ५० | ५० | |
| ८ | वडा स्तरीय विपद व्यवस्थापन समिति | ५ | | | | | ५ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | गठन | | | | | | | | |
| ९ | विपदमा आवश्यक पर्ने सामग्रि तथा व्यवस्थापकीय योजनाको तयारी गर्ने | १० | १० | | | | २० | २० | |
| १० | विपद् प्रतिकार्य योजना निर्माण | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ | |

## ४.६ विद्यालयको भौतिक पूर्वाधार विकास

बालबालिकालाई विद्यालयमा भर्ना हुन, नियमित रूपमा कक्षामा सहभागी हुन तथा समग्र रूपमा सिकाइमा संलग्न गराउन आवश्यक पर्ने आधारभूत भौतिक पूर्वाधारहरूमा सुरक्षित विद्यालय भवन, पठनपाठनका लागि उपयुक्त कक्षाकोठा, खेल्नका लागि खेलमैदान, सरसफाइका लागि शौचालय, पिउने पानीको व्यवस्था, र बस्नका लागि उपयुक्त फर्निचर पर्छन्।

**शिक्षा नियमावली, २०५९**अनुसार, प्रारम्भिक बालविकास तथा कक्षा १ देखि ५ सम्मका कक्षाको लागि प्रतिविद्यार्थी न्यूनतम ०.७५ वर्ग मिटर र कक्षा ६ देखि माथिको तहका लागि १.०० वर्ग मिटर क्षेत्रफलको कक्षाकोठा आवश्यक मानिएको छ।

**राष्ट्रिय शिक्षा नीति, २०७६**ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, पुस्तकालय, बुक कर्नर, सुरक्षित शौचालय, स्वच्छ खानेपानीजस्ता भौतिक पूर्वाधारको न्यूनतम मापदण्ड सुनिश्चित गर्ने व्यवस्था गरेको छ। साथै,

विद्यालय भवन र अन्य पूर्वाधारहरूलाई विपद् जोखिममुक्त बनाई सबै विद्यालयहरूलाई सुरक्षित, बालमैत्री र हरित विद्यालयको रूपमा विकास गर्ने लक्ष्य निर्धारण गरिएको छ।

### ४.६.१ वर्तमान अवस्था

डिलासैनी गाउँपालिकाका अधिकांश विद्यालयहरूमा आधारभूत भौतिक पूर्वाधार जस्तैसुरक्षित भवन, प्रयाप्त कक्षाकोठा, बालमैत्री शौचालय, पिउने पानीको धारा, फर्निचर, खेलमैदान, पुस्तकालय आदि पर्याप्त रूपमा उपलब्ध छैनन्। कतिपय विद्यालयहरू जोखिमयुक्त भवनमा सञ्चालन भइरहेका छन् भने कतिपयमा शिक्षक र विद्यार्थीको संख्याअनुसार कोठा, कुर्सी, टेबुल, पाटी-पैडालको समेत अभाव छ। विद्यालय भौतिक पूर्वाधारको अवस्थाले सिकाइ वातावरणमा प्रभाव पारिरहेको छ।

### चुनौतीहरू

१. भूकम्प, पहिरो र अन्य विपद् जोखिमयुक्त भवनहरूको मर्मत तथा पुनर्निर्माण
२. छात्रामैत्री, अपाङ्गमैत्री तथा समावेशी पूर्वाधारको अभाव।
३. विद्यालयको कक्षाकोठा, प्रयोगशाला, पुस्तकालय, ICT कक्षा तथा बुक कर्नरको न्यून उपलब्धता।
४. धेरै विद्यालयमा पिउने पानी, सफा शौचालय, खेलमैदान, कम्पाउन्डवालको अभाव।
५. उपलब्ध संरचनाहरूको संरक्षण तथा मर्मतको लागि नियमित बजेटको अभाव।

६. शिक्षा नियमावलीअनुसारको न्यूनतम क्षेत्रफल नपुगेका कक्षाहरूको उच्च संख्या।

**अवसरहरू**

१. राष्ट्रिय शिक्षा नीति, २०७६ र SSDP/SESP मा भौतिक पूर्वाधार सुधारलाई उच्च प्राथमिकता।
२. स्थानीय सरकारको स्रोत परिचालन, साझेदारी र पूर्वाधार निर्माणमा सशक्त भूमिका।
३. स्थानीय समुदाय, विद्यालय व्यवस्थापन समिति र अभिभावकहरूको सहभागिताको सम्भावना।
४. निर्माण, मर्मत तथा ग्रीन/हरित विद्यालय अवधारणासम्बन्धी प्रविधि तथा सीपको विकास।
५. प्रदेश तथा संघ सरकार, विकास साझेदार र परियोजनाको सहकार्यको सम्भावना।

## ४६..२ उद्देश्य

१. सबै बालबालिका, शिक्षक र कर्मचारीका लागि सुरक्षित, समावेशी, बालमैत्री तथा आपतकालीन अवस्थासमेत सहनसक्ने विद्यालय भौतिक पूर्वाधारको सुनिश्चितता गर्नु।
२. शिक्षण सिकाइका लागि आवश्यक न्यूनतम भौतिक स्रोतसाधनको सहज उपलब्धता गराउनु।
३. उपलब्ध संरचनाको संरक्षण, मर्मत र उपयोगमा स्थानीय सहकार्य प्रवर्द्धन गर्नु।

### ४६..३ रणनीति

१. विद्यालय भवन, कक्षाकोठा, शौचालय, पानी, फर्निचर, पुस्तकालय, प्रयोगशाला लगायतका पूर्वाधारको अवस्थाको वार्षिक मूल्याङ्कन गर्ने।
२. निर्माणका सबै चरणमा बालमैत्री, समावेशी, अपाङ्गमैत्री तथा विपद् सुरक्षित मापदण्ड अपनाउने।
३. स्रोत परिचालनमा स्थानीय सरकार, समुदाय र साझेदारहरूको सहकार्य विस्तार गर्ने।
४. भौतिक पूर्वाधारको नियमित मर्मत तथा संरक्षण प्रणाली विकास गर्ने।
५. हरित विद्यालय अवधारणालाई प्रोत्साहन गर्ने (सौर्य उर्जा, रेन वाटर हार्भेस्टिङ, वृक्षारोपण)।

### ४.६.४ उपलब्धि तथा अपेक्षित नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि तथा अपेक्षित नतिजाहरू**

१. सबै विद्यालयमा सुरक्षित, बालमैत्री र समावेशी भौतिक पूर्वाधार सुनिश्चित हुने
२. जोखिमयुक्त भवन, असुरक्षित कक्षाकोठा र जीर्ण संरचनाहरूको प्रतिस्थापन/पुनर्निर्माण हुने
३. शिक्षण सिकाइका लागि आवश्यक न्यूनतम भौतिक स्रोतसाधन (फर्निचर, पुस्तकालय, प्रयोगशाला, ICT आदि) विद्यालयमा उपलब्ध हुने
४. शौचालय, खानेपानी, खेलमैदान, कम्पाउन्डवाल जस्ता पूर्वाधारहरू सुधार हुने
५. विद्यालय पूर्वाधारको नियमित मर्मत तथा संरक्षण प्रणाली संस्थागत हुने

६. विद्यालयहरू हरित तथा वातावरणमैत्री अवधारणामा रूपान्तरण हुने क्रम तीव्र हुने

**प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्र. सं. | सूचक | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | बाँकी ५ वर्ष |
|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय | २ | २ | ३ | ४ | ४ | १५ |
| २ | नयाँ निर्माण गर्नु पर्ने कक्षा कोठा संख्या | ४ | ४ | ४ | ६ | ८ | २५ |
| ३ | सवलिकरण गर्नु पर्ने कक्षा कोठा संख्या | ५ | १० | १० | १० | १२ | १२ |
| ५ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागी कार्य गर्नुपर्ने विद्यालय संख्या | २ | २ | ३ | २ | २ | ४ |
| ६ | शौचालय, | १० | ५ | ५ | ५ | ५ | २६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | खानेपानी, खेलमैदान, कम्पाउन्डवाल जस्ता पूर्वाधारहरू सुधार भएको विद्यालय | | | | | | |

### ४.६.५ प्रमुख क्रियाकलाप सञ्चालन गर्न लाग्ने अनुमानित बजेट (रु हजारमा)

| क्र.सं. | प्रमुख क्रियाकलाप | अनुमानित बजेट रू हजारमा | | | | | बाँकी ५ वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | |
| १ | भूकम्प प्रतिरोधी विद्यालय | ६०००० | ९०००० | १२०००० | १२०००० | १३०००० | ५२०००० | संघ, प्रदेश, स्थानीय सरकार र गै.स.सं. हरु |
| २ | नयाँ निर्माण गर्नु पर्ने कक्षा कोठा संख्या | ४०००० | ४०००० | ६०००० | ८०००० | ८०००० | ३२०००० | |
| ३ | सवलिकरण गर्नु पर्ने कक्षा कोठा संख्या | ३०००० | ३०००० | ३०००० | ३६०० | ३६०० | २००००० | |
| ४ | बाढी पहिरो | ४०० | ६०० | ४०० | ४०० | ८०० | ३०० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | लगायतका प्रकोप न्यूनीकरणका लागी कार्य गर्नुपर्ने विद्यालय संख्या | | | | | | ० | |
| | जम्मा बजेट (हजारमा) | १३४०० | १६६०० | २१४०० | २४००० | २५४०० | ९७००० | |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधिः

२१औं शताब्दीको सिकाइलाई प्रविधिमैत्री, समावेशी र प्रभावकारी बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग अपरिहार्य बन्दै गएको छ। सूचना प्रविधि शिक्षण सिकाइको माध्यम मात्र नभई, विद्यालयको प्रशासनिक कार्य, अभिलेख व्यवस्थापन र विद्यार्थीको मूल्याङ्कनमा समेत उपयोगी बन्न थालेको छ।

डिलासैनी गाउँपालिकामा पनि शिक्षामा प्रविधिको उपयोगलाई प्रोत्साहन गर्दै शिक्षक र विद्यार्थीलाई डिजिटल साक्षरतामा सशक्त बनाउने उद्देश्यले विद्यालयस्तरमा ICT पूर्वाधार विकास, क्षमता विकास तथा प्रविधिमा आधारित शिक्षण सामग्रीको प्रयोग विस्तार गर्ने नीति अवलम्बन गरिएको छ।

यस अवधारणाअन्तर्गत कम्प्युटर, इन्टरनेट, डिजिटल शिक्षण सामग्री, स्मार्ट टिभी, प्रोजेक्टर आदि प्रयोग गरिने छ। साथै, शिक्षक र विद्यार्थी दुवैका लागि ICT प्रयोग क्षमता अभिवृद्धि गरिनेछ, जसले सिकाइलाई सजीव, अन्तरक्रियात्मक र विद्यार्थीकेन्द्रित बनाउन मद्दत पुऱ्याउनेछ।

### ४.७.१ वर्तमान अवस्था

डिलासैनी गाउँपालिकाका थोरै विद्यालयहरूमा मात्र कम्प्युटर, प्रोजेक्टर, स्मार्ट टिभी वा इन्टरनेट पहुँच जस्ता सूचना प्रविधि सम्बन्धी पूर्वाधार छन्। अधिकांश विद्यालयमा प्रविधियुक्त शिक्षण सिकाइको अभ्यास प्रारम्भिक चरणमै सीमित छ। शिक्षकहरूको डिजिटल साक्षरताको अवस्था मिश्रित देखिन्छ भने शिक्षक र विद्यार्थी दुवैका लागि ICT प्रयोगसम्बन्धी नियमित अभिमुखीकरण तथा स्रोतको अभाव छ।

**चुनौतीहरू**

१. अधिकांश विद्यालयमा ICT पूर्वाधार (कम्प्युटर, इन्टरनेट, सामग्री) को अभाव।
२. शिक्षकमाझ प्रविधि प्रयोग गर्न आवश्यक सीप तथा आत्मविश्वासको कमी।
३. नियमित रूपमा ICT मर्मत, संरक्षण तथा प्रयोगशाला सञ्चालनका लागि प्राविधिक जनशक्ति अभाव।
४. वैकल्पिक शिक्षण सामग्री र अनलाइन कक्षा सञ्चालनका लागि पर्याप्त सुविधा र वातावरणको कमी।
५. ग्रामीण क्षेत्रमा विद्युतीय पहुँच तथा इन्टरनेट जडानको सीमितता।

**अवसरहरू**

१. राष्ट्रिय शिक्षा नीति र SSDP/SESP मा प्रविधिमैत्री शिक्षालाई प्राथमिकता।
२. स्थानीय तहको नीति, योजना तथा बजेटमार्फत ICT विस्तारको सम्भावना।
३. सामुदायिक सहकार्य, निजी क्षेत्र तथा विकास साझेदारहरूसँग सहकार्य गर्ने अवसर।

४. कोभिड-१९ पश्चात डिजिटल शिक्षाको महत्त्वबारे अभिवृद्धि भएको जागरण।

५. मोबाइल एप, अनलाइन कक्षा, रेडियो कार्यक्रम, टिभी शिक्षाजस्ता नविन प्रविधि प्रयोगको अभ्यास।

## ४७..२ उद्देश्य

१. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको उपयोग विस्तार गरी सिकाइलाई गुणस्तरीय, प्रविधिमैत्री र प्रभावकारी बनाउने।

२. शिक्षक तथा विद्यार्थीको डिजिटल साक्षरता र प्रविधि उपयोग क्षमताको वृद्धि गर्ने।

३. विद्यालयको प्रशासनिक तथा व्यवस्थापन प्रणालीमा ICT को प्रयोग संस्थागत गर्ने।

## ४७..३ रणनीति

१. विद्यालयस्तरमा ICT पूर्वाधार स्थापना तथा विस्तार गर्ने।

२. शिक्षक र विद्यार्थीका लागि डिजिटल सीप अभिवृद्धि  सञ्चालन गर्ने।

३. अनलाइन तथा मिश्रित सिकाइ लाई प्रवर्द्धन गर्ने।

४. विद्यालय व्यवस्थापन, अभिलेख राख्ने प्रणालीमा ICT प्रयोग विस्तार गर्ने।

५. शैक्षिक सामग्री को उत्पादन, पहुँच र प्रयोगमा सुधार गर्ने।

## ४.७.४उपलब्धि तथा अपेक्षित नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

### उपलब्धि तथा अपेक्षित नतिजाहरू

१. ICT युक्त विद्यालयहरूको संख्या उल्लेखनीय रूपमा वृद्धि हुनेछ।

२. शिक्षक र विद्यार्थी दुवैमा डिजिटल साक्षरता तथा प्रविधि प्रयोग सीप

विकास हुनेछ।

३. सिकाइमा प्रविधिको प्रभावकारी प्रयोगले विद्यार्थीको उपलब्धिमा सुधार आउनेछ।

४. विद्यालय व्यवस्थापन प्रणाली डिजिटल प्रणालीमा रूपान्तरण हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. स. | सूचक | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | बाँकी ५ वर्ष |
|---|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालयको संख्या | ५६ | | | | | |
| २ | शिक्षण सिकाई क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय संख्या | ५ | १० | १५ | २० | २५ | ३० |
| ३ | मुख्य विषयमा डिजिटल पाठ्य सामाग्री प्रयोग गर्ने विद्यालय संख्या | २ | ४ | ६ | ८ | १० | १३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | व्यावाथापकीय कार्यमा सुचना तथा संचार प्रविधिको प्रयोग गर्ने विद्यालय संख्या | २ | ४ | ६ | ८ | १० | १३ |
| ५ | विद्‌घुत्को पहुँच पुगेका विद्यालय संख्या | ५६ | | | | | |

### ४.७.५ प्रमुख क्रियाकलाप सञ्चालन गर्न लाग्ने अनुमानित बजेट (रु हजारमा)

| क्र. सं. | मुख्य क्रियाकलाप | ५ वर्ष को अनुमानित बजेट | | | | | | बाँकी ५ वर्ष को बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | इन्टरनेट जडान | २०० | २०० | २०० | २०० | २०० | १०00 | १००० | |
| २ | शिक्षण सिकाई क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधि | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५00 | १५०० | |
| ३ | मुख्य विषयमा | ५० | ५० | ५० | ५० | ५० | २५ | २५० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | डिजिटल पाठ्य सामाग्री प्रयोग | ० | ० | ० | ० | ० | ०० | ० | |
| ४ | माध्यमिक तहमा ICT को व्यवस्थापन | ४० ० | ४० ० | ४० ० | ४० ० | ४० ० | २० ०० | २०० ० | |

# परिच्छेद ५
# अन्य उपक्षेत्रहरु

## ५.१ छात्रवृत्ति

छात्रवृत्ति विद्यालय शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गर्नका लागि सञ्चालित उत्प्रेणामूलक कार्यक्रम हो। यसले विशेष गरी आर्थिक, सामाजिक रूपमा पछाडि परेका, अपाङ्गता भएका, सुविधा विहीन तथा कठिन परिस्थितिमा रहेका बालबालिकालाई विद्यालयमा टिकाइ राख्न, सहभागिता बढाउन र सिकाइको निरन्तरता कायम गर्न सहयोग पुर्‍याउँछ।

### ५१..१ वर्तमान अवस्था

डिलासैनी गाउँपालिकामा दलित, जनजाति, अति विपन्न, अपाङ्गता भएका, किशोरी र अन्य लक्षित समूहलाई छात्रवृत्ति प्रदान गर्रिंदै आएको छ।डिलासैनीगाउँपालिका अन्तर्गत आ.व. २०८०/०८१ मा आधारभूत तह कक्षा ८ र माध्यमिक तह कक्षा १०मा अध्ययनरत विद्यार्थीहरुले कुल ६ लाख रकम विपन्न लक्षित छात्रवृत्ति सुविधा लिएका छन् । यद्यपि, छात्रवृत्तिको वितरण प्रक्रिया, रकमको प्रयाप्तता, लक्षित समूहको पहिचान र अनुगमन प्रणाली अझ सशक्त बनाउनुपर्ने देखिन्छ। विद्यालयस्तरमा छात्रवृत्ति

वितरणबारे अभिलेख, पारदर्शिता र सामाजिक उत्तरदायित्व सम्बन्धी अभ्यासमा एकरूपता छैन।

**चुनौतीहरू**

१. छात्रवृत्ति वितरणको नियमितता र पारदर्शिता कायम राख्न कठिनाइ।
२. सबै लक्षित बालबालिका नसमेटिनु तथा केही वञ्चित वर्ग छुटिनु।
३. छात्रवृत्तिको रकम शिक्षासम्बन्धी आवश्यकताका लागि प्रयाप्त नहुनु।
४. अनुगमन तथा प्रभाव मूल्याङ्कनको अभाव।
५. छात्रवृत्तिको सदुपयोग सुनिश्चित गर्ने प्रणालीको कमजोरी।

**अवसरहरू**

१. संघ, प्रदेश र स्थानीय तहबाट छात्रवृत्तिमा लगानी र प्राथमिकता।
२. विद्यार्थी ट्र्याकिङ प्रणालीको प्रयोगबाट लक्षित विद्यार्थी पहिचानको सम्भावना।
३. समुदाय, विद्यालय व्यवस्थापन समिति र अभिभावकसँगको समन्वयमा पारदर्शिता बढाउने अवसर।
४. दलित, जनजाति, विपन्न, अपाङ्गता भएका बालबालिकाको विद्यालय पहुँचमा सुधार गर्ने अवसर।
५. सामाजिक सुरक्षा, पोषण, लैङ्गिक समानता जस्ता विषयहरूसँग एकीकृत गर्न सकिने सम्भावना।

## ५१..२ उद्देश्य

१. लक्षित वर्गका सबै बालबालिकालाई छात्रवृत्तिबाट विद्यालय शिक्षामा पहुँच र निरन्तरता सुनिश्चित गर्नु।
२. छात्रवृत्तिको प्रभावकारिता, पारदर्शिता र अनुगमन प्रणाली सुदृढ गर्नु।
३. छात्रवृत्तिलाई समावेशी, समानतामूलक र परिणाममुखी बनाउनु।

## ५१..३ रणनीति

१. छात्रवृत्ति वितरणमा आवश्यकता आधारित र समावेशी मापदण्ड अपनाउने।
२. छात्रवृत्तिको उपयोग तथा असर मूल्याङ्कन गर्ने प्रणाली विकास गर्ने।
३. छात्रवृत्तिलाई पोषण, लैङ्गिक समानता, अपाङ्गता र विपन्नता लगायत बहु-आयामीय सूचकसँग जोड्ने।
४. विद्यालय र पालिकास्तरमा अभिलेख व्यवस्थापन प्रणाली मजबुत बनाउने।
५. पारदर्शी र उत्तरदायी वितरण प्रक्रियाका लागि अभिभावक र समुदायको सहभागिता बढाउने।

## ५.१.४**उपलब्धि तथा अपेक्षित नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य**

### उपलब्धि तथा अपेक्षित नतिजाहरू

१. छात्रवृत्तिबाट लक्षित विद्यार्थीको विद्यालय सहभागिता र निरन्तरता सुनिश्चित हुनेछ।
२. विद्यालय छाड्ने दर र अनुपस्थित दरमा कमी आउनेछ।
३. छात्रवृत्तिको वितरण तथा उपयोगमा पारदर्शिता र उत्तरदायित्व वृद्धि हुनेछ।
४. समावेशी तथा समानतामूलक शिक्षामा योगदान पुग्नेछ।

प्रमुख क्रियाकलाप  तथा लक्ष्य

| क्र. स. | सूचक | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | बाँकी ५ वर्ष |
|---|---|---|---|---|---|---|---|
| १ | छात्रवृत्तिबाट लाभान्वित भएका विद्यार्थीहरूको संख्या | IEMIS मा देखिएका सम्पूर्ण विद्यार्थीहरु | | | | | |
| २ | वितरणको अनुगमन तथा सामाजिक उत्तरदायित्व अभ्यास भएका विद्यालयहरूको प्रतिशत | ५ | ३० | ५० | ७० | ९० | १०० |
| ३ | प्राविधिक शिक्षा अध्ययनका लागि छात्रवृत्ति कार्यक्रम | ८ | ७ | ७ | ७ | ७ | ३५ |

### ५.१.५ प्रमुख क्रियाकलाप सञ्चालन गर्न लाग्ने अनुमानित बजेट (रु हजारमा)

| क्र. सं. | मुख्य क्रियाकलाप | ५ वर्ष को अनुमानित बजेट | अनुमानित बजेट | कैफियत |
|---|---|---|---|---|

| | | | | | | | | (बाँकी ५ वर्ष) | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | जम्मा | | संघ, प्रदेश र स्थानीय सरकार तथा गै.स.सं. हरु |
| १ | सामान्य छात्रवृत्ति कार्यक्रम | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० | |
| २ | प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रम | २०० | २०० | २०० | २०० | २०० | १००० | १००० | |

# परिच्छेद ६
# सुशासनतथाव्यवस्थापन

## ६.१ विद्यालय सुशासन तथा व्यवस्थापन

विद्यालय सुशासन भन्नाले शिक्षा प्रणालीमा पारदर्शिता, जवाफदेहिता, सहभागिता, कार्यकुशलता र विधिको पालना सुनिश्चित गर्दै नतिजामूलक सेवा प्रवाह गर्ने प्रक्रिया हो। संघीय संरचनाअनुसार तीन तहका सरकार, विद्यालय, समुदाय र साझेदारहरूको समन्वयमा शासकीय प्रबन्ध मजबुत बनाई शिक्षाको गुणस्तर सुधार गर्न आवश्यक संस्थागत संरचना, क्षमता विकास, र प्रभावकारी अनुगमन प्रणालीको स्थापना जरुरी हुन्छ।

**"शिक्षामा सुशासन भनेको केवल निर्णय गर्ने प्रक्रिया होइन, त्यो निर्णय कार्यान्वयनको जवाफदेही प्रणाली हो।"**

यस परिच्छेदमा सुशासन प्रवर्धन गरी शिक्षा क्षेत्रको यस योजनाको कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरिएको छ । वर्तमान अवस्थाको समीक्षाका आधारमा यस योजानाका अपेक्षित नतिजा प्राप्तिका लागि प्रस्तावित कार्यक्रमहरुको कुशल तथा

प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणाली स्थापित गर्नु आवश्यक देखिन्छ ।

### ६.१.१ वर्तमान अवस्था

डिलासैनी गाउँपालिकाको शैक्षिक सेवा प्रवाहलाई प्रभावकारी र व्यवस्थित बनाउन दक्ष तथा सक्षम जनशक्ति र पर्याप्त स्रोतसाधन आवश्यक छ। जनशक्तिको उचित व्यवस्थापन र संगठनात्मक सुदृढीकरणले कार्य सम्पादनमा वृद्धि ल्याउने भएकाले संस्थागत संरचना र क्षमताको सुधार अपरिहार्य देखिन्छ। बदलिँदो सामाजिक परिवेश, प्रविधि, सञ्चार र संघीय प्रशासनिक व्यवस्थाको सन्दर्भमा तीन तहका सरकारबीचको अधिकार र दायित्व स्पष्ट गर्दै शैक्षिक सुशासन प्रवर्धन गर्न संस्थागत सुधार अनिवार्य छ।

हाल डिलासैनी गाउँपालिकाभित्रका ५६ वटै विद्यालयहरूको समग्र व्यवस्थापनका लागि गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत शिक्षा, युवा तथा खेलकूद शाखा क्रियाशील छ। शाखामा शिक्षा सेवा अधिकृत (श्रेणी ६) एकजना र शिक्षा सहायक (श्रेणी ५) एकजना गरी जम्मा दुईजनाको दरबन्दी रहेको छ। सो शाखाको प्रमुख जिम्मेवारीमा पालिकास्तरीय शैक्षिक नीति तथा योजना विकास, विद्यालयहरूसँग समन्वय, शिक्षा मापदण्ड निर्धारण, अनुगमन तथा मूल्याङ्कन कार्यको सहजीकरण पर्दछ।

तर संघीय शिक्षा ऐन हालसम्म जारी नभएकाले प्रदेश र स्थानीय तहमा शिक्षा सम्बन्धी कानुन निर्माण तथा परिमार्जनमा ढिलाइ भएको छ। यसले शिक्षाका

विविध पक्षहरूलाई व्यवस्थापन गर्न चुनौती सिर्जना गरेको छ। परिणामस्वरूप, नीति र कार्यान्वयनबीच अन्तरविरोध देखिएको र शैक्षिक सुशासनमा बाधा पुगेको अवस्था विद्यमान छ।

**चुनौतीहरू**

१. संघीय शिक्षा ऐनको अभावले नीति, कार्यक्रम तथा कार्यान्वयनबीच समन्वयमा समस्या।
२. स्थानीय स्तरमा शिक्षा सम्बन्धी कानुनी ढाँचा तथा मापदण्डको अपुगता।
३. शिक्षाको व्यवस्थापमा जनशक्तिको संख्या र क्षमता दुबै अपर्याप्त ।
४. अनुगमन, मूल्याङ्कन र प्रतिवेदन प्रणाली कमजोर।
५. प्रविधिको सीमित प्रयोग र डिजिटल साक्षरताको अभाव।
६. विद्यालय र पालिकाबीच समन्वय तथा सहकार्य प्रणाली कमजोर।
७. पारदर्शिता र जवाफदेहिताको सुनिश्चितता चुनौतीपूर्ण।

**अवसरहरू**

१. संघीय संरचनाअनुसार स्थानीय तहमा शिक्षा नीति निर्माण तथा कार्यान्वयनको अधिकार।
२. समुदाय तथा अभिभावकहरूको बढ्दो सहभागिता र चासो।
३. प्रविधिमा द्रुत विकासले डिजिटल प्रशासन र अनुगमन प्रणाली स्थापना गर्ने सम्भावना।
४. विकास साझेदारहरूको प्राविधिक तथा वित्तीय सहयोग।
५. विद्यालय व्यवस्थापन समितिहरू, गाउँ शिक्षा समिति तथा स्थानीय सरकारबीच सहकार्य विस्तारको सम्भावना।
६. संविधानले शिक्षा अधिकारलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेकाले

सुशासन प्रवर्द्धनको कानुनी आधार सुदृढ।

७. दक्ष जनशक्ति उत्पादन र व्यवस्थापनका लागि क्षमता विकास कार्यक्रम सञ्चालनको सम्भावना।

## ६.१.२ उद्देश्य

१. सुशासनको सिद्धान्त अनुसार पारदर्शिता, जवाफदेहिता र समावेशितामा आधारित विद्यालय व्यवस्थापनगर्नु।

२. संघीय संरचनाअनुसार स्थानीय तहमा शिक्षा सेवा प्रवाहलाई प्रभावकारी बनाउनु।

३. दक्ष जनशक्ति उत्पादन र क्षमता विकास गर्दै शैक्षिक नेतृत्व सुदृढ बनाउनु।

४. सूचना प्रविधि र अनुगमन-मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउनु।

५. विद्यालय सुधार योजनाको प्रभावकारी कार्यान्वयन गर्नु ।

६. विद्यालय, समुदाय रसरकारबीच समन्वय तथा सहकार्यलाई मजबुत बनाउन सहयोग गर्नु।

## ६१..३ रणनीति

१. संघीय, प्रादेशिक र स्थानीय तहमा शैक्षिक कानुन, नियमावली र मापदण्ड तयार पार्न सहयोग गर्ने ।

२. शिक्षा शाखा तथा विद्यालय व्यवस्थापन समितिका सदस्यहरूको क्षमता विकासका लागि तालिम सञ्चालन गर्ने ।

३. सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी शिक्षा प्रशासन र अनुगमन प्रक्रियालाई डिजिटल बनाउन पहल गर्ने ।

४. विद्यालय र पालिकाबीच नियमित संवाद र समन्वयका लागि संरचना

विकास गर्ने ।

५. नीति, योजना, अनुगमन तथा मूल्याङ्कनका लागि प्रभावकारी प्रणाली स्थापना गर्ने ।

६. विद्यालय सुधार योजना तयार गरि त्यसको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने ।

### ६.१.४उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप लक्ष्य

**अपेक्षित उपलब्धिहरू**

१. संघीय शिक्षा ऐन जारी भई स्थानीय तहमा शिक्षा सम्बन्धी कानुनी व्यवस्था स्पष्ट र सुदृढ हुने।

२. दक्ष र सक्षम जनशक्तिको संख्यामा वृद्धि भई विद्यालय व्यवस्थापन सुधारिने।

३. डिजिटल शिक्षा प्रशासन प्रणाली कार्यान्वयनमा आउने।

४. अनुगमन र मूल्याङ्कन प्रणाली प्रभावकारी हुने।

५. विद्यालय, समुदाय र स्थानीय सरकारबीच सहकार्य र समन्वय मजबुत हुने

६. विद्यालय सुधार योजना तयार गरि त्यसको प्रभावकारी कार्यान्वयन सुनिश्चित हुने।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | बाँकी ५ वर्ष |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेतृत्व | ३ | ३ | ३ | ३ | १ | १३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक संख्या | | | | | | |
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक संख्या | ३ | २ | २ | १ | | ८ |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय संख्या | ५६ | | | | | ५६ |
| ४ | विद्यालयसुधार योजनाको प्रभावकारी कार्यान्वयन गर्ने विद्यालय संख्या | ५६ | | | | | ५६ |
| ५ | प्रचलित कानूनमा | ५६ | | | | | ५६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | व्यवस्था भए बमोजिम प्रधानाध्यापक नियुक्त गर्ने माध्यमिक विद्यालय संख्या | | | | | | |

### ६.१.५ प्रमुख क्रियाकलाप सञ्चालन गर्न लाग्ने अनुमानित बजेट (रु हजारमा)

| क्र.सं. | मुख्य क्रियाकलाप | अनुमानित बजेट ५ वर्ष | | | | | | ५ वर्षको बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | क्षमता विकास तालिम | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ | संघ, प्रदेश, स्थानीय सरकार र गै.स.सं. |
| २ | सामाजिक परीक्षण | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ | |
| ३ | विद्यालय सुधार योजना कार्यान्वयन | १० | १० | १० | १० | १० | ५० | ५० | |
| ४ | शैक्षिक अनुगमन तथा मूल्याङ्कन कार्यक्रम | १० | १० | १० | १० | १० | ५० | ५० | |
| ५ | शिक्षा सुशासन तथा प्रवर्द्धन | १ | १० | १० | १० | १० | ५० | ५० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम | ० | | | | | | | |

## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

स्थानीय शिक्षा योजना प्रभावकारीरूपमा कार्यान्वयन गर्न समन्वित र संरचित व्यवस्थापन अपरिहार्य हुन्छ। योजनाको सफल कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना, जिम्मेवारी बाँडफाँड, स्रोत साधनको व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास र सरोकारवालाको सक्रिय सहभागिता अनिवार्य हुन्छ। संघीय संरचनाअनुसार गाउँपालिकाले आफ्नो अधिकार प्रयोग गरी योजना कार्यान्वयनमा नेतृत्व लिनुपर्छ। विद्यालय, समुदाय र विकास साझेदारबीच सहकार्य गरी नीति, कार्यक्रम र बजेट कार्यान्वयन गर्नुपर्ने आवश्यकता छ। परिणाममुखी कार्यान्वयन सुनिश्चित गर्न नियमित प्रगति अनुगमन, सामाजिक उत्तरदायित्व अभ्यास र प्रतिवेदन प्रणाली मजबुत बनाइनु पर्दछ।

### ६.२.१ वर्तमान अवस्था

डिलासैनी गाउँपालिकाले स्थानीय शिक्षा योजना (SESP) निर्माणको थालनी गरिसकेको छ तर योजनाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक प्राविधिक संरचना, मानव स्रोत र स्पष्ट कार्यविभाजनको कमी छ। शिक्षा शाखामा सीमित जनशक्ति, अनियमित अनुगमन प्रणाली र योजना कार्यान्वयनमा विद्यालयस्तरको स्वामित्व न्यून रहेको छ। योजनालाई स्थानीय सरकारको वार्षिक कार्यक्रम तथा बजेटसँग समायोजन गर्ने प्रक्रिया कमजोर छ।

**चुनौतीहरू**

१. योजना कार्यान्वयनमा स्पष्ट कार्यविभाजनको अभाव।
२. प्राविधिक जनशक्ति तथा कार्यान्वयन क्षमताको कमी।
३. स्रोतसाधनको सीमितता र बजेटको असमान वितरण।
४. विद्यालयहरूमा योजनाको स्वामित्व र सहभागिता कम हुनु।
५. अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणाली कमजोर हुनु।

**अवसरहरू**

१. संघीय संरचनाअनुसार स्थानीय तहलाई शिक्षा योजना कार्यान्वयनको अधिकार।
२. समुदाय र विद्यालय व्यवस्थापन समितिको सक्रिय सहभागिताको सम्भावना।
३. विकास साझेदारबाट प्राविधिक तथा वित्तीय सहयोगको अवसर।
४. सूचना प्रविधिको प्रयोगमार्फत अनुगमन प्रणाली सुधार गर्ने सम्भावना।
५. वार्षिक बजेट र नीतिसँग योजना समायोजन गर्ने सम्भावना।

## ६.२.२ उद्देश्य

१. स्थानीय शिक्षा योजनाको प्रभावकारी, समावेशी र नतिजामुखी कार्यान्वयन सुनिश्चित गर्नु।
२. कार्यान्वयन क्षमताको सुदृढीकरण गरी स्रोत, संरचना र प्रणाली प्रभावकारी बनाउनु।
३. विद्यालय र समुदायको स्वामित्व र सहभागिता अभिवृद्धि गर्नु।
४. अनुगमन र मूल्याङ्कन प्रणालीलाई संस्थागत गर्नु।

## ६.२.३ रणनीति

१. स्थानीय शिक्षा योजनालाई पालिकाको वार्षिक योजना र बजेटसँग समायोजन गर्ने ।

२. कार्यान्वयनका लागि शिक्षा शाखा, विद्यालय र समुदायबीच स्पष्ट कार्यविभाजन निर्धारण गर्ने ।

३. शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति र सरोकारवालाहरूको क्षमता विकास गर्ने ।

४. योजना कार्यान्वयनमा प्रविधिको प्रयोग गर्दै नियमित अनुगमन र प्रतिवेदन प्रणाली विकास गर्ने ।

५. विद्यालय सुधार योजनालाई SESP सँग जोडेर कार्यान्वयनलाई एकीकृत बनाउने ।

### ६.२.४उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**अपेक्षित उपलब्धिहरू**

१. स्थानीय शिक्षा योजना प्रभावकारी ढंगले कार्यान्वयन हुनेछ।
२. शिक्षा शाखा र विद्यालयहरूको कार्यान्वयन क्षमता वृद्धि हुनेछ।
३. योजना कार्यान्वयनमा विद्यालय र समुदायको सक्रिय सहभागिता हुनेछ।
४. अनुगमन र मूल्याङ्कन प्रणाली नियमित र परिणाममुखी हुनेछ।
५. योजना, कार्यक्रम र बजेटबीच समन्वय कायम हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २० | २० | २० | २० | २० | | |

| | | | ८२ | ८३ | ८४ | ८५ | ८६ | बाँकी ५ वर्ष | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | SESP अनुसार कार्यान्वयन भएका कार्यक्रमहरू को प्रतिशत | प्रति शत | २० | ४० | ५० | ६० | ८० | १०० | |
| २ | पालिकाको वार्षिक बजेटमा योजना समायोजन भएको अनुपात | अनु पात | १:२० | १:४० | १:५० | १:६० | १:८० | १:१०० | |
| ३ | योजना कार्यान्वयन मा संलग्न जनशक्तिको क्षमता विकास तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ४ | स्थानीय | प्रति | २० | ३५ | ५० | ६५ | ८० | १०० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | शिक्षा योजनामा विद्यालय र समुदायको सहभागिता दर (% मा) | शत | | | | | | | |
| ५ | शैक्षिक तथ्याङ्क व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ६ | विद्यालय सुधार योजना अनुसारका क्रियाकलापहरुको संख्या | प्रतिशत | २० | ३५ | ५० | ६५ | ८० | १०० | |

### ६.२.५ प्रमुख क्रियाकलाप सञ्चालन गर्न लाग्ने अनुमानित बजेट (रु हजारमा)

| क्र.सं. | मुख्य क्रियाकलाप | अनुमानित बजेट ५ वर्ष | | | | | | ५ वर्षको बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | कानुन,कार्यविधि र निर्देशिका निर्माण | १५० | १५० | १५० | १५० | १५० | ७५० | ७५० | संघ, प्रदेश, स्थानीय |
| २ | समिति तथा उपसमिति निर्माण तथा अभिमुखीकरण | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५०० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | शैक्षिक तथ्याङ्क व्यवस्थापन | ५० | ५० | ५० | ५० | ५० | २५० | २५० | सरकार र गै.स.सं. |
| ४ | सरोकारवालाहरुसँग अन्तर्क्रिया तथा छलफल | १५० | १५० | १५० | १५० | १५० | ७५० | ७५० | |

# परिच्छेद ७
# लगानी र स्रोत व्यवस्थापन

शिक्षा क्षेत्रको सशक्तिकरणका लागि दीर्घकालीन सोच अनुरूप लगानी अपरिहार्य हुन्छ। बालबालिकाको शिक्षामा गरिएको लगानीले व्यक्ति, समाज र राष्ट्रको दिगो विकासमा योगदान पुऱ्याउँछ। शिक्षामा राज्यको लगानीले सबै बालबालिकालाई पहुँच सुनिश्चित गर्ने, गुणस्तरीय शिक्षाको प्रत्याभूति गर्ने र स्रोतको समतामूलक वितरण तथा उपयोग सुनिश्चित गर्ने उद्देश्य राख्दछ।

नेपालको संविधानअनुसार सशर्त, समानीकरण, समपूरक र विशेष अनुदानमार्फत संघीय, प्रदेश र स्थानीय तहमा वित्तीय हस्तान्तरणको व्यवस्था छ। यिनका साथै स्थानीय तहले आफ्नै स्रोतबाट पनि शिक्षा क्षेत्रमा बजेट विनियोजन गर्न सक्छ।

शिक्षामा लगानी गर्दा स्रोत पहिचान, एकीकरण, वितरण र उपयोगका पक्षहरूमा ध्यान पुऱ्याउनु आवश्यक हुन्छ। यस योजनाले वर्तमान अवस्थाको विश्लेषण गरी चुनौतीहरू पहिचान गरेको छ र तिनको समाधानका लागि उद्देश्य, रणनीति, स्रोतको आकलन, लगानीका क्षेत्र र लागत अनुमान प्रस्तुत गरिएको छ।

## ७.१. वर्तमान अवस्थाः

# विद्यालय शिक्षा क्षेत्र योजना, २०८२-२०९२

शिक्षा क्षेत्रमा संघीय, प्रदेश र स्थानीय तहबाट बजेट विनियोजन भई आएको भए तापनि तिनको समन्वय र प्रभावकारी प्रयोगमा कमजोरी देखिन्छ। समग्र बजेटको अनुपातमा शिक्षामा विनियोजन हुने रकम अन्य क्षेत्रको तुलनामा अपेक्षाकृत न्यून रहेको छ। संघीय सरकारबाट प्रदान गरिने विभिन्न अनुदान, विशेषतः सशर्त अनुदान, समयमै नआउने तथा प्रयोग प्रक्रियामा जटिलता रहने समस्या विद्यमान छ। विद्यालयहरूमा योजना निर्माण, बजेट तर्जुमा, कार्यान्वयन र खर्च व्यवस्थापनसम्बन्धी प्रणाली तथा जनशक्ति सीपको अभाव छ। यसले गर्दा बजेटको प्रभावकारी उपयोगमा कठिनाइ हुँदै आएको छ। विद्यालय सुधार योजना तथा स्थानीय शिक्षा योजनासँग बजेट र कार्यक्रमको समायोजन नगरीकन बजेट खर्च हुने प्रवृत्तिले शैक्षिक लगानीको प्रभावकारिता घटाएको छ।

## चुनौतीहरू

१. शिक्षा क्षेत्रमा कुल बजेटको न्यून हिस्सा मात्र विनियोजन हुनु।
२. स्रोतको दोहोरोपना, असमान वितरण तथा खर्चको प्रभावकारिता कमजोर हुनु।
३. स्रोत व्यवस्थापन तथा अनुगमन प्रणालीको अभाव।
४. स्थानीय तह र विद्यालयमा योजना तथा बजेट निर्माण क्षमताको कमी।
५. साझेदारी संस्थाहरू का कार्यक्रम र स्रोतहरूको अभिलेखिकरण तथा समन्वय कमजोर हुनु।

## अवसरहरू

१. संघीयता कार्यान्वयनसँगै स्थानीय तहलाई शिक्षा क्षेत्रमा बजेट विनियोजन गर्ने अधिकार।

२. शिक्षा ऐन, नीति, तथा संघीय वित्तीय प्रणालीले स्रोत व्यवस्थापनको कानुनी आधार प्रदान गरिरहेको अवस्था।
३. साझेदार संस्थाहरूको प्राविधिक तथा वित्तीय सहयोगको सम्भावना।
४. शिक्षा योजनाको कार्यान्वयनमार्फत स्रोत व्यवस्थापनको सुधार गर्ने अवसर।

### ७.२उद्देश्य.

१. शिक्षा क्षेत्रमा समावेशी, समतामूलक र पारदर्शी ढंगले स्रोतको परिचालन र लगानी प्रणाली सुदृढ गर्ने।

### ७.३ रणनीतिहरू

१. संघीय, प्रदेश, स्थानीय तह र साझेदार संस्थाहरूबीच स्रोतको समन्वय तथा साझा कार्ययोजना तयार गर्ने।
२. विद्यालय तहसम्म बजेट तर्जुमा, उपयोग, अनुगमन र प्रतिवेदन प्रणाली सुदृढ गर्ने।
३. शिक्षा क्षेत्रमा स्रोत परिचालनका लागि साझेदारी विकास र निजी क्षेत्रको संलग्नता प्रवर्द्धन गर्ने।
४. विद्यालयको सुधार योजना र स्थानीय शिक्षा योजनासँग बजेट र कार्यक्रमको समायोजन गर्ने।
५. शिक्षामा विनियोजित बजेटको पारदर्शिता, परिणाममुखी खर्च र सार्वजनिक सामाजिक उत्तरदायित्व प्रवर्द्धन गर्ने।

### ७.४उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप लक्ष्य

**अपेक्षित उपलब्धिहरू**

१. शिक्षा क्षेत्रका लागि पर्याप्त र समतामूलक स्रोत विनियोजन सुनिश्चित हुनेछ।
२. विद्यालय स्तरमा बजेटको योजनाबद्ध, पारदर्शी र प्रभावकारी प्रयोग हुनेछ।
३. साझेदारी संस्थाको स्रोत अभिलेखिकरण, समन्वय र प्रयोग सशक्त हुनेछ।
४. स्रोत व्यवस्थापनमा पारदर्शिता र जवाफदेहिता कायम हुनेछ।

## ७.५ अनुमानित बजेट

### क) संघीय सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापहरुमा प्राप्तहुने अनुमानित बजेट

| क्र. सं. | अनुदान प्राप्त क्रियाकलाप | | | | | | ५ वर्षको जम्मा | बाँकी ५ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | |
| १ | प्रारम्भिक बाल विकास र शिक्षा | १७५०० | १७५०० | १७५०० | १७५०० | १७५०० | ८७५०० | ८७५०० |
| २ | आधारभूत शिक्षा | १५००० | १५००० | १५००० | १५००० | १५००० | ७५००० | ७५००० |
| ३ | माध्यमिक शिक्षा | १२५०० | १२५०० | १२५०० | १२५०० | १२५०० | २५००० | २५००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | प्राविधिक तथा व्यावसायिक शिक्षा | ७०० | ८५० | ९५० | ११०० | १४०० | ५००० | ५००० |
| ५ | अनौपचारिक तथा जीवनपर्यन्त शिक्षा | १२०० | १२०० | १२०० | १२०० | १२०० | ६००० | ६००० |

**ख) प्रदेश सरकारबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापहरुमा प्राप्तहुने अनुमानित बजेट**

| क्र. स. | अनुदान प्राप्त क्रियाकलाप | | | | | | ५ वर्षको जम्मा | बाँकी१० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | |
| १ | प्रारम्भिक बाल विकास र शिक्षा | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | १५०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | आधारभूत शिक्षा | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | २५००० |
| ३ | माध्यमिक शिक्षा | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | २५००० |
| ४ | प्राविधिक तथा व्यावसायिक शिक्षा | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | २५००० |
| ५ | अनौपचारिक तथा जीवनपर्यन्त शिक्षा | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | १५०० |

**ग) स्थानीय सरकारबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापहरुमा प्राप्तहुने अनुमानित बजेट**

| **क्र.स.** | **अनुदान प्राप्त क्रियाकलाप** | | | | | | **५ वर्षको जम्मा** | **बाँकि १० वर्षको जम्मा** |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | |
| १ | प्रारम्भिक बाल विकास र | १५० | १५० | १५० | १५० | १५० | ७५० | ७५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | शिक्षा | | | | | | | |
| २ | आधारभूत शिक्षा | २३० | २३० | २३० | २३० | २३० | ११५० | ११ |
| ३ | माध्यमिक शिक्षा | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | १५ |
| ४ | प्राविधिक तथा व्यावसायिक शिक्षा | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५० |
| ५ | अनौपचारिक तथा जीवनपर्यन्त शिक्षा | ५० | ५० | ५० | ५० | ५० | २५० | २५ |

**घ) अन्य संघसंस्थाहरुबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क्र.स. | सहयोग अनुदान उपलब्ध गराउने गैससहरु | | | | | | बाँकी ५ वर्षको जम्मा बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | |
| १ | प्रारम्भिक | ९२० | ९२० | ९२० | ९२० | ९२० | ४६००० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | बाल विकास र शिक्षा | ० | ० | ० | ० | ० | | |
| २ | आधारभूत शिक्षा | १६५०० | १६५०० | १६५०० | १६५०० | १६५०० | ८२५०००० | |
| ३ | माध्यमिक शिक्षा | १६५०० | १६५०० | १६५०० | १६५०० | १६५०० | ८२५०००० | |
| ४ | प्राविधिक तथा व्यावसायिक शिक्षा | १०० | १०० | १०० | १०० | १०० | ५०० | |
| ५ | अनौपचारिक तथा जीवनपर्यन्त शिक्षा | १०० | १०० | १०० | १०० | १०० | ५०० | |

## ७.६ योजनाको वार्षिक योजना तर्जुमा प्रक्रिया

माथिको तालिकामा तयार भएको बजेटको लागि श्रोतको अनुमान गर्दा संघ, प्रदेश तथा स्थानीय तहबाट प्राप्त हुने  प्रस्तावित बजेट तथा विभिन्न संघ संस्थाबाट कार्यान्वयन हुने क्रियाकलापको समेत हिसाब गरि बजेटको अनुमान गरिएको छ । यसरी योजनामा पाँच वर्षका लागि आवश्यक पर्ने व्यहोर्ने

श्रोतको हिसाब गर्दा अपुग हुने बजेट समेत उल्लेख गरि सोका लागि श्रोत पूर्तिका विकल्पको समेत प्रस्तावना गरिएको छ ।

### ७.७ योजना कार्यान्वयनका लागि वार्षिक रणनीति कार्यान्वयन योजना

योजना कार्यान्वयन गर्दा वार्षिक रुपमा तय भएका योजना तथा कार्यक्रमलाई वार्षिक रुपमा संघ, प्रदेश र स्थानीय तहको नीति तथा कार्यक्रमका आधारमा वार्षिक रुपमा श्रोत सुनिश्चतताका आधारमा वार्षिक रणनीति तथा कार्यान्वयन योजना निर्माण गरिएको छ । योजना निर्माण गर्दा स्थानीय तहको पाँच वर्षे वजेट सहितको वार्षिक योजनामा उल्लेखित क्रियाकलापलाई केन्द्रित भई वार्षिक वजेट तथा कार्यक्रम तयार गरि कार्यान्वयन रणनीति तयार गरिएको छ ।

# परिच्छेद ८

## अनुगमन तथा मूल्याङ्कन

स्थानीय तहमा सञ्चालित शैक्षिक कार्यक्रमहरूको प्रभावकारिता, पारदर्शिता र नतिजामुखी कार्यान्वयन सुनिश्चित गर्न अनुगमन तथा मूल्याङ्कन अपरिहार्य हुन्छ। स्रोत र साधनहरूको विनियोजन तथा प्रयोग, निर्धारित कार्यतालिका अनुसार क्रियाकलापहरूको प्रगति, र प्राप्त उपलब्धिको मूल्याङ्कन गर्न एक सशक्त अनुगमन संयन्त्र आवश्यक छ। अनुगमन कार्यक्रम सञ्चालनको चरणमा गरिन्छ भने मूल्याङ्कन कार्यक्रमको प्रभाव र प्रतिफल बुझ्न कार्यक्रम सकिएपछि वा साथसाथै गरिन्छ। डिलासैनी गाउँपालिकामा सञ्चालन भइरहेका विद्यालय, बालविकास केन्द्र, सिकाइ केन्द्र तथा संस्थागत विद्यालयहरूमा शिक्षा क्षेत्रको अनुगमन र मूल्याङ्कनलाई नियमित, परिणाममुखी र उत्तरदायी बनाउने उद्देश्यले योजना निर्माणदेखि कार्यान्वयनसम्मका सबै चरणमा आवश्यक नीति, ढाँचा, साधन र प्रतिवेदन प्रणालीको विकास र उपयोग गरिएको छ।

**"मापन नगरेसम्म सुधार सम्भव हुँदैन, र प्रभाव मूल्याङ्कन नगरेसम्म सफलता प्रमाणित गर्न सकिँदैन।"**

यो अवधारणाका आधारमा, डिलासैनी गाउँपालिकाले अनुगमन तथा मूल्याङ्कनलाई शिक्षाको गुणस्तर अभिवृद्धिको मेरुदण्डका रूपमा लिएको छ।

### ८ १.**वर्तमान अवस्था**

डिलासैनी गाउँपालिकामा अनुगमन तथा मूल्याङ्कन कार्यलाई योजनाको अभिन्न अङ्गको रूपमा लिने गरिएको छ। गाउँ शिक्षा समिति र शिक्षा शाखाको नेतृत्वमा विद्यालयहरूको नियमित अनुगमन हुँदै आएको छ। विद्यालय क्षेत्र

विकास योजना, चालु आवधिक योजना, र नेपाल सरकारका नीति तथा कार्यक्रमहरूलाई आधार बनाई आवश्यक विवरण सरोकारवाला निकायमा पठाउने कार्य समेत भइरहेको छ। तर, विद्यालय निरीक्षक र स्रोत व्यक्ति नहुनु, तथा जनशक्ति र स्रोतसाधनको अभावजस्ता समस्याहरू अझै विद्यमान छन्।

## चुनौतीहरू

१. मापनयोग्य सूचकहरूको अभाव र सम्बन्धित दक्ष जनशक्ति नहुनु।
२. पर्याप्त स्रोतसाधन नहुनाले अनुगमन कार्य प्रभावकारी बन्न नसक्नु।
३. सूचना प्रविधिको न्यून प्रयोग।
४. स्पष्ट अधिकारयुक्त अनुगमन संयन्त्रको अभाव।
५. विद्यालय निरीक्षण प्रणाली र स्रोत व्यक्तिको व्यवस्था नहुनु।
६. विद्यालयस्तरमा अनुगमन गर्ने सीपयुक्त जनशक्तिको अभाव।
७. साझेदार संस्था तथा स्थानीय संरचनाको न्यून संलग्नता।

## अवसरहरू

१. संघ, प्रदेश र स्थानीय सरकारबीच समन्वय गरेर एकीकृत अनुगमन प्रणाली विकास गर्ने अवसर।
२. IEMIS प्रणालीका सूचकहरूको प्रयोगमार्फत डेटा आधारित अनुगमनको सम्भावना।
३. स्थानीय विज्ञ समूह तथा दक्ष शिक्षकहरूको सहयोगबाट कार्यक्रम अनुगमन सुदृढ गर्ने अवसर।
४. गोष्ठी, कार्यशाला र तालिममार्फत अनुगमन क्षमताको विकास गर्ने सम्भावना।

५. शिक्षा योजनाको कार्यान्वयनमार्फत परिणाममुखी मूल्याङ्कन प्रणाली निर्माण गर्ने सम्भावना।

६. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र साझेदार संस्थालाई अनुगमनमा समावेश गरेर उत्तरदायित्व बढाउने अवसर।

## ८.२ उद्देश्य

१. स्रोतसाधनको उपयुक्त उपयोग सुनिश्चित गर्दै प्रतिफलमुखी अनुगमन व्यवस्था विकास गर्नु।

२. योजनाको निर्माणदेखि कार्यान्वयनसम्म मूल्याङ्कन गरी आवश्यकतामा आधारित सुधार सुनिश्चित गर्नु।

## ८.३ रणनीति

१. संघीय, प्रदेश तथा स्थानीय सरकारबीच समन्वयात्मक अनुगमन तथा मूल्याङ्कन प्रणाली लागू गर्ने।

२. गाउँपालिका स्तरीय अनुगमन तथा मूल्याङ्कन समिति गठन गरी समग्र शैक्षिक कार्यक्रमको अनुगमन गर्ने।

३. IEMIS प्रणालीलाई सुदृढ गर्दै सूचकको आधारमा अनुगमन गर्ने।

४. जनप्रतिनिधि तथा शिक्षा शाखाबाट नियमित रूपमा अनुगमन सुनिश्चित गर्ने।

५. विद्यालय व्यवस्थापन समितिलाई समावेश गरेर विद्यालयस्तरको अनुगमन प्रणाली कार्यान्वयन गर्ने।

६. स्थानीय विज्ञ समूहको जिम्मेवारी बढाएर अनुगमन व्यवस्थित बनाउने।

७. कक्षाकोठा-आधारित शिक्षक सहयोग प्रणाली विकास गर्ने।

८. शिक्षा निकायहरूको क्षमता अभिवृद्धिका लागि गोष्ठी, कार्यशाला आयोजना गर्ने।

## ८.४अपेक्षित उपलब्धि,प्रमुख क्रियाकलाप र लक्ष्य

### अपेक्षित उपलब्धिहरू

१. योजनाको कार्यान्वयनका क्रममा उत्पन्न समस्या समयमै सम्बोधन भई लक्षित उपलब्धि हासिल हुनेछ।
२. आवश्यकता आधारित योजना निर्माणका लागि गुणस्तरीय पृष्ठपोषण प्राप्त हुनेछ।
३. सूचकमा आधारित अनुगमन प्रणाली कार्यान्वयनमा आउनेछ।
४. अनुगमनकै आधारमा नतिजामा सुधार हुनेछ।
५. अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक संरचना र जनशक्ति विकास हुनेछ।
६. विद्यार्थी उपलब्धि तथा विद्यालय कार्यसम्पादन परीक्षण थप नियमित, वैज्ञानिक र परिणाममुखी हुनेछ।

### नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य बाँकी ५ वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | |
| १ | एकिकृत शैक्षिक | पटक | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | अनुगमन तथा मूल्यांकन संयन्त्रको निर्माण | | | | | | | | |
| २ | नतिजाका आधारमा अनुगमन सूचकहरु तयारी र अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३ | वार्षिक तथा चौमासिक समीक्षा प्रतिवेदन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ४ | विद्यार्थी सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ५ | विद्यालयको | पट | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यसम्पादन परीक्षण | क | | | | | | | |
| ६ | वडास्तरीय अनुगमन प्रणालीको विकास तथा कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ७ | विद्यालयहरुको लेखापरीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | |

## ८.५ प्रमुख क्रियाकलाप सञ्चालन गर्न लाग्ने अनुमानित बजेट (रु हजारमा)

| क्र.सं. | मुख्य क्रियाकलाप | अनुमानित बजेट ५ वर्ष | | | | | | ५ वर्षको बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | कानुन,कार्यविधि र निर्देशिका निर्माण | १५० | १५० | १५० | १५० | १५० | ७५० | ७५० | संघ, प्रदेश, स्थानीय |
| २ | समिति तथा उपसमिति निर्माण तथा अभिमुखीकरण | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५०० | |

## विद्यालय शिक्षा क्षेत्र योजना, २०८२-२०९२

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | सिकाई उपलब्धी परीक्षण | १५० | १५० | १५० | १५० | १५० | ७५० | ७५० | सरकार र गै.स.सं. |
| ४ | वार्षिक समीक्षा | ५० | ५० | ५० | ५० | ५० | २५० | २५० | |
| ५ | विद्यालयको कार्य सम्पादन परीक्षण र लेखा परीक्षण | ५० | ५० | ५० | ५० | ५० | २५० | २५० | |
| ६ | नियमित अनुगमन तथा मूल्याङ्कन | २०० | २०० | २०० | २०० | २०० | १००० | १००० | |

**सन्दर्भ सामग्री**


१. नेपालको संविधान, २०७२, कानुन किताब व्यवस्था समिति

२. उच्च स्तरीय कार्यदलका प्रतिवेदन २०५५, शिक्षा मन्त्रालय, काठमाण्डौं

३. उच्च स्तरीय कार्यदलका प्रतिवेदन २०५८, शिक्षा मन्त्रालय, काठमाण्डौं

४. चौधौं (त्रिवर्षीय) योजना (२०७३) राष्ट्रिय योजना आयोगको सचिवालय, काठमाण्डौं

५. विद्यालय क्षेत्र सुधार कार्यक्रम मूल दस्तावेज (२०६६–२०७२) शिक्षा मन्त्रालय, काठमाण्डौं

६. विद्यालय क्षेत्र विकास कार्यक्रम (२०७३–२०८०), शिक्षा मन्त्रालय, काठमाण्डौं

७. राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन, केन्द्रीय तथ्याङ्क विभाग, थापाथली काठमाण्डौं

८. शिक्षा ऐन (संशोधन सहित), २०२८, कानुन किताब व्यवस्था, समिति, काठमाण्डौं

९. शिक्षा नियमावली (संशोधन सहित), २०५९ कानुन किताब व्यवस्था समिति, काठमाण्डौं

१०. स्थानीय सरकार सञ्चालन ऐन २०७४, कानुन किताब व्यवस्था समिति,काठमाण्डौं

११. निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५, कानुन किताब व्यवस्था समिति,काठमाण्डौं

१२. दिगो विकास लक्ष्य २०१७-३० राष्ट्रिय योजना आयोग, काठमाण्डौं

१३. उच्च स्तरीय कार्यदलको प्रतिवेदन शिक्षा मन्त्रालय, काठमाण्डौं

१४. नेपाल सरकारको कार्यक्रम बजेट २०८०/८१ , काठमाण्डौं

१५. १६ औं योजनाको आधारपत्र

१६. Emis रिपोर्ट डिलासैनीगाउँपालिका

१७. सरोकारवालाहरूसँगको छलफल